
पुस - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २६, अङ्क १७ | २०७४, पुस १–१५ | पूर्णाङ्क ६११



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नहकुल सुवेदी** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **कायम मुकायम रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १४ |
| इजलास नं. १ | ११ |
| इजलास नं. २ | ६ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | १० |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | ५ |
| इजलास नं. ७ | ५ |
| इजलास नं. ८ | ४ |
| इजलास नं. ९ | ६ |
| जम्मा | ६८ |

| | |
|---|---|
| इजलास नं. १० | ४ |
| इजलास नं. ११ | ४ |
| इजलास नं. १२ | ४ |
| इजलास नं. १३ | ४ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | २ |
| इजलास नं. १६ | ३ |
| इजलास नं. १७ | १ |
| जम्मा | २४ |

**कूल जम्मा ६८ + २४ = ९२**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, पुस – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - १२** |
| १. | कुटपिट अङ्गभङ्ग | नेपाल सरकार वि. सुरेश रायसमेत | |
| २. | लागु औषध डाइजेपाम नुर्फिन | नेपाल सरकार वि. केशाङ लामासमेत | |
| ३. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. गोरख मुखिया बिन | |
| ४. | लागु औषध हेरोइन | नेपाल सरकार वि. फिरोज शेषसमेत | |
| ५. | डाँका चोरी | नेपाल सरकार वि. श्याम भन्ने घनश्याम पौडेलसमेत | |
| ६. | वैदेशिक रोजगार ठगी | सानुमैया श्रेष्ठ वि. नेपाल सरकार | |
| ७. | सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ अन्तर्गतको कसुर अपराध | नेपाल सरकार वि. खुलबहादुर खड्का | |
| ८. | भ्रष्टाचार (अनियमितता) | नेपाल सरकार वि. पवनकुमार झा | |
| ९. | उत्प्रेषण | डा.सरोश हैद्री वि. त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालय, महाराजगन्जसमेत | |
| १०. | डाँका | नेपाल सरकार वि. विनोद सुनारसमेत | |
| ११. | अपहरण तथा शरीरबन्धक | नेपाल सरकार वि. प्रेमप्रकाश पुनसमेत | |
| १२. | ठगी | नेपाल सरकार वि. बलबहादुर कुँवरसमेत | |
| १३. | अपहरण तथा शरीरबन्धक | रामप्रसाद यादव वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **१२ - २०** |
| १४. | कर्तव्य ज्यान | राजकुमार तामाङ वि. नेपाल सरकार | |
| १५. | वैदेशिक रोजगार ठगी | मुकुन्द मालाकार वि. नेपाल सरकार | |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बुद्धिमाया न्यौपाने | |
| १७. | उत्प्रेषण / परमादेश | दीपकप्रसाद घिमिरे वि. जिल्ला प्रहरी कार्यालय, काभ्रेपलान्चोक | |
| १८. | सम्पत्ति शुद्धीकरण | नेपाल सरकार वि. विजयकुमार कुशवाहसमेत | |
| १९. | जग्गा खिचोला मेटाई टाटी दिवाल भत्काई चलन चलाई पाउँ | शिव पुजन लोहार वि. लाला काँदुसमेत | |

| | | |
|---|---|---|
| २०. | भ्रष्टाचार | नेपाल सरकार वि. रूबी कुमारी यादवसमेत |
| २१. | उत्प्रेषण / परमादेश | मेदनारायण लाल देव वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत |
| २२. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | सौगात ढकाल वि. नेपाल सरकार |
| २३. | उत्प्रेषण / परमादेश | दिनानाथ शर्मा सुवेदी वि. जिल्ला शिक्षा कार्यालय, बागलुङसमेत |
| **इजलास नं. २** | | **२० - २४** |
| २४. | बन्दी प्रत्यक्षीकरण | सुधा अग्रवाल वि. राजश्व अनुसन्धान विभाग हरिहरभवनसमेत |
| २५. | ग्वाली ट्वाइलेट कम्पाउन्ड वाल भत्काई लुटपिट | विमलादेवी घिमिरे वि. नविन कोइरालासमेत |
| २६. | कर्तव्य ज्यान | निला राई वि. नेपाल सरकार |
| २७. | ज्यान मार्ने उद्योग | राजेश लामा वि. नेपाल सरकार |
| २८. | लागु ओषध (खैरो हिरोइन) | नेपाल सरकार वि. नविनकुमार चौलागाईसमेत |
| **इजलास नं. ३** | | **२४ - २६** |
| २९. | कर्तव्य ज्यान | जयबहादुर कार्की वि. नेपाल सरकार |
| ३०. | लागु औषध सेतो हेरोइन | राधिका वि.क. वि. नेपाल सरकार |
| **इजलास नं. ४** | | **२६ - ३२** |
| ३१. | कर्तव्य ज्यान | युद्धबहादुर गौतम वि. नेपाल सरकार |
| ३२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. युवराज तामाङ |
| ३३. | जग्गा निखनाई पाऊँ | कामेश्वर ठाकुर लोहार वि. महेश महतोसमेत |
| ३४. | कर्तव्य ज्यान | शोभाराम माउतसमेत वि. नेपाल सरकार |
| ३५. | उत्प्रेषण | नरेशकुमार अग्रवालसमेत वि. संजयकुमार वर्णवाल |
| ३६. | कुटपिट अङ्गभङ्ग | नेपाल सरकार वि. महाराज यादवसमेत |
| ३७. | लागु औषध खैरो हेरोइन | मनिष अन्सारी वि. नेपाल सरकार |
| ३८. | उत्प्रेषण | अनन्तराज लुइटेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ३९. | अनियमित वन पैदावार ओसारपसार | नेपाल सरकार वि. महेश मण्डलसमेत |
| **इजलास नं. ५** | | **३२ - ३६** |
| ४०. | कर्तव्य ज्यान | भोजमान राई वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ४१. | कर्तव्य ज्यान | अस्लम अन्सारी वि. नेपाल सरकार |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शेष नुरूल्लाहसमेत |
| ४३. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. मन्जिल मग्राती (सम्धी) समेत |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिप्ती गुरूङसमेत |
| **इजलास नं. ६** | | **३६ - ४०** |
| ४५. | जबरजस्ती करणी | नेपाल सरकार वि. तुलबहादुर गुरूङ |
| ४६. | अनियमित तरिकाले वन पैदावर ओसारपसार गरेको | नेपाल सरकार वि. मणी राईसमेत |
| ४७. | लिखत दर्ता बदर दर्ता | रूजानती देवी यादव वि. श्रीनिवास प्रसाद यादवसमेत |
| ४८. | कर्तव्य ज्यान | विष्णु मल्ल वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **४० - ४१** |
| ४९. | उत्प्रेषण / परमादेश | हरिप्रसाद भुसालसमेत वि. लोक सेवा आयोग, के.का. अनामनगर काठमाडौंसमेत |
| **इजलास नं. ८** | | **४१ - ४३** |
| ५०. | परमादेश | विशाल पण्डित वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत |

| | | |
|---|---|---|
| ५१. | उत्प्रेषण | जवाहरी लाल श्रेष्ठ वि. पुनरावेदन अदालत, पाटनसमेत |
| ५२. | उत्प्रेषण | चान्दनी देवी झा वि. सप्तरी जिल्ला अदालत, राजविराजसमेत |
| **इजलास नं. ९** | | **४३ - ४८** |
| ५३. | निर्णय दर्ता बदर | सुनिलरत्न धाख्वा वि. ऋद्धिवज्र बज्राचार्यसमेत |
| ५४. | अंश चलन | रैमन शेखिनसमेत वि. शेख असेसर |
| ५५. | प्रतिषेध | महेशकुमार जाजु वि. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर |
| ५६. | अंश | राधेश रेग्मी खत्रीसमेत वि. पुतली देवी खत्री |
| ५७. | अंश चलन | मन्जु उप्रेती वि. रामबाबु भण्डारी |
| **इजलास नं. १०** | | **४८ - ५०** |
| ५८. | मोही हकको प्रमाण पत्र पाऊँ | सुवालाल महतो वि. दानालाल महतो |
| ५९. | मोही नामसारी | अहमद मिया वि. महमद जहिर अन्सारी |
| ६०. | मोही हकको प्रमाण पत्र पाऊँ | सुवालाल महतो वि. खुसीलाल महतो |

| | | |
|---|---|---|
| ६१. | साल काठ अनियमित बिक्री वितरण | नेपाल सरकार वि. भिष्मप्रसाद बन्जाडे |
| **इजलास नं. ११** | | **५० - ५१** |
| ६२. | बैंकिङ कसुर | शेरबहादुर थापा वि. नेपाल सरकार |
| ६३. | जालसाजी | चन्द्रिका साह वि. शेष जरनैल |
| **इजलास नं. १२** | | **५१ - ५३** |
| ६४. | बन्दी प्रत्यक्षीकरण | NANKUBHAI HAMIRBHAI BASHIA वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत |
| ६५. | छुट जग्गा दर्ता कायमसमेत | गोपीराम पुन वि. भद्रकुमारी रोका |
| **इजलास नं. १३** | | **५३ - ५६** |
| ६६. | अंश चलन | कमलप्रसाद अधिकारीसमेत वि. लिलादेवी अधिकारी |
| ६७. | अंश चलन | टिकामाया खत्री कार्की वि. खुशबहादुर खत्री |
| ६८. | कर्तव्य ज्यान | उद्धवराम ओड वि. नेपाल सरकार |
| ६९. | अंश | बसन्ता थापा वि. शिवराम अधिकारीसमेत |
| **इजलास नं. १४** | | **५६ - ५७** |
| ७०. | उत्प्रेषण | नारायणप्रसाद रेग्मी वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत |
| ७१. | उत्प्रेषण | अरबिन्दकुमार मिश्र वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत |
| **इजलास नं. १५** | | **५७ - ५८** |
| ७२. | उत्प्रेषण | संगीतादेवी हरिजन वि. अफती हरिजनसमेत |
| ७३. | परमादेश | सुनिल रंजन सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| **इजलास नं. १६** | | **५९ - ६०** |
| ७४. | भ्रष्टाचार | नेपाल सरकार वि. भोगेन्द्रकुमारसमेत |
| **इजलास नं. १७** | | **६०** |
| ७५. | उत्प्रेषण | मनोजकुमार मण्डल वि. नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयस्थित पुनरावलोकन समितिसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-१०१३, कुटपिट अङ्गभङ्ग, नेपाल सरकार वि. सुरेश रायसमेत

प्रतिवादी सुरेश राय गाउँ विकास समितिको पूर्वअध्यक्ष रहेको भन्ने कुराले निजको पूर्व आचरण के कस्तो थियो, आपराधिक मनसाय बोकेर हिँड्ने व्यक्ति हुन् होइनन् भन्ने कुरालाई सम्म उजागर गरेको देखिन्छ । गाउँ विकास समितिको पूर्वअध्यक्ष रहेको भन्ने आधारले प्रतिवादीको पूर्वआचरण राम्रो रही अपराधमा संलग्न व्यक्ति थिएनन् भन्ने कुरा इङ्गित गरेको देखिँदा निजलाई दण्ड सजायको ११ क को (२) र (३) नं. को सुविधा दिँदा लिएको आधार मिलेन भन्न नसकिने ।

अतः विवेचित तथ्य, कानूनी व्यवस्था तथा प्रमाणसमेतबाट प्रतिवादीहरू रामानन्दन राय र धर्मेन्द्र रायलाई अभियोग दाबीबाट सफाइ दिई र प्रतिवादी सुरेश रायलाई कुटपिटमा कसुरदार ठहर गरी दुई वर्ष कैद सजाय र रू.२५००।- (दुई हजार पाँच सय रूपैयाँ) जरिवाना हुने ठहर गरी भएको सुरूको फैसलालाई सदर गरी प्रतिवादी सुरेश रायलाई कैदबापत मुलुकी ऐन, दण्ड सजायको ११क को (२) र (३) नं. बमोजिमको सुविधा दिने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।३।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-११४३, लागु औषध डाइजेपाम नुर्फिन, नेपाल सरकार वि. केशाङ लामासमेत

प्रतिवादी रीता श्रेष्ठको साथबाट नुर्फिन र डाइजेपाम बरामद भएको र अन्य प्रतिवादीहरू केशाङ्ग लामा र सोनाम छिरिङ शेर्पाको साथबाट नुर्फिन, डाइजेपाम र स्टागन इन्जेक्सन बरामद भएको देखिन्छ । उल्लिखित बरामदी लागु औषधको प्रकृति र परिमाणसमेतको आधारमा प्रतिवादीहरू रीता श्रेष्ठ, केशाङ्ग लामा र सोनाम छिरिङ शेर्पालाई लागु औषधको सेवनकर्तासम्म ठहर गरी सजाय गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नसकिने ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष एवम् अदालतसमेतको बयानमा रीता श्रेष्ठसँग पसलबाट घर जान लागेको अवस्थामा पक्राउमा परेको, रीता श्रेष्ठसँग लागु औषध छ भन्ने आफूलाई थाहा नभएको भनी खुलाएको देखियो । सहप्रतिवादी रीता श्रेष्ठले निजसँग लागु औषध रहेको भन्ने सपना श्रेष्ठलाई थाहा थियो भनी पोल गर्न सकेको समेत देखिँदैन । लागु औषध दुर्व्यसनीसँग लागु औषध रहेको थाहा जानकारी नै नभएको अवस्थामा त्यस्तो व्यक्तिसँगै हिँडेको भन्ने आधारमामात्र कसुरदार ठहर गर्न फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने ।

शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सिद्धान्त रहेको छ । प्रस्तुत मुद्दामा प्रतिवादी सपना श्रेष्ठको सँगसाथबाट कुनै लागु औषध बरामद हुन नसकेको र सहप्रतिवादी रीता श्रेष्ठको साथमा लागु औषध रहेको कुरा प्रतिवादी सपना श्रेष्ठलाई थाहा थियो भन्ने कुरा वादी पक्षबाट युक्तिसङ्गत तवरबाट पुष्टि गर्न नसकेको अवस्थामा शङ्काको भरमा कसुरदार ठहर गर्न मिल्दैन । तसर्थ यस अदालतबाट दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिएको आधार सहमत हुन सकिएन भने पुनरावेदनपत्रमा उल्लिखित नजिर सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने नदेखिने ।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणहरूबाट

प्रतिवादीहरू रीता श्रेष्ठ, केशाङ्ग लामा र सोनाम छिरिङ शेर्पाको साथबाट लागु औषध बरामद भएको देखिँदा निज प्रतिवादीहरूले लागु औधष (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुर गरेको ठहर गरी निज प्रतिवादीहरूमध्ये प्रतिवादी रीता श्रेष्ठको साथबाट बरामद भएको लागु औषधको परिमाणका आधारमा निजलाई ऐ. दफा १४(१)(ज) बमोजिम २ (दुई) महिना कैद र रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना हुने र प्रतिवादीहरू केशाङ्ग लामा र सोनाम छिरिङ शेर्पालाई ऐ. ऐनको दफा १४(१)(ज) बमोजिम १ (एक) महिना कैद र रू.२,०००।- (दुई हजार रूपैयाँ) का दरले जरिवाना हुने ठहर गरी साथै प्रतिवादी सपना श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।३।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-११३४, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. गोरख मुखिया बिन

बरामदी मुचुल्कामा प्रतिवादीको घरबाट बन्दुक तथा गोली र खोकाहरू बरामद भएको भन्ने उल्लेख गरिएको भए पनि गाउँबाट डाँका गरिएको सामान बरामद भएको र उक्त घरभित्रबाट अरू डाँकाहरूसमेत पक्राउमा परेका भन्न वादी पक्षले सकेको नपाइँदा घरभित्र डाँकाहरू रहेका भन्ने भनाई नै पत्यारलायक देखिएन। गोली लागि सख्त घाइते भएका भनिएका वेद विष्टको घा केस फाराम, उपचार गराएको भन्ने प्रमाणित कागजात तथा घाउ देखिने अन्य कुनै कागजातसमेत अदालतमा पेस हुन सकेको पाइएन। सर्च गर्ने क्रममा प्रतिवादीको घरमा पुगेपछि सर्च टोलीले प्रतिवादीलाई गोली हानि घाइते बनाएको भन्ने प्रतिवादीको बायाँ खुट्टाको घुँडाभन्दा माथिल्लो भागबाट पूर्ण काटेर फालिएको कारण प्रतिवादी वैशाखीको सहारामा सुरू जिल्ला अदालतमा उपस्थित भएको भन्ने सुरूको फैसलाबाट खुल्न आउँछ । प्रतिवादीका साक्षी भनुदास तत्माले प्रतिवादी निर्दोष रहेका, प्रतिवादीलाई निजको घरबाटै प्रहरीले पक्राउ गरी लगेका र प्रतिवादीले प्रहरीलाई गोली हानेका होइनन् भनी बकपत्र गरेको समेतका प्रमाणहरूबाट प्रतिवादी दोषी रहेछन् भन्न नसकिने।

फौजदारी मुद्दामा प्रमाणको भार वादी पक्षमा रहेको हुन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी कसुरमा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुन्छ" भन्ने व्यवस्था छ। सो व्यवस्थाअनुसार अभियोजन पक्षले प्रतिवादी डाँका अपराधमा संलग्न व्यक्ति रहेका हुँदा निजको घर सर्च गरी डाँका गरिएको सामानसमेत बरामद भएको भन्नसकेको देखिएन । डाँकाको सर्च गर्ने क्रममा प्रतिवादीको घरमा जाँदा प्रतिवादीको घरभित्र रहेका डाँकाहरूसँग दोहोरो भिडन्त भएको भन्नेसम्म उल्लेख गरे पनि प्रतिवादीबाहेकका अरू डाँकाहरूसमेत पक्राउ गरिएको भन्नसकेको पाइएन । प्र.नि. वेद विष्टलाई प्रतिवादी गोरख मुखिया बिनले नै गोली चलाई ज्यान मार्ने उद्योगको कसुर गरेका भन्ने कुरा वादी पक्षबाट वस्तुनिष्ठ प्रमाण पेस गरी पुष्टि गर्न सकेको समेत देखिएन। फौजदारी मुद्दामा शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सिद्धान्त रहेको छ । प्रस्तुत मुद्दामा प्रतिवादीको कसुर वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनसकेको नदेखिँदा शङ्काको आधारमा प्रतिवादीलाई दोषी ठहर गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तको प्रतिकूल हुन जाने हुँदा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन नसकिँदा

पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणसमेतबाट प्रतिवादी गोरख मुखिया बिनलाई अभियोग दाबीबाट सफाइ दिई भएको बारा जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६७।३।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम् ।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०७७४, ०६७-CR-०८९१ र ०६७-CR-०९७७, लागु औषध हेरोइन, नेपाल सरकार वि. फिरोज शेष, रिसुकुमार गुप्ता वि. नेपाल सरकार र फिरोज शेष वि. नेपाल सरकार

फौजदारी अभियोगमा प्रतिवादीमाथि लगाएको कसुरलाई शङ्कारहित तवरले प्रमाणित गर्ने भार वादी पक्षमा रहेको हुन्छ । अपराध शङ्कारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउने ।

प्रतिवादी रिसुकुमार गुप्ताले अधिकारप्राप्त अधिकारीसमक्षको बयान डर, धाक दिई कुटपिट गरी गराएका हुन् भन्ने तथ्ययुक्त प्रमाण गुजार्न सकेको समेत पाइएन । त्यति ठूलो परिमाणमा लागु औषध हेरोइन बोकी हिँडेको अवस्थामा पक्राउमा परेका व्यक्तिले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ अनुसार सो लागु औषध निजले लागु औषध (नियन्त्रण) ऐन, र सो ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण पेस गर्नुपर्ने देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार आफू निर्दोष रहेको प्रमाण पुऱ्याउने भार प्रतिवादीमा नै रहेकोमा सोअनुसार पुनरावेदक प्रतिवादीले तथ्ययुक्त प्रमाण प्रस्तुत गरी आफू निर्दोष रहेको कुरा प्रमाणित गर्न सकेको पाइएन । मेरो साथबाट लागु औषध बरामद भएको होइन प्रहरीले झुठा अभियोग लगाएका हुन् भन्ने पुनरावेदकको जिकिर रहे पनि प्रहरीले पुनरावेदक प्रतिवादीलाई झुठा अभियोग लगाउनु पर्ने आधार र कारण के थियो भनी खुलाउन सकेको समेत नदेखिँदा जनताको सुरक्षाका लागि खटिएका प्रहरी कर्मचारीले पुनरावेदक प्रतिवादीउपर झुठा मुद्दा लगाई फसाए भनी अनुमानसम्म गर्न सकिएन । जिकिर लिने व्यक्तिले आफूले लिएको जिकिरलाई पुष्टि गर्न सक्नुपर्छ । कुनै युक्तिसङ्गत प्रमाणबाट पुष्टि नै हुन नसकेको जिकिरको आधारमा मात्र कसैले पनि कसुरबाट सफाइ पाउन सक्ने नहुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी रिसुकुमार गुप्ताको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक प्रतिवादी फिरोज शेषले सहप्रतिवादी रिसुकुमार सँगसँगै हिँड्नुपर्ने कारण के थियो भनी खुलाउन सकेको समेत पाइएन । अधिकारप्राप्त अधिकारीसमक्षको बयान कुटपिट गरी डर, धाक दिई गराएका भन्ने पुनरावेदकको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा अदालतको आदेशानुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालको दाँत रोग विभागमा पुनरावेदक प्रतिवादी फिरोज शेषको दाँतको परीक्षण गराएको पाइयो । पुनरावेदकका नामको O.P.T. Ticket मा Hit Six months back on his teeth भन्ने उल्लेख भएको देखिँदा प्रहरीले कुटपिट गरेको भन्ने पुनरावेदकको जिकिर आफैँमा खण्डित भइरहेको देखिन्छ । यसरी सहप्रतिवादी रिसुकुमार गुप्ता तथा पुनरावेदक प्रतिवादी फिरोज शेषको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, बरामदी मुचुल्कासमेतबाट पुनरावेदक प्रतिवादी फिरोज शेष सहप्रतिवादी रिसुकुमारको सँगसाथमा रहेको १८० ग्राम लागु औषध हेरोइन बिक्री गर्न सहप्रतिवादी रिसुकुमारसँगै रहेको

अवस्थामा पक्राउ परेको भन्ने पुष्टि हुन आउने ।

पुनरावेदक प्रतिवादी फिरोज शेषको साथबाट कुनै अवैध वस्तु बरामद भएको नदेखिएको अवस्थामा आर्थिक प्रलोभनमा परी सहप्रतिवादी रिसुकुमार गुप्तासँग रहेको लागु औषध हेरोइन बिक्री गर्न हिँडेको देखिँदा पुनरावेदक प्रतिवादी लागु औषध हेरोइन बिक्री गर्ने सहप्रतिवादी रिसुकुमार गुप्तासँगको मतियार रहेको पुष्टि भइरहेकाले अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक फिरोज शेषको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः उल्लिखित तथ्य, प्रमाण तथा कानूनी व्यवस्थासमेतको आधारमा प्रतिवादी रिसुकुमार गुप्तालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ (संशोधनसहित) को दफा ४ को देहाय (घ) र (च) बमोजिम कसुरदार ठहर गरी ऐ. ऐनको दफा १४(१)(छ)(३) बमोजिम १५ वर्ष (पन्ध्र वर्ष) कैद र रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) जरिवाना गर्ने र अर्का प्रतिवादी फिरोज शेषले रिसुकुमार गुप्ताको मतियार भई कार्य गरेको पुष्टि हुँदा ऐ. ऐनको दफा १७ बमोजिम ७.५ वर्ष (सात वर्ष छ महिना) कैद र रू.२,५०,०००।- (दुई लाख पचास हजार रूपैयाँ) जरिवाना गर्ने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।२।११ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-CR-१३८४, डाँका चोरी, नेपाल सरकार वि. श्याम भन्ने घनश्याम पौडेलसमेत

प्रतिवादीहरू अभिषेक तामाङ र निरज थापा मगरको हकमा केही नबोली फैसला भएको भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा निज प्रतिवादीहरूको नाममा सुरू जिल्ला अदालतबाट जारी भएको वारेन्ट तथा म्यादी पुर्जी नै बेपत्ते तामेल भई आएको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ । कसुरमा संलग्न व्यक्तिहरूको वास्तविक नाम, थर, वतन यकिन गरी अभियोग दाबी लिनुपर्ने अभियोजकको दायित्व हो । अभियुक्तको वतन नै यकिनरूपमा खुलाउन नसकी अभियोग पत्रमा नाम र थर उल्लेख गरेको आधारमा मात्र कुनै पनि व्यक्तिलाई कसुरदार ठहर गर्न फौजदारी न्यायको मान्यताविपरीत हुन जाने हुँदा प्रतिवादीहरू अभिषेक तामाङ र निरज थापा मगरको उक्त वारदातमा संलग्नता रहेको भनी अभियोग कायम गरी सजाय गर्न मिल्ने देखिँदैन । तसर्थ निजहरूको हकमा सुरूबाट भएको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी घनश्याम पौडेलबाट डाँका चोरी भएको भनिएको कुनै प्रकारको दशी बरामद हुनसकेको समेत देखिँदैन । यस्तो अवस्थामा सहप्रतिवादीहरूको पोल र अभियोग दाबीकै आधारमा मात्र प्रतिवादी घनश्याम पौडेल कसुरदार रहेछन् भन्न नसकिने हुँदा निजलाई सफाइ दिने गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी गोविन्द तिरूवाको पसलबाट बरामद भएका भनिएका बरामदी मुचुल्कामा उल्लेख गरिएका गरगहना र जाहेरी दरखास्तमा लेखिएका गरगहना विवरण एक आपसमा मेल खान नसकेको एवम् उक्त बरामदी गरगहना आफ्नो होइन भनी जाहेरवालाले सनाखत गरी बकपत्रसमेत गरेको पाइन्छ । प्रतिवादी गोविन्द तिरूवाको पसलबाट बरामद भएका गरगहना नै चोरीका सामान हुन् भन्ने तथ्य स्थापित हुन सकेको नदेखिँदा प्रतिवादी गोविन्द तिरूवालाई कसुदार ठहर गर्न मिल्ने नदेखिने ।

मुलुकी ऐन, चोरीको महलको ६ नं. को कानूनी व्यवस्थाको रोहमा हेर्दा डाँकाको कसुर हुनका लागि चार जनाभन्दा बढ्ताको जमातबाट जबरजस्ती चोरी वा रहजनीमा लेखिएका रीतसँग वा हातहतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेको हुनुपर्ने देखिन्छ। कानूनले नै डाँकाको वारदात हुनका लागि चार जनाभन्दा बढीको समूहबाट जबरजस्ती चोरी भएको हुनुपर्ने व्यवस्था गरेको अवस्थामा तीन जना मात्रको समूहबाट जाहेरवालाको घरमा गई जाहेरवालालगायत परिवारका सदस्यहरूलाई बाँधी थुनी धनमाल चोरी गरी लगेको कार्यलाई डाँकाको वारदात भन्न मिल्ने नभई मुलुकी ऐन, चोरीको महलको ४ नं. बमोजिम जबरजस्ती चोरीको कसुर गरेको मान्नुपर्ने देखिँदा पुनरावेदन अदालत, बुटवलबाट उक्त कसुरलाई डाँकाको कसुर कायम नगरी जबरजस्ती चोरीको कसुर कायम गरेको कार्यलाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादीहरू होमबहादुर गुरूङ, सचिन खवास र डेविट राईबाट बरामद भएको धनमाललाई मात्र बिगो कायम गरेको मिलेन। अभियोग बिगो कायम हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा जाहेरवालाको जम्मा रू.४१,५९,५००।– को धनमाल डाँका चोरी भएको भन्ने अभियोग दाबी रहे पनि प्रतिवादीहरू मध्ये प्रतिवादी डेविट राईबाट रू.२०,०००।-, प्रतिवादी सचिन खवासबाट रू.१६,०००।- र प्रतिवादी होमबहादुर गुरूङबाट रू.३,३३,०००।- बराबरको धनमाल बरामद भएको भन्ने बरामदी मुचुल्काबाट खुल्न आएको पाइयो। प्रतिवादीहरूद्वारा चोरी गरेको भनिएको अन्य धनमाल प्रतिवादीहरूबाट यो यसलाई बेचबिखन गरेको वा मासेको भन्ने वादी पक्षबाट कुनै ठोस प्रमाण पेस हुनसकेको नदेखिँदा जाहेरी दरखास्त र अभियोगको आधारमा मात्र प्रतिवादीहरूले जाहेरीमा उल्लेख गरेबमोजिमकै धनमाल चोरी गरेका रहेछन् भन्न मिल्ने नदेखिँदा अभियोग दाबीबमोजिम पूरै बिगो ठहर हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणको आधारमा प्रतिवादीहरू अभिषेक तामाङ र निरज थापालाई अभियोग कायम हुन नसकेको भनी र प्रतिवादीहरू श्याम भन्ने घनश्याम पौडेल तथा गोविन्द तिरूवालाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरूको फैसलालाई सदर गरी एवम् प्रतिवादीहरू होमबहादुर गुरूङबाट बरामद बिगो रू.३,३३,०००।-, डेविट राईबाट रू.२०,०००।- र प्रतिवादी सचिन खवासबाट रू.१६,०००।- गरी जम्मा बिगो रू. ३,६९,०००।- को धनमाल जबरजस्ती चोरी गरेको ठहर गरेको देखिँदा प्रतिवादीहरूलाई चोरीको महलको १२ नं. र १४(२) नं. बमोजिम जनही कैद १ महिना १५ दिन र जबरजस्ती चोरी गरेको जम्मा बिगो रू.३,६९,०००।- को डेढी अर्थात् रू.५,५३,५००।- जनही जरिवाना गर्नुपर्नेमा सो नगरेको हदसम्म सुरूको फैसला केही उल्टी गरी प्रतिवादीहरू होमबहादुर गुरूङ, सचिन खवास र डेविट राईलाई जनही १ (एक) महिना १५ (पन्ध्र) दिन कैद तथा जनही रू.५,५३,५००।- (पाँच लाख त्रिपन्न हजार पाँच सय रूपैयाँ) जरिवाना भई जरिवानाबापत कैद हुने ठहर गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१।७।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम्।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-०२४५, वैदेशिक रोजगार ठगी, सानुमैया श्रेष्ठ वि. नेपाल सरकार

प्रतिवादी सानुमैया श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरवालालाई वैदेशिक रोजगारका लागि विदेश पठाउने भनी रू.२,००,०००।- लिई लिखत गरेको, मेरै हातले पैसा लिएपछि

पैसा आफैँले दिन्छु भनी कसुरमा साबित रहेको पाइयो। अदालतमा कसुरमा इन्कार रही बयान गरे पनि अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान करकापमा पारी, डर धाक देखाई जबरजस्तीसँग गराइएको भनी जिकिर लिन सकेको पाइएन। प्रमाण ऐन, २०३१ को दफा २५ ले अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा राखेको भए पनि ऐ. दफा २७ ले प्रतिवादीले निर्दोष रहेको जिकिर लिएको अवस्थामा सोको प्रमाण पुऱ्याउने भार प्रतिवादीमै राखेको अवस्थामा प्रतिवादीले अदालतमा इन्कार रही बयान गरे पनि सो इन्कारी बयानलाई उक्त कानूनी व्यवस्थाअनुसार पुष्टि र समर्थित गर्ने तथ्ययुक्त र ठोस प्रमाण प्रतिवादीले जुगार्न सकेको समेत नदेखिने।

प्रतिवादी सानुमैया श्रेष्ठले अदालतमा बयान गर्दा उक्त मिति २०६५।११।१ मा भएको भनिएको वैदेशिक रोजगारसम्बन्धी लिखतको साथै अन्य २-३ वटा लिखतसमेत झुक्याई गराएको भनी खुलाए पनि ती लिखतउपर कतै पनि उजुर गर्न सकेको देखिएन। अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेको भन्ने मात्र आधारमा कसैले पनि फौजदारी कसुरको दायित्वबाट उन्मुक्ति पाउन सक्ने हुँदैन । प्रतिवादीले वैदेशिक रोजगारको लागि व्यवसाय गर्न इजाजतसमेत प्राप्त नगरेको भन्ने निजको मौकाको बयानबाट देखिएको अवस्थामा कानूनले रोक लगाएको कार्य गरी जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाउने भनी प्रलोभन देखाई रकमसमेत लिई वैदेशिक रोजगारमा नपठाई उक्त रकमसमेत नतिरेको अवस्थामा प्रस्तुत मुद्दा दायर हुन आएको देखिँदा प्रतिवादी निर्दोष रहिछन् भन्न नमिल्ने।

तसर्थ माथि विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादी सानुमैया श्रेष्ठले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतसमेत नलिई जाहेरवालालाई वैदेशिक रोजगारीका लागि विदेश पठाई दिने भनी प्रलोभन देखाई ३५ दिनको भाखा राखी लिखतसमेत गरी रू.२,००,०००।- लिएको देखिँदा प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम १ (एक) वर्ष ६ (छ) महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र जाहेरवालाबाट लिएको रू.२,००,०००।- र सोको ५० प्रतिशतले हुने रू.१,००,०००।- समेत गरी जम्मा रू.३,००,०००।- (तीन लाख रूपैयाँ) हर्जनाबापत प्रतिवादीबाट जाहेरवालाले भरी पाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।१।४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम्।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-RC-०१६०, सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ अन्तर्गतको कसुर अपराध, नेपाल सरकार वि. खुलबहादुर खड्का

सशस्त्र प्रहरी जवान विनोद थापाको १३४९४ नं.को आइ.डि. प्रयोग गर्ने व्यक्ति यी प्रतिवादी नै रहेको र निजले आफ्नो आइ.डि.सँग बीचको अङ्क मात्र फरक भएको विनोद थापाको आइ.डि. जानाजान प्रयोग गरेको व्यहोरा सशस्त्र प्रहरी बल प्रधान कार्यालय, कार्य विभागको च.नं. १९०८ मिति २०६०।१२।४ को पत्रसहितको प्रारम्भिक अनुसन्धान र निज प्रतिवादी घटनापछि फरार रही हालसम्म आफ्नो ड्युटीमा नफर्केको तथ्यबाट पुष्टि भएको देखिने।

प्रतिवादी सशस्त्र प्रहरी बलतर्फको सशस्त्र प्रहरी जवान पदमा कार्यरत रहेको, निजले अर्को प्रहरी जवान विनोद थापाको आइ.डि.बाट हतियार बुझेर फिर्ता नगरी फरार रहेको र खोजतलासको क्रममा फेला नपरेको व्यहोरा सशस्त्र प्रहरी बल बंगलामुखी विशेष

कार्यदल गणमा कार्यरत सशस्त्र प्रहरी बलका प्रहरी कर्मचारीहरूको निवेदन र त्यसपछिका अनुसन्धानबाट देखिन आउने ।

सुरक्षा निकायजस्तो संवेदनशील स्थानमा कार्यरत जिम्मेवार व्यक्तिले हतियार बुझेर फिर्ता नगरी बेखबर हुने कार्यलाई सामान्य मान्न सकिँदैन । यसबाट निज प्रतिवादीको कार्य सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(१)(घ) र (ङ) विपरीतको भई सोही दफा २७(१) अनुसार ती कसुर गर्ने व्यक्तिलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने व्यवस्था रहेभएको देखियो । सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(१)(घ) मा आफ्नो प्रयोगको निमित्त लिई राखेको वा आफूले जिम्मा लिई राखेको हातहतियार खरखजाना लिई भागेमा र ऐ. दफा २७(१)(ङ) मा आतङ्ककारी गतिविधिलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सघाएमा ऐ. दफा २७(१) अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने भएको र सोही कसुर कायम गरी अभियोग दाबी पेस गरेको देखिन आयो । यस्तो अवस्थामा आरोपित कसुर नगरेको भए मौकैमा उपस्थित भई अनुसन्धानलाई सहज बनाई आफ्नो सफाइ र निर्दोषिता पेस गर्नुपर्नेमा त्यस्तो गरेको नदेखिँदा यी प्रतिवादीले आरोपित कसुर गरेका होइनन् भनी विश्वास गर्न सकिने आधार रहेको नदेखिने । वारदातको समयमा कोतमा कार्यरत सशस्त्र प्रहरी सहायक निरीक्षक धनबहादुर सुवेदीले म उक्त गणको कोतमा कार्यरत रहेको अवस्थामा मिति २०६०।१०।२३ को पहिलो ड्युटीमा ड्युटीवालाहरू मध्ये सशस्त्र प्रहरी बल, प्रधान कार्यालयमा कार्यरत आइ.डि. नं.१३४९४ का सशस्त्र प्रहरी जवान विनोद थापाले उल्लिखित हतियार तथा खरखजाना बुझी लिई गएको र उक्त हतियार बुझाउन नल्याएपछि खोजी गर्ने क्रममा सशस्त्र प्रहरी जवान विनोद थापा नभई आइ.डि. नं. १३३९४ का सशस्त्र प्रहरी जवान खुलबहादुर खड्का भएको हुँदा यसरी आफ्नो नाम थर तथा आइ.डि. नं. समेत ढाँटी छली उल्लिखित हातहतियार तथा खरखजाना लिई भागी जाने सशस्त्र प्रहरी जवान खुलबहादुर खड्काउपर सशस्त्र प्रहरी ऐनअनुसार कारवाही हुनुपर्छ भनी र सशस्त्र प्रहरी उपरीक्षक महेशकुमार श्रेष्ठले निज खुलबहादुर खड्काको बाबु, दाइ तथा श्रीमतीसमेतसँग सोधपुछ गर्दा उक्त हातहतियार लिई माओवादी पार्टीमा लागेको भन्ने लिखित जवाफ दिएको र विभिन्न पत्रपत्रिकामा समेत लेख लेखिएको हुँदा उक्त हतियार तथा गोलीगट्ठासमेत निजले नै लिई गएको हो भनी बकपत्र गरेबाट यी प्रतिवादीले आरोपित कसुर गरेको प्रमाणित हुन आयो । साथै निज प्रतिवादीको बाबु नेत्रबहादुर खड्काले आफ्नो छोरो निज प्रतिवादी आतङ्ककारी गतिविधिमा संलग्न रहेको भनी मौकामा कागज गरेको तथा निज प्रतिवादीका दाजु निलबहादुर खड्का र श्रीमती शोभा खड्काले समेत सोही व्यहोरासँग मेल खाने गरी मौकामा कागज गरेबाट समेत निज प्रतिवादीले आरोपित कसुर गरेको कुरा सिलसिलेवार रूपमा मिलेको देखिन आउने ।

तसर्थः यी प्रतिवादी खुलबहादुर खड्कालाई सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(१)(घ) र (ङ) को कसुरमा सोही दफा २७(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहऱ्याएको सुरू सशस्त्र प्रहरी विशेष अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।११।१० मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम् ।

८

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-CR-०७८३, भ्रष्टाचार (अनियमितता), नेपाल सरकार वि. पवनकुमार झा

प्रतिवादीले अनियमित गरे भनी दाबी लिइएको पुरन्दरसर पोखरी सफा गर्ने कार्यको

ठेक्का सम्झौताबमोजिमको कार्य एवम् सोझै गरिएको गेष्टहाउसको मर्मत एवम् रङरोगनको कार्यसमेत सम्पन्न भएको देखिएको र उपर्युक्त कार्यहरू गराउँदा प्रतिवादीले के अनियमितता गरी जलेश्वर न.पा. लाई के नोक्सानी पुऱ्याएका र के कति लाभ लिए भन्ने कुराको स्पष्ट अभियोग दाबी यी प्रतिवादीउपर लगाएको देखिँदैन । यी प्रतिवादीले पुरन्दरसर पोखरी सफा गराउँदा र गेष्टहाउसको मर्मत तथा रङरोगन गराउँदा स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीअनुरूपको प्रक्रियासमेत पुऱ्याएर ठेक्का सम्झौताअनुसार नै काम भए गरेको व्यहोरा पुरन्दरसर पोखरी ठेक्का दिने क्रममा मिति २०६५।११।१३ मा प्रकाशित पहिलो सूचनाबमोजिम कुनै पनि टेन्डर नपरेपछि मिति २०६५।१२।२७ मा दोस्रो सूचना प्रकाशित भएको र जलेश्वर न.पा.को जिम्मामा रहेको एक मात्र गेष्टहाउस जीर्ण भएकोले जिल्लामा आउने सरकारी पाहुनाहरूलाई तत्कालीन सुरक्षा अवस्थाले अन्यत्र बस्नुपर्ने अवस्था भई छिटो मर्मत गर्नुपर्ने अवस्था रहेको भन्ने प्रतिवादी पवनकुमार झाको अदालतसमक्षको बयानसमेतबाट देखिन आउँछ । रातो खोलाको बाढीबाट क्षतिग्रस्त पोखरीलाई तत्काल मर्मत र सफा नगरे न.पा.लाई आर्थिक क्षति हुन जाने अवस्था देखिएकोले सोको लागि टेन्डर प्रक्रिया पूरा गरी काम गराएको देखिने ।

अघिल्लो आ.व. मा भन्दा बढी रकम कायम गरिएको भन्ने वादी सरकारी पक्षको भनाइ हेर्दा अघिल्लो वर्ष ठेकेदारले आफूलाई घाटा लागि सोको क्षतिपूर्तिस्वरूप थप रकम माग गरेको र राजनीतिक संयन्त्रबाट थप रकम दिनको लागि सिफारिससमेत भएको मिसिलबाट देखिन आएकोसमेत अवस्थाबाट यी प्रतिवादी पवनकुमार झाले अभियोग दाबीबमोजिमको आरोपित कसुर गरेको पुष्टि हुन आएको नदेखिएको हुँदा निज प्रतिवादी पवनकुमार झालाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको फैसला मनासिब देखिएकोले प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः उल्लिखित तथ्य, विवेचना एवम् आधार कारणसमेतबाट प्रतिवादी पवनकुमार झालाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको मिति २०६९।९।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विदुर काफ्ले
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम् ।

९

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-WO-०००३, उत्प्रेषण, डा.सरोश हैद्री वि. त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालय, महाराजगन्जसमेत

निवेदकको नाममा प्रवेश परीक्षामा लिइएको औंठाछाप तथा ल्याप्चे र प्रवेश परीक्षापश्चात् अध्ययन संस्थानको Open House Counselling गराउँदा लिएको हस्ताक्षर तथा औंठाछाप र विपक्षी अध्ययन संस्थानमा निवेदकको विरूद्धमा उजुरी परेपश्चात् लिइएको निजको हस्ताक्षर र औंठाछाप एक आपसमा नभिडेको फरक फरक व्यक्तिको रहेको भनी खुलाई पठाएको देखिन्छ । यदि यी निवेदक स्वयम् आफैँ उक्त प्रवेश परीक्षामा सामेल भएको भए प्रवेश परीक्षाको हस्ताक्षर तथा ल्याप्चे र पछि Open House Counselling तथा Exam Appering Form मा लिइएका हस्ताक्षर तथा ल्याप्चे एक आपसमा मिल्न भिड्नपर्ने हो । सो हुनसकेको नदेखिएबाट निज निवेदक उक्त मिति २०६९।१।३० मा MD Radiodiagnosis विषयको सञ्चालित प्रवेश परीक्षामा आफैँ सामेल भएको भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

जहाँसम्म प्रवेश परीक्षा तथा Open House

Counselling मा आफैँ उपस्थित भएर भर्नासमेत भई अध्ययन गरेको एक वर्षपश्चात् ढिलो गरी बद्नियत चिताई आफूलाई कारवाही गरिएको भन्ने निवेदन जिकिर रहेकोमा सो सम्बन्धमा विचार गर्दा प्रवेश परीक्षा र Open House Counselling तथा Exam Appering Form मा भएको हस्ताक्षर र ल्याप्चे एकै व्यक्तिको नभएको र यी निवेदक प्रवेश परीक्षामा उपस्थित नभएको भन्ने पुष्टि हुन आएको अवस्थामा प्रवेश गर्ने कार्य नै गलत ढङ्गबाट भएको र सो विषयको उजुर जहिले जुनसुकै समयमा परे पनि त्यस विषयमा गरिने निर्णय र त्यसबाट सृजित परिणामको भागिदार सम्बन्धित व्यक्ति हुने नै हुँदा निवेदकको उक्त निवेदन जिकिर पनि मुनासिब देखिन नआउने।

अतएव: निवेदकको प्रवेश नै गलत किसिमबाट भएको र आफू सम्मिलित हुनुपर्ने प्रवेश परीक्षामा उनाउ व्यक्तिलाई सामेल गराई प्रवेश परीक्षा पास भएको देखाई यी रिट निवेदकले MD Radio Diagnosis विषयमा अध्ययन गरेको कार्यलाई वैध मान्न नमिल्ने हुँदा विपक्षीहरूबाट भए गरेको कार्यलाई बदर गरिरहनु पर्ने अवस्थाको विद्यमानता रहेको देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम्।

१०

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७०-CR-०८१२, डाँका, नेपाल सरकार वि. विनोद सुनारसमेत

प्रतिवादी विजय थापा भन्ने विवेक थापाको उमेरका सम्बन्धमा निजले अदालतसमक्ष बयान गर्दा १४ वर्षको भएँ भनी लेखाएका र निजले अध्ययन गरेको श्री छवी निम्न माध्यमिक विद्यालय खलङ्गाको Character / Transfer Certificate मा निजको जन्ममिति २०५४।६।२८ भनी खुलाई आएको हुँदा निजको उमेर १६ वर्षभन्दा कम नै रहेको पाइयो। यसरी सुरू जिल्ला अदालतबाटै प्रतिवादीहरू सुरज सुनार तथा विवेक थापाको उमेरका सम्बन्धमा निर्णय भई निज प्रतिवादीहरूलाई चोरीको महलको ६ नं. को कसुरमा ऐ. १४(४) नं. बमोजिम ६ वर्ष कैद सजाय हुनेमा निज प्रतिवादीहरूको उमेर १६ वर्षभन्दा कम देखिएको भनी निज प्रतिवादीहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम आधा अर्थात् ३/३ वर्ष कैद सजाय हुने ठहर गरी भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादीले सुरज सुनारसमेतका ५ जना सहप्रतिवादीहरूलाई गाडी रोक्न लगाई निज कुमार कार्कीसमेतका ३ जना प्रतिवादीहरू बसभित्र गएका भनी सुरज सुनार, विनोद सुनार, प्रकाश गिरी, सुरज वि.क., छविलाल गिरीसमेतले मौकामा बयान गर्दा पोल गरेको पाइन्छ। निज प्रतिवादीहरूको मौकाको बयानसँग मिल्दो किसिमबाट बुझिएका मोती खनालसमेतले मौकामा कागज गरी दिएको पाइन्छ। त्यस्तै मौकामा कागज गर्ने प्रदीप विष्टले प्रतिवादी कुमार कार्कीसमेतका पक्राउ परेका व्यक्तिहरूले डाँका गरेको मैले देखेको हुँ भनी खुलाई कागज गरी दिएको समेतका प्रमाणहरूबाट प्रतिवादी कुमार कार्कीको उक्त घटनामा संलग्नता थिएन भनी लिएको जिकिरलाई खण्डित गरिरहेको देखियो। घटनाको सिलसिलेवार प्रस्तुति गरी सहप्रतिवादीहरू सुरज वि.क., प्रकाश गिरी, छविलाल गिरी, विनोद सुनारले मौकामा गरेको बयानलाई पुनरावेदक प्रतिवादीले अन्यथा प्रमाणित गर्न सकेको नपाइएको र सो प्रस्तुतिलाई मौकामा बुझिएका मानिसहरूले गरी दिएको कागजबाट समर्थन गरेको देखिँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादी कुमार कार्कीको पुनरावेदन जिकिरसँग सहमत हुन

सकिएन । तसर्थ पुनरावेदन अदालत, सुर्खेतको फैसलालाई परिवर्तन गरी रहन पर्ने देखिन नआउने ।

उल्लिखित विवेचित तथ्य, प्रमाण तथा आधारबाट प्रतिवादी विनोद सुनारलाई मुलुकी ऐन, चोरीको महलको ६ नं.को कसुरमा ऐ. को १४(४) नं. बमोजिम ६ वर्ष कैद र प्रतिवादीहरू सुरज सुनार, प्रकाश गिरी, छविलाल गिरी, सुरज वि.क. र विजय थापालाई निजहरू नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम ३/३ वर्ष कैद सजाय हुने तथा दामासाहीले बिगो भराउने गरी निज नाबालकहरूलाई फैसलाबमोजिमको कैद एवम् जरिवाना निजहरूका हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ अनुसार स्थगित राखिदिने भनी सुर्खेत जिल्ला अदालतबाट मिति २०६९।३।४ मा भएको फैसलालाई सो हदसम्म सदर गरी प्रतिवादी कुमार कार्कीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला सो हदसम्म उल्टी गरी निज प्रतिवादी कुमार कार्कीलाई ६ वर्ष कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७०।२।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ६ गते रोज ५ शुभम् ।

११

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०१०२, ७०-CR-०२२४, ०७०-CR-०४६८, ०७०-CR-०४७०, ०७०-CR-०४८३, ०७०-CR-०५२३, ०७०-CR-०५३६, ०७०-CR-०७११, अपहरण तथा शरीरबन्धक, नेपाल सरकार वि. प्रेमप्रकाश पुनसमेत, विजय भन्ने प्रेमप्रकाश पुन वि. नेपाल सरकार, विष्णुप्रसाद शर्मा वि. नेपाल सरकार, कैलास भन्ने हिरालाल पुन वि. नेपाल सरकार, विजयकुमार शर्मा वि. नेपाल सरकार, सनमान लिम्बु वि. नेपाल सरकार, कपिल भन्ने विष्णु पुन वि. नेपाल सरकार, मार्सल भन्ने मोहन बुढामगर वि. नेपाल सरकार

प्रतिवादीहरूले आरोपित कसुर गरेको होइन भनी मौकामा र अदालतमा इन्कार रही बयान गरे पनि पीडित जाहेरवाला र प्रत्यक्षदर्शी व्यक्तिहरूले अदालतसमक्ष गरेको किटानी बकपत्र र मौकाको कागज एवम् जाहेरीबाट घटना वारदातको शृङ्खलावद्ध विवरण खुलेको र प्रतिवादीहरूउपर झुठ्ठा पोल गर्नुपर्ने कुनै चित्तबुझ्दो आधार र कारण प्रतिवादीहरूले देखाउन नसकेको अवस्थामा पीडित जाहेरवाला र प्रत्यक्षदर्शी व्यक्तिहरूको भनाइलाई अन्यथा मान्नुपर्ने अवस्था नहुँदा वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीहरूको इन्कारी बयानको आधारमा मात्रै प्रतिवादीहरू निर्दोष रहेको भनी मान्न मिल्ने देखिएन । प्रतिवादीहरूले जाहेरवाला गंगाबहादुर गुरूङलाई अपहरण गरी शरीरबन्धकमा लिई रू.५०।- लाख फिरौती रकम लिई अपहरण मुक्त गरेको तथ्य पुष्टि हुन आउने ।

मुलुकी ऐन, अपहरण गर्ने तथा शरीरबन्धक लिनेको ३ र ७ नं. को कानूनी व्यवस्थाअनुसार यी प्रतिवादीहरूले संगठित भई जाहेरवाला गंगाबहादुर गुरूङलाई निजको हाइटेक सेक्युरिटी रिफ्रेसर इन्स्टिच्युटको कार्यालयमा आई विदेशमा काम गर्ने हुँदा डाइरेक्टरसँग भेट्न जाने भनी जाहेरवालालाई नियन्त्रणमा लिई गाडिमा राखी गोंगबु बसपार्क एरियामा विभिन्न गेष्ट हाउसमा राखी फिरौती रकम मागी रू. पचास लाख रकम फिरौतीको रूपमा जाहेरवालाकी श्रीमतीबाट लिएपछि अपहरण मुक्त गरेको देखिँदा यी पुनरावेदक प्रतिवादीलाई उक्त ३ नं. बमोजिम जनही ९ वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना तथा ऐ. ७ नं. बमोजिम २ जनाभन्दा बढी व्यक्ति अर्थात् ७ जना संगठित भई जाहेरवालालाई अपहरण गरी शरीरबन्धक लिएको हुँदा थप २(दुई) वर्षसमेत गरी जम्मा ११(एघार) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना हुने तथा सोही महलको १२ नं. बमोजिम दामासाहीले बिगो भराई दामासाही

बिगोबमोजिम जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७३ साल वैशाख ९ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७०-CR-०४८४, ०७०-CR-१०३०, ०७०-CR-१३६२, ०७०-CR-१३९६, ०७०-CR-०४६९ र ०७०-CR-०७०९, ०७०-CR-१४०८, अपहरण तथा शरीरबन्धक, विजयकुमार शर्मा वि. नेपाल सरकार, सनमान लिम्बु वि. नेपाल सरकार, हिरालाल पुन वि. नेपाल सरकार, प्रेमप्रकाश पुन वि. नेपाल सरकार, विष्णुप्रसाद शर्मा वि. नेपाल सरकार, मोहन बुढामगर वि. नेपाल सरकार र विष्णु पुनमगर वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१२

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०६२२ र ०६९-CR-१०६३, ठगी, नेपाल सरकार वि. बलबहादुर कुँवरसमेत र बलबहादुर कुँवर वि. नेपाल सरकार

प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ भन्ने भएको व्यवस्थाअनुसार अदालतमा आई दिएको इन्कारी बयानलाई पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण पुनरावेदकले पेस गर्न सकेको देखिएन। अन्य स्वतन्त्र र परिस्थितिजन्य प्रमाणबाट कसुरदार रहेको पुष्टि गरिरहेको अवस्थामा कुनै प्रमाणबाट समर्थित एवम् पुष्टि हुन नसकेको इन्कारी बयानकै आधारमा कसुरदार होइनन् भनी कसुरबाट उन्मुक्ति दिन नमिल्ने हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भनी लिएको पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पत्यारलायक देखिएन । तसर्थ पुनरावेदन अदालतको फैसलालाई अन्यथा गरी रहन नपर्ने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था तथा आधार कारणबाट प्रतिवादीहरू बलबहादुर कुँवर तथा पुष्पराज शाहले मुलुकी ऐन, ठगीको महलको १ र २ नं. र किर्ते कागजको महलको १, ७ र १२ नं. बमोजिमको कसुर गरेको ठहर गरी प्रतिवादी बलबहादुर कुँवरलाई ठगीको महलको ४ नं. बमोजिम ४ (चार) वर्ष कैद, किर्ते कागजको १६(१) नं. बमोजिम ४ (चार) वर्ष कैद र रू.५०००।- (पाँच हजार रूपैयाँ) जरिवाना एवम् ऐ १२ नं. बमोजिम थप १ (एक) वर्ष कैद हुने, साथै प्रतिवादी पुष्पराज शाहलाई सहयोगीसम्म ठहऱ्याई ठगीको महलको ४ नं. बमोजिम ३ (तीन) वर्ष कैद, किर्ते कागजको १६(२) नं. बमोजिम २ (दुई) वर्ष कैद र रू.२,५००।- जरिवाना एवम् ऐ १२ नं. बमोजिम थप १ (एक) वर्ष कैद हुने ठहर गरी भएको ललितपुर जिल्ला अदालतको फैसला सो हदसम्म सदर गरी विवादित लिखतमा नै बिगो रू.६,००,०००।– मात्र उल्लेख भएको र सोमध्ये रा.वा. बैंक वीरगन्जमा रू.२,५०,६००।- मौजदात रहेको रकम जाहेरवालाले फिर्ता पाउने हुँदा रू.३,४९,४००।- मात्र बिगो कायम गरी ठगीको ४ नं. बमोजिम जरिवाना गर्नुपर्नेमा बिगो रू.११,८९,३५०।- कायम गरी सोहीअनुरूप प्रतिवादी बलबहादुर कुँवरलाई जरिवाना हुने ठहऱ्याएको हदसम्म सुरूको फैसला केही उल्टी गरी पुनरावेदक प्रतिवादी बलबहादुर कुँवरलाई रू.३,४९,४००।- जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।३।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

अर्का प्रतिवादी पुष्पराज शाहको हकमा सुरूबाट बिगो रू.११,८९,३५०।- कायम गरी सोअनुसार जरिवाना हुने ठहर गरी फैसला भएको देखिएको र पुनरावेदन अदालत, पाटनबाट फैसला

हुँदा प्रतिवादी पुष्पराज शाहको बिगोतर्फ केही बोलेको नपाइएकाले प्रतिवादी पुष्पराज शाहलाई हाल कायम बिगो रू.३,४९,४००।- बमोजिम नै जरिवाना हुने ठहर्छ । वादी नेपाल सरकारको तथा प्रतिवादी बलबहादुर कुँवरको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम् ।

१३

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०८२६, अपहरण तथा शरीरबन्धक, रामप्रसाद यादव वि. नेपाल सरकार

मुलुकी ऐन, अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको ३ र ७ नं. को कानूनी व्यवस्था तथा तथ्यगत अवस्था हेर्दा यी प्रतिवादी रामप्रसाद यादवको छोरी र जाहेरवाला कन्तलाल यादवको छोराबीच भएको सम्बन्धको विषयमा शुद्धाशुद्धिको लागि जाहेरवाला कन्तलाल यादवले छोरी पक्षलाई क्षतिपूर्ति दिएर विवाद मिलाउने समाजको निर्णय भएअनुसार सो क्षतिपूर्ति रकम नदिएका कारण यी पुनरावेदक प्रतिवादी रामप्रसाद यादवसमेतका प्रतिवादीहरूले संगठित भई जाहेरवाला कन्तलाल यादवलाई अपहरण गरी शरीरबन्धक लिएको भन्ने देखिँदा अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, अपहरण गर्ने तथा शरीरबन्धक लिनेको १ र २ नं. बमोजिम अपहरण गरेको वा शरीरबन्धक लिएको भन्ने नभई सोही महलको ३ नं. बमोजिम अन्य उद्देश्यले अपहरण गरी शरीरबन्धकमा लिई कुटपिट गरी रू.२५,०००।– (पच्चीस हजार) को तमसुक बनाई अपहरणमुक्त गरेको पुष्टि हुन आएकोले यी पुनरावेदक प्रतिवादी रामप्रसाद यादवलाई उक्त अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको ३ नं. बमोजिम ४ (चार) वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना र सोही महलको ७ नं.अनुसार थप २ (दुई) वर्षसमेत गरी जम्मा ६ (छ) वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको फैसला मनासिब नै देखिने ।

उल्लिखित व्यवस्था, तथ्य एवम् विवेचनासमेतको आधारमा सुरूको फैसलालाई केही उल्टी गरी यी पुनरावेदक प्रतिवादी रामप्रसाद यादव, सुरेन यादव, सुकदेव यादव, देवनारायण यादव तथा जसकरण यादवलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको ३ नं. बमोजिम ४ (चार) वर्ष कैद र जनही रू. २५,०००।– (पच्चीस हजार) जरिवाना र सोही महलको ७ नं.अनुसार जनही थप २ वर्ष कैदको सजाय हुने ठहर गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।६।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल वैशाख ९ गते रोज ५ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०६१७, कर्तव्य ज्यान, राजकुमार तामाङ वि. नेपाल सरकार

मृतक बाटोमा आउँदै गरेको अवस्थामा आफ्नो घरमा रहेको धारिलो चक्कुको प्रहार गरी लासलाई तन्नाले छोपेर भाग्ने आशयले प्रतिवादी घटनास्थलबाट अन्यत्र हिँडेको देखिन्छ । मृतकको ज्यान मार्ने मनसायले नै बाटोमा लुकी मृतकलाई प्रहार गरेको देखिन्छ । मृतकको कारणबाट घटेको कुनै कुराको कारण तत्काल उठेको रिस थाम्न नसकी प्रहार गरेको अवस्था पनि रहेको छैन । प्रतिवादीले लाठा, ढुंगा, लात, मुक्का इत्यादिको प्रयोग गरेको नभई चक्कु जस्तो धारिलो एवम् जोखिमी हतियारको प्रहार गरी मृतकको ज्यान लिएको अवस्था छ । प्रतिवादीले

जोखिमी हतियार प्रहार गरेको उक्त कार्यबाट मृतकको ज्यान गएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कानूनी व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित हुनसक्ने देखिएन । त्यसैले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. विपरीत कसुरमा ऐ. महलको १३(३) नं. बमोजिम सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने ।

तसर्थ, उल्लिखित आधार र कारणबाट मृतक कृष्ण तामाङलाई प्रतिवादी राजकुमार तामाङले कर्तव्य गरी मारेको पुष्टि भएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. विपरीतको कसुरमा ऐ. महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६८।२।१६ को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रस्तुत वारदात घटित हुनुको पछाडिको कारण परिवारको अन्य सदस्यबाट थप माया पाउने अभिलाषा नै प्रमुख कारकको रूपमा देखिन्छ । हजुरबुबा नाति नाता सम्बन्धमा रहेका मृतक र प्रतिवादीबीच ज्यानै लिनुपर्नेसम्मको रिसइबी रहे भएको पनि देखिँदैन । यस्तो परिस्थितिको परिणामस्वरूप प्रस्तुत वारदात घटित हुन गएको भवितव्य होकी भन्नेसम्मको तथ्यलाई यस अदालतले नजरअन्दाज गर्न सक्दैन । कसुर र सजायमा तादाम्यता हुनु आवश्यक हुन्छ । यही कुरालाई मुलुकी ऐन, अ.बं.१८८ नं. ले सम्बोधन गरेको छ । प्रतिवादीको उमेर वारदात समयमा १९ वर्ष मात्र भएको र रक्सी खाएको अवस्थामा उक्त घटना घटाएको अवस्था हुँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.अनुरूप कानूनले तोकेको पूरै सजाय गर्दा चर्को पर्ने देखिन्छ । ऐ. महलको १३(३) नं. बमोजिमको सजाय ठहर गरी न्यायको रोहमा प्रतिवादीलाई १२ (बाह्र) वर्ष कैद सजाय गर्दा पनि न्यायको मक्सद पूरा हुने देखिँदा मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम कैद वर्ष १२ (बाह्र) हुन उपयुक्त देखिन आयो । तसर्थ प्रतिवादी राजकुमार तामाङलाई कैद वर्ष १२(बाह्र) हुने ।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०९२१, वैदेशिक रोजगार ठगी, मुकुन्द मालाकार वि. नेपाल सरकार

प्रतिवादी मुकुन्द मालाकारले मौकामा र अदालतमा अभियोग दाबीबमोजिमको आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि जाहेरवालाले जाहेरी दरखास्तसाथ पेस गरेको कागजलाई होइन भनी पूर्णरूपमा अस्वीकार गर्न सकेको अवस्था देखिँदैन । यस्तोमा केवल प्रतिवादीको इन्कारी बयानलाई मात्र आधार बनाई आरोपित कसुर गरेको होइन होला भनी अनुमान गर्नु न्यायोचित नहुने ।

इजाजत नपाउने व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी जाहेरवालाहरूसँग पैसा लिएको कुरा पुष्टि भइरहेको हुँदा यी प्रतिवादी मुकुन्द मालाकारले वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) अनुसारको कसुर गरेको देखिन आयो । उक्त कसुरमा सजायको सम्बन्धमा ऐ. ऐनको दफा २४(२) आकर्षित हुने नै देखिन्छ । त्यसैले यी प्रतिवादी मुकुन्द मालाकारलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) अनुसार सजाय हुने ठहर गरेको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने ।

श्रम तथा रोजगार प्रवर्द्धन विभागतर्फबाट अभियोग पत्र दायर गरेको देखिन्छ । वैदेशिक रोजगार ऐन, २०४२ को दफा १९ मा वैदेशिक रोजगारसम्बन्धी कसुरमा अनुसन्धान तहकिकातको लागि अनुसन्धान

अधिकृतको व्यवस्था गर्ने र सोको लागि प्रहरी र सरकारी वकिलको सहयोग लिनसक्ने कानूनी व्यवस्था गरेको देखिन्छ । यसरी तत्कालीन प्रचलित ऐनको परिधिभित्र रही अनुसन्धान र अभियोजन भएको देखिँदा अधिकार क्षेत्रविहीन निकायले अभियोग पत्र दायर गरेको भन्ने नदेखिने ।

अतः उल्लिखित आधार र कारणहरूबाट प्रतिवादी मुकुन्द मालाकारलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ र २४(२) को कसुरमा सोही दफाबमोजिम रू.२५,०००।- जरिवाना गरी जाहेरवाला नगेन्द्र उप्रेतीसँग लिएको रू.३,४५,०००।- र जाहेरवाला कृष्णप्रसाद आचार्यसँग लिएको रू.७,७५,०००।- समेत गरी जम्मा रू.११,२०,०००।- र सोको ५०% ले हुने हर्जानासमेत निज प्रतिवादीबाट दिलाई भराई पाउने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६४।३।२० को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।८।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मीना गुरूङ

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७३ साल माघ २३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-०११७ र ०७३-RC-००५५, कर्तव्य ज्यान, नेपाल सरकार वि. बुद्धिमाया न्यौपाने र नेपाल सरकार वि. शिवप्रसाद न्यौपाने

जाहेरवाला मृतकको श्रीमती मिनादेवी डाँगीको मौकाको कागज र अदालतको बकपत्रबाट समेत शिवप्रसाद न्यौपानेले खटियाको खुट्टाले टाउकोमा गरेको प्रहारबाट मृतकको मृत्यु भएको कुरा खुलाई दिनुका साथै जाहेरी दरखास्त, मौकामा कागज गर्ने व्यक्तिहरूको मौकाको कागज र अदालतको बकपत्रबाट समेत सो कुराको समर्थन हुन गएको देखिएबाट प्रतिवादी शिवप्रसाद न्यौपानेको कर्तव्यबाट नै मृतक चक्रबहादुर डाँगीको मृत्यु भएको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको फैसला कानूनसम्मत नै देखिने ।

प्रतिवादी बुद्धिमायाले मृतकलाई मार्ने कार्यमा प्रत्यक्ष भूमिका निर्वाह नगरेको भएपनि वारदातस्थलमा रहेर पनि केही नगरी हेरी बसेको तथा मृतकलाई कुटपिट गर्न रोकेको अवस्थासमेत नहुँदा उक्त ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम २ वर्ष कैद हुने गरी सुरू अदालतबाट भएको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत, दिपायलको फैसला कानूनसम्मत नै देखिने ।

उपर्युक्तबमोजिमको आधार कारणबाट प्रतिवादी शिवप्रसाद न्यौपानेलाई अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र प्रतिवादी बुद्धिमाया न्यौपानेलाई ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम २ वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०७१।१।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

मृतकले यी प्रतिवादी शिवप्रसाद न्यौपानेको आमासँग विवाद गरेको कारण तत्काल आवेशमा आई साधारण खाटको खुट्टाले प्रहार गर्दा मृतकको टाउकोमा लाग्न गई घाइते भई मृत्यु हुन पुगेको देखिन्छ । प्रतिवादीले मार्नको लागि मनसायका साथ पूर्वतयारी गरी वारदात घटाएको अवस्था देखिएको छैन । निजले कुनै गम्भीर र जोखिमी हतियारको प्रयोग गरेको अवस्था छैन । वारदातको बखत प्रतिवादीको १८ वर्षको कलिलो उमेर अवस्था देखिन्छ । पारिवारिक नातासम्बन्धभित्रकै लेनदेनको कारण विवाद सिर्जना भई आवेशमा घटेको प्रस्तुत घटना भवितव्य होकी भन्नेजस्तो देखिएको र प्रतिवादीले

कसुर स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको स्थितिसमेतलाई दृष्टिगत गर्दा प्रतिवादी शिवप्रसाद न्यौपानेलाई सर्वश्वसहित जन्मकैदको सजाय चर्को पर्ने देखिँदा मुलकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२(बाह्र) वर्ष कैदको सजाय हुन पुनरावेदन अदालत, दिपायलबाट व्यक्त राय मनासिब देखिएकोले निज प्रतिवादी शिवप्रसाद न्यौपानेलाई अ.बं. १८८ नं. बमोजिम १२(बाह्र) वर्ष कैद हुने ।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७३ साल पुस ६ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-WO-०२२३, ०७१-FN-०२७२, उत्प्रेषण / परमादेश, दीपकप्रसाद घिमिरे वि. जिल्ला प्रहरी कार्यालय, काभ्रेपलान्चोक

निवेदकले दाबीको रकम बुझाइसकेपछि निवेदकले लापरवाही गरी आफूलाई फाइदा र संगठनलाई घाटा भएको भन्न न्यायोचित हुँदैन । किनभने विवादको उठान नै निवेदकले रू.८,०००।– नबुझाएकोले प्रहरी नियमावली, २०४९ को नियम ८५ को कसुर कायम गरेको देखिन्छ । नियम ८५ नियम ८४(क) सँग सम्बन्धित छ । नियम ८५ मा सामान्य लापरवाही गरेमा नियम ८४ (क) ले निर्दिष्ट गरेको नसिहत दिन मिल्छ । तर उठान भएको अन्तरवस्तु रू.८,०००।- नै हो । उक्त रकम निवेदकले मिति २०६९।२।२२ बुझाएको कुरा अञ्चल प्रहरी कार्यालय, बागमतीको निर्णय पर्चामा उल्लेख भएको अवस्थामा सो कार्यालयका प्रमुखले विचार नगरी प्रहरी नायब उपरीक्षकले मिति २०६९।२।१९ मा गरेको निर्णय सदर गर्ने गरेको मिति २०७१।३।१० को निर्णय तथ्यगतरूपमा मिलेको नदेखिँदा उक्त दुवै निर्णय र सोसँग सम्बन्धित पत्राचारहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) र नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम उत्प्रेषणको आदेशले बदर हुने ।

निवेदकलाई नसिहत दिने दुवै निर्णयसमेत बदर भएको र निवेदक प्रहरी संगठनमा कार्यरत रही रहेको अवस्थालाई दृष्टिगत गर्दा नसिहत यथावत् राखी राख्दा प्रहरी सेवाको भावी दिनमा मनोबल (Moral) कमजोर भई पेशागत गुण (Professional quality), क्षमता र निपूर्णता (Capacity and efficiency) मा प्रतिकूल असर परी कर्तव्य परायणतामा ह्रास आई अमनचयन (Law and order) को स्थिति बिग्रन सक्ने हुँदा निवेदकलाई गरिएको नसिहतको सजाय फुकुवा गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन ३० गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-०६६९, सम्पत्ति शुद्धीकरण, नेपाल सरकार वि. विजयकुमार कुशवाहसमेत

प्रतिवादी ओमप्रकाश चौधरीको साथबाट भा.रू.५,००,०००।- (पाँच लाख) बरामद भएको र निजबाट बरामद उक्त भारतीय रूपैयाँ के कस्तो वैधानिक स्रोतबाट आर्जन भएको हो भन्ने कुरा प्रस्तुत गर्न सकेको नदेखिएको हुँदा निज प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को अनुसूची १ को देहाय (भ) मा उल्लिखित मुद्रासम्बन्धी सम्बद्ध कसुर (प्रेडीकेट अफेन्स) गरेको देखिन आयो । प्रतिवादी ओमप्रकाश चौधरीलाई सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३०(१) बमोजिम कैद वर्ष २(दुई) र बिगोको दोब्बर रू.१६,००,०००।- (सोह्र लाख) जरिवाना गरी सोही ऐनको दफा ३४(१) बमोजिम निजबाट बरामद

भारतीय रूपैयाँ ५ लाख मोटर साइकल र हेलमेट जफत हुने ठहर्‍याएको फैसलामा कानूनी त्रुटि भएको नदेखिने।

मिसिल संलग्न रहेको सौमया ट्रेड लिङ्क, गौरको कारोबार सञ्चालन गर्दा कर रकम दाखिला गरेकोसम्बन्धी विवरण अध्ययन गर्दा सौमया ट्रेड लिङ्क (लेखा नं.६०००१२७३७) ले आ.व.२०६९।७० को अनुमानित आर्थिक विवरणमा कुल आय रू.१ करोड, करयोग्य आय रू.२ लाख उल्लेख गरेको देखिन्छ । त्यसैगरी सौमया ट्रेड लिङ्कले २०६९ असोजदेखि २०७० जेष्ठसम्मको मु.अ.कर विवरणमा करयोग्य बिक्री २,७८,२४,१८५।०० र करयोग्य खरिद रू.२,७३,४२,७००।– उल्लेख गरी पेस गरेको देखिन्छ भने आन्तरिक राजस्व कार्यालय, सिमराले च.नं.४०६ मिति २०७०।४।२९ को पत्रमा सौमया ट्रेड लिङ्कले २०७० साल जेष्ठ महिनाको मूल्य अभिवृद्धि कर विवरण बुझाएको र सो विवरणअनुसार जेठ महिनाको जम्मा करयोग्य बिक्री रू.८४,७७,४६५ देखिएको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । यसबाट प्रतिवादी विजयकुमार कुशवाहले बरामद रूपैयाँ सौमया ट्रेड लिङ्कको कारोबारको रकम हो भनी गरेको बयान सौमया ट्रेड लिङ्कले पेस गरेको कारोबारको विवरणबाट पुष्टि भइरहेको नै देखिन आउने।

प्रतिवादी विजयकुमार कुशवाहउपर सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २(श) मा उल्लिखित सम्बद्ध कसुर (प्रेडिकेट अफेन्स) मा अनुसूची १(भ) मा उल्लेख भएको कसुरको अभियोग लिएको देखिन्छ । अनुसूची १(भ) मा मुद्रा, बैंकिङ, वित्तीय, विदेशी विनिमय, विनिमय अधिकार पत्र बीमा वा सहकारीसँग सम्बन्धी कसुर भन्ने उल्लेख भएको पाइन्छ । उल्लिखित कसुर मुद्रा, बैंकिङ, वित्तीय, विदेशी विनिमय, विनिमय अधिकार पत्र बीमा वा सहकारीसँग सम्बन्धी कसुरमध्ये प्रतिवादीले अभियोग पत्रमा कुनचाहिँ सम्बद्ध कसुर गरेको हो भन्ने यकिन गरी दाबी लिएको अवस्था छैन । प्रतिवादी विजयकुमारबाट बरामद रकम सौमया ट्रेड लिङ्कको कारोबारको रकम हो भन्ने कुरा माथिको प्रकरणहरूमा उल्लिखित विवरणबाट प्रमाणित भइरहेको देखिएकोले बरामद रकम सम्पत्ति शुद्धीकरणको कसुर गरी प्राप्त गरेको भन्ने देखिन नआउने।

प्रतिवादीहरू रमेशकुमार अग्रवाल र नीलम देवी अग्रवालबीच पति-पत्नी नाताको रहेको देखिनुका साथै सौमया ट्रेड लिङ्क प्रतिवादी निलम देवी अग्रवालको नाममा दर्ता रही सञ्चालनमा रहेको देखिन्छ । सोही सौमया ट्रेड लिङ्कमा कर्मचारीको रूपमा कार्यरत रहेका प्रतिवादी विजयकुमार कुशवाहको साथबाट बरामद भएको रूपैयाँ सौमया ट्रेड लिङ्कको कारोबारको रकम भएको प्रमाणित भएको हुँदा प्रतिवादीहरू निलम देवी अग्रवाल र रमेशकुमार अग्रवालले अभियोग दाबीबमोजिम सम्पत्ति शुद्धीकरणको कसुर गरेको देखिन आएन। प्रतिवादीहरू विजयकुमार कुशवाह, रमेशकुमार अग्रवाल र निलम देवी अग्रवालले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने।

तसर्थ, माथि विवेचित आधार, प्रमाण र कानूनबाट प्रतिवादी ओमप्रकाश चौधरीलाई सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को अनुसूचीको खण्ड१ को देहाय (भ) को कसुर गरेको ठहर गरी ऐ. ऐनको दफा ३०(१) बमोजिम कैद वर्ष २ (दुई), जरिवाना रू.१६,००,०००।– (सोह्र लाख) हुने, बरामद नगद भा.रू.५,००,०००।-, मोटरसाइकल, हेलमेट ऐ. ऐनको दफा ३४(१) बमोजिम जफत हुने तथा अन्य प्रतिवादीहरू विजयकुमार कुशवाह, रमेशकुमार अग्रवाल र निलम देवी अग्रवालले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट

मिति २०७१।४।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल चैत ६ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खड्का,** ०६७-CI-०७१२, जग्गा खिचोला मेटाई टाटी दिवाल भत्काई चलन चलाई पाउँ भन्ने, शिव पुजन लोहार वि. लाला काँदुसमेत

कुनै पक्षले यो जग्गा आफ्नो हो भन्ने दाबी गर्नेले त्यसको ठोस सबुद प्रमाण पनि पेस गर्नुपर्ने हुन्छ । यो जग्गा यो स्रोतबाट आफ्नो नाममा यति आएको हो भनी स्पस्टरूपमा स्रोत देखाउन नसकेको अवस्थामा बाटो निकास जस्तो सबैले उपभोग गर्न पाउने न.नं.१५ को जग्गालाई बाटो कायम गर्दा वादी प्रतिवादी दुवैले निकास लिनसक्ने भई समन्यायको दृष्टिकोणबाट सो न.नं.१५ को जग्गामा बाटो कायम गरी फैसला गर्नुपर्नेमा सो नगरेको हदसम्मको मिति २०६६।९।२०।२ को पुनरावेदन अदालत, बुटवलको फैसला केही उल्टी हुने।

न.नं.१२ को प्रतिवादीको जग्गाको साँध सीमाना जोडिएको नक्साका प्रकृतिले न.नं.१३ को दक्षिणपट्टी साँधसम्म जोडिन आएको देखिँदा सो न.नं.१४ को जग्गा प्रतिवादीकै देखिन आयो। न.नं.१४ को जग्गाको हकमा वादीको दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल पुस २४ गते रोज १ शुभम्।

- यसै लगाउको ०६७-CI-०७११, पराल हटाई जग्गा खिचोला मेटाई निकास बाटो खुलाई चलन चलाई पाउँ भन्ने, शिव पुजन लोहार वि. लाला काँदुसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खड्का,** ०७२-CR-१३९८, भ्रष्टाचार (सरकारी अनुदानको रकम हिनामिना तथा दुरूपयोग), नेपाल सरकार वि. रूबी कुमारी यादवसमेत

प्रतिवादीहरूले विद्यालयको नाममा प्राप्त अनुदानको रकम भ्रष्टाचार गरेको स्थापित नभई विवादित रकम बेरूजुको भएकोले जिल्ला शिक्षा कार्यालय, सर्लाहीको मिति २०७२।२।२९ को पत्रबाट प्रतिवादीहरूबाट बेरूजुको रकम असुलउपर भइसकेको देखिन्छ । त्यस्तो बेरूजुको रकमलाई भ्रष्टाचार मान्नको लागि बेरूजु भनी लेखाउने पक्षलाई पनि प्रतिवादी कायम गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा त्यस्तो रकम बेरूजुसरह असुलउपर गर्नु भनी सुविधा दिने पक्षलाई प्रतिवादी बनाएको छैन । बेरूजु भनी उन्मुक्ति दिने पक्षलाई सुविधा दिई बेरूजु रकम बुझाएको प्रतिवादीहरूले भ्रष्टाचार गरेको भनी मान्न नमिल्ने।

विवादित स्कुलमा प्राप्त अनुदानको रकम खर्चको प्रयोग, बिल, भरपाई देखाउन नसकेको कारण विभागीय स्तरबाट बेरूजु ठहऱ्याई सो बेरूजु रकम दाखिला गर्नको लागि म्यादसमेत तोकी पत्राचार गरेको देखिन्छ । तोकिएको म्यादभित्र नै दाबीको रकम सरकारी राजश्व खातामा बैंक दाखिला भएको अवस्था छ । यसरी आधीकारिक निकायले पत्राचार गरी सोअनुरूप बेरूजु रकम दाखिला गरेको देखिँदा प्रतिवादीहरूले अभियोग दाबीबमोजिम आफूलाई फाइदा पुऱ्याई सरकारी हानि नोक्सानी गरेको भन्ने पनि देखिन आएन । त्यसैले प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई भएको सुरू फैसलामा कानूनी त्रुटि रहेको नदेखिने।

अतःउपरोक्त विवेचित आधार र कारणहरूबाट प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी मिति २०७२।३।२० गते भएको विशेष अदालत,

काठमाडौंको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मीना गुरूङ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल चैत ६ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-WO-०६४४, उत्प्रेषण / परमादेश, मेदनारायण लाल देव वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत

निवेदक मिति २०६८।९।९ भन्दा अगाडि नै अवकाश भएको भए पनि शिक्षा नियमावलीको नियम ३९(१) बमोजिम निजलाई माध्यमिक तहको द्वितीय श्रेणीमा बढुवा गरी अनिवार्य अवकाश दिइनु पर्ने कानूनी व्यवस्था रहेको हुँदा निजलाई मिति २०६८।९।९ मा माध्यमिक शिक्षक तृतीय श्रेणीबाट द्वितीय श्रेणीमा बढुवा गरेको कार्यसमेत कानूनसम्मत नै रहेको देखिन आउने ।

निवेदकले मिति २०६९।४।२३ सम्म अविछिन्नरूपमा आफू कार्यरत विद्यालयमा रूजु हाजिर भई अध्यापन गरी आएकोले निजले सो अवधिको नियमानुसार पाउने तलब, भत्तालगायतको अन्य सुविधा निजले काम र परिश्रम गरेबापत जहाँ कुनै संस्थाले कुनै व्यक्तिलाई काममा लगाएको छ भने त्यस्तो पारिश्रमिक र सुविधासँग जोडिएका अन्य सुविधाहरूमा निवेदकको हक दाबी न्यायोचित नै हो भन्ने मान्नुपर्ने हुन्छ । यसरी शिक्षकको अभिलेख दुरूस्त राखी अनिवार्य अवकाश दिनुपर्ने कर्तव्य भएको विद्यालय शिक्षक किताबखानाले आफ्नो दायित्व पूरा नगरेको कारणबाट अवकाश हुने मितिभन्दा बढी अवधि काम गरेको अवधिको खाइपाइसकेको तलब भत्ता निवेदकको निवृत्तिभरणबाट कट्टा गरी असुल गर्ने र निवेदकको बढुवासमेत रद्द गर्ने गरेको विपक्षीहरूको कार्य कानूनसम्मत र न्यायोचित देखिन नआउने ।

तसर्थ, माथि विवेचित आधार र कारणहरू समेतबाट यी रिट निवेदकले मिति २०६७।१०।१० देखि बढी अवधिसम्म काम गरेको मिति २०६९।३।३० सम्म खाएको तलब भत्ताको रकम निजको सो अवधिको पेन्सन रकमबाट कट्टा गर्ने भनी विद्यालय शिक्षक किताबखानाको मिति २०७०।९।९ को निर्णय र सो कार्यालयको च.नं. २८९९ मिति २०७०।१०।१९ को पत्र एवम् सोसम्बन्धी अन्य काम कारवाहीहरूसमेत न्यायोचित र कानूनसम्मत नहुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने । निवेदकलाई माध्यमिक शिक्षक तृतीय श्रेणीको पदबाट माध्यमिक शिक्षक द्वतीय श्रेणीको पदमा मिति २०६८।९।९ मा निर्णय गरी दिएको बढुवाको पद कायम नै रहने हुँदा निवेदकले २०६७।१०।१० देखि २०६९।३।३० सम्म निज कार्यरत विद्यालयमा रूजु हाजिर भई काम गरेको अवधिको निजले खाईपाई आएको तलब भत्तासँग सम्बन्धित सुविधासम्म कायम रहने भई निवेदकको पेन्सन रोक्का गरेको कार्य उत्प्रेषणको आदेशद्वारा बदर भएको हुँदा विपक्षी विद्यालय शिक्षक किताबखानालगायतका विपक्षीहरूका नाममा सो काम गरेको अवधिको निजले पाइसकेको सबै सुविधा निजले पाउने पेन्सनबाट कट्टा नगरी निजले खाइपाई आएको पेन्सन रोक्का नगर्नु निजको पेन्सन दिनु भनी विद्यालय शिक्षक किताबखानालगायतका विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-१४६८, कर्तव्य ज्यान र जबरजस्ती चोरी, सौगात ढकाल वि. नेपाल सरकार

मृतक भावना कार्कीलाई कर्तव्य गरी मार्ने

कार्यमा यी प्रतिवादीको मात्र संलग्नता रहेको र निजले मृतकको घाँटीमा धारिलो हतियार खुकुरी प्रहार गरेको र सोही चोटबाट मृतकको मृत्यु भएको कुरा निजले मृतकलाई मार्न प्रयोग गरेको खुकुरीसमेत बरामद भएको तथ्यसमेतबाट देखिएको हुँदा यी प्रतिवादीले खुकुरीले प्रहार गरेको चोटबाट मृतकको मृत्यु भएको देखिँदा यी प्रतिवादी सौगात ढकाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा देखिन नआउने।

प्रतिवादीले मृतकलाई २०६८।१२।१० मा नै मृतकको कोठामा गई खुकुरी प्रहार गरी हत्या गरेपश्चात् उक्त घटना छिपाउने उद्देश्यले बाहिरबाट ताल्चा लगाई भागी गएको देखिन्छ। हत्या भएको ५ दिनपछि मात्र मिति २०६८।१२।१५ मा मात्र लास फेला परेको अवस्था रहेबाट यी प्रतिवादीले प्रतिरक्षा गर्दा मृतकको मृत्यु भएको भनी लिएको पुनरावेदन जिकिर तथ्ययुक्त र विश्वासप्रद मान्न मिल्ने देखिएन। यसरी धारिलो हतियार खुकुरी प्रयोग गरी मृतकलाई मार्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहेको कुरा मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट पुष्टि भएको देखिँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीको मृतकलाई मार्ने पूर्व योजना र तयारी रहेको नदेखिएको, आफ्नो प्रेमिकाका कोठामा नचिनेका भारतीय नागरिक अर्धनग्न अवस्थामा भेटिएको अवस्था रहेको, एकैपटक मात्र प्रहार गरेको खुकुरीको चोटको कारणबाट मृतकको मृत्यु भएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिएको, प्रतिवादी आफैँले साथमा खुकुरी लिएर नगई मृतककै कोठामा रहेको खुकुरी प्रयोग गरी मृतकलाई प्रहार गरेको, प्रतिवादी घटना घट्दा २१ वर्षको उमेरको रहेको, घटित वारदातको परिस्थितिसमेतलाई विचार गर्दा भवितव्य हो कि भन्नेसम्मको आशङ्का रहेको देखिँदा प्रतिवादी सौगात ढकाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा न्यायको रोहमा चर्को पर्न जाने देखिँदा निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय गर्दा दण्डको उद्देश्यसमेत पूरा हुने हुँदा निजलाई १२ वर्ष कैद सजाय हुने।

तसर्थ, उल्लिखित तथ्य, कानून तथा विवेचित आधार र कारणसमेतबाट प्रतिवादी सौगात ढकाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।८।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी सौगात ढकाललाई ठहरेबमोजिमको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल मङ्सिर २३ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-WO-०८८७, उत्प्रेषण / परमादेश, दिनानाथ शर्मा सुवेदी वि. जिल्ला शिक्षा कार्यालय, बागलुङसमेत

दाबी लिएको विषयवस्तुमा सम्बन्धित निकाय र पदाधिकारीबाट निर्णय भई निवेदकको हक अधिकारमा असर परेको भन्ने अवस्थाको विद्यमानता रहेको देखिँदैन भने रिट निवेदकले भुक्तानी लिनका लागि चाहिने आवश्यक कागजातसमेत संलग्न गरी

कारवाही माग गर्न गएको अवस्थासमेत रहे भएको नहुँदा निवेदकले माग गरेको विषयवस्तु नै अपरिपक्व (Premature) रहेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने नदेखिने।

उत्प्रेषण कानूनद्वारा अधिकारप्रदत्त न्यायिक र अर्ध न्यायिक निकायले गरेको निर्णय ठिक बेठिक के रहेछ भनी हेरी सो निर्णयको वैधानिकता परीक्षण गर्न जारी हुने अधिकार सम्पन्न आदेश हो। साधिकार निकायबाट निर्णय नै नभएको विषयमा उत्प्रेषणको आदेश जारी हुन सक्दैन । साथै परमादेशको आदेश न्यायिक र अर्धन्यायिक निकायले कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी आवश्यक प्रमाण कागजातसमेत संलग्न गरी कानूनी कारवाही माग गर्न जाँदा कारवाही अगाडि नबढाएमा, काम गर्न ढिला गरेमा र काम कारवाही अगाडि बढाउन इन्कार गरेमा जारी हुने।

सञ्चित बिदाबापतको रकम भुक्तानी पाउँ भनी जिल्ला शिक्षा कार्यालय, बागलुङसमक्ष कारवाही माग गर्न जाँदा यी निवेदकले आवश्यक कागजात नै पेस नगरी निश्चित विधि र प्रक्रियाको पालनासमेत नगरी रकम भुक्तानी माग गर्न गएको लिखित जवाफबाट देखिएको र आवश्यक कागजात संलग्न गरी भुक्तानी माग गर्न सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा गएमा आवश्यक कारवाही हुने नै हुँदा परमादेशको आदेशसमेत जारी गर्नुपर्ने अवस्थाको विद्यमानतासमेत रहेको देखिन नआउने।

अतः उल्लिखित तथ्य, विवेचित आधार र कारणहरूसमेतबाट निवेदकले दाबी लिएको विषयमा सम्बन्धित निकाय र अधिकारीबाट निर्णय नै नभएको र उपचारको माग गरेको विषय नै अपरिपक्व (Premature) रहेको हुँदा निर्णय नभएको विषयमा उत्प्रेषणको आदेश जारी हुन सक्दैन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

इति संवत् २०७३ साल कात्तिक ९ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७३-WH-००९०, बन्दीप्रत्यक्षीकरण, सुधा अग्रवाल वि. राजश्व अनुसन्धान विभाग हरिहरभवनसमेत

निवेदक दिनेश अग्रवाललाई मुद्दाको अनुसन्धानको सिलसिलामा पक्राउ गरी मुद्दा हेर्ने अधिकारीको अनुमतिले म्याद थप गराएको भन्ने पनि देखिएको र अनुसन्धान अधिकारीलाई कानूनले दिएको अधिकार प्रयोग गरी निवेदकबाट धरौट माग गरेकोमा मागबमोजिम धरौट दिन नसकेको कारणबाट थुनामा बसेको भन्ने देखिन आएकोले निवेदन मागबमोजिम गैरकानूनी थुनामा रहेको मान्न मिल्ने अवस्था देखिएन । तसर्थ निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी रहनु पर्ने नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

मिसिल संलग्न कागजबाट निवेदक दिनेश अग्रवाललाई मिति २०७४।२।२ मा पक्राउ गरेको भन्ने देखिएको छ। अनुसन्धानको क्रममा निवेदकलाई बयान गराई मिति २०७४।२।१४ को आदेशबाट धरौट दाखिल गर्न नसकेको कारणबाट थुनामा रहेको देखिन आएको छ । यसरी निवेदक दिनेश अग्रवाल मिति २०७४।२।२ देखि आजसम्म अनुसन्धानको क्रममा थुनामा रहेको भन्ने देखिए तापनि निज दिनेश अग्रवाल विरूद्ध अभियोग पत्र दायर भइसकेको भन्ने देखिन आउँदैन। विपक्षीको लिखित जवाफबाट मुद्दामा यो, यो प्रमाण बुझिएको र अनुसन्धान हुन यो यस्तो विषय बाँकी रहेको भन्ने पनि नदेखिएकोमा विनाकारण अनिश्चितरूपमा लामो अवधिसम्म थुनामा राख्नु उचित मान्न नमिल्ने।

तसर्थ निवेदकको पति दिनेश अग्रवाललाई

निजउपरको आरोपित कसुरमा अनुसन्धानका लागि भनी निजको बयानबाहेक अन्य कुनै प्रमाण बुझेको भनी लिखित जवाफबाट नदेखिएको र बुझ्नु पर्ने व्यक्ति वा प्रमाण जो जे बुझ्नुपर्ने हो यथाशीघ्र बुझी कानूनले तोकेको अवधीभित्रै अभियोग दायर गर्नुपर्ने अनुसन्धानबाट देखिए सोसमेतका निर्णय / कारवाही प्रक्रिया अविलम्ब अघि बढाउनु पर्नेमा निवेदकलाई अनुसन्धानको लागि भनी थुनामा राखी लामो अवधिसम्म कारवाही अगाडि नबढाउने कार्य कुनै पनि दृष्टिकोणबाट न्यायोचित मान्न नसकिने हुँदा यो आदेश प्राप्त भएको मितिले १५ दिनभित्र अनिवार्यरूपमा निवेदकका पति दिनेश अग्रवाल विरूद्ध लगाएको अभियोगका सम्बन्धमा निर्णय गरी सक्नु भनी राजश्व अनुसन्धान विभागका अनुसन्धान अधिकारी र जिल्ला न्यायाधिवक्ता राजश्व अनुसन्धान विभाग हरिहरभवन, ललितपुरको ध्यान आकर्षण गराई अब आइन्दा अनुसन्धानका नाममा लामो समयसम्म प्रमाण बुझ्ने कार्य नगरी अभियुक्तलाई थुनामा नराख्नु भनी निर्देशनसमेत दिने।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल असार ६ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७३-WH-००८९, बन्दीप्रत्यक्षीकरण, सुशील जगनानी अग्रवाल वि. राजश्व अनुसन्धान विभाग हरिहरभवनसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०३८५, ग्वाली ट्वाइलेट कम्पाउन्डवाल भत्काई लुटपिट, विमलादेवी घिमिरे वि. नविन कोइरालासमेत

वादीले आफ्नो दाबीमा प्रतिवादीले सामान ट्याक्टरमा लोड गरी लगेको भनी जिकिर लिएको पाइन्छ जबकी स्वयम् वादीका साक्षी बिजुली राय अमातले अदालतसमक्ष बकपत्र गर्दा बकपत्रको स.ज. ८ मा इट्टाहरू टाउकोमा जनले लगेको हो भनी लेखाई दिएको पाइन्छ जसबाट वादी दाबी पुष्टि भएको मान्न मिल्ने देखिँदैन भने प्रतिवादीका साक्षी सागर बरालले अदालतसमक्ष बकपत्र गर्दाका अवस्थामा प्रतिउत्तर जिकिर समर्थित हुने गरी लडेको दिवाललाई जन लगाएर अर्को ठाउँमा राखेको हो भनी लेखाइदिएको पाइन्छ । घर, ट्वाइलेट, बाथरूमको नाप साइज पूर्वअवस्था पनि फिरादमा उल्लेख भएको देखिँदैन । यसै मुद्दामा भएको आदेशानुसार मिति २०६९।१०।२६ मा भई आएको सरजमिन मुचुल्कामा पनि उक्त दाबीको संरचना र सोको मूल्यसमेत खुलाइएको देखिँदैन । यसरी लुटपिटको प्रयोजनार्थ बिगो, प्रारूप आदिको पुष्टि हुने प्रमाण वादीबाट पेस दाखेल भएको अवस्था मिसिलबाट देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २६ मा दाबी प्रमाणित गर्ने भारः देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने कानूनी व्यवस्थाबमोजिम वादीले यस मुद्दामा लिएको जिकिर प्रमाणित गर्न सकेको देखिँदैन । यस्तो स्थितिमा सुरू मोरङ जिल्ला अदालतबाट वादी दाबीबमोजिम प्रतिवादीले लुटपिट गरेको भनी आंशिक दाबी ठहर गरेको फैसलालाई उल्टी गरी वादी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको फैसला न्याय र कानूनसङ्गत देखिन आयो। तसर्थ वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः वादी दाबीबमोजिम गुवाली घर, ट्वाइलेट, बाथरूमसमेत भत्काई नोक्सान पारी लुटपिट गरेको प्रमाणबाट पुष्टि नभएको देखिँदा वादी दाबी नपुग्ने ठहर गर्नुपर्नेमा प्रतिवादीले रू.४०,०००।– (चालीस हजार रूपैयाँ) को हानि नोक्सानी गरी लुटपिट गरेको ठहर गरी प्रतिवादी र वादीलाई जरिवाना हुने ठहऱ्याई मोरङ जिल्ला अदालतबाट मिति २०६९।११।१६ मा गरेको फैसला मिलेको नदेखिँदा सो फैसलालाई उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर्छ भनी पुनरावेदन

अदालत, विराटनगरले मिति २०७०।१२।३० मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-CR-०६२१, कर्तव्य ज्यान, निला राई वि. नेपाल सरकार

प्रतिवादी अविवाहित केटी हुनु, चण्डीमेला हेर्न गएका बेला अरूण राईसँगको अवैध यौन सम्बन्ध हुन गई गर्भ रहनु, बेलुका ५:३० बजेतिर जङ्गलमा घाँस काट्न गएको अवस्थामा आफूले नवजात बच्चालाई जन्मदिएकोमा बच्चा मरेको थियो भन्ने निजको बयान स्वाभाविक देखिँदैन । प्रतिवादीको पेटमा पूरा समय पुगेको बच्चा जन्मनको लागि बेथा लागेपछि जंगलतर्फ गएको कुरा परिस्थितिले आफैँ बोलेको अवस्था हुनु, कोही कसैको सहाराबेगर एक्लै जङ्गलमा बच्चा जन्माउनु, बच्चा जन्माएको कुरा प्रकाशमा नल्याउनु, बच्चा जन्मिएकोलाई जंगलमा प्लाष्टिकको झोलामा हाल्नु आदिजस्ता परिस्थितिजन्य कुराहरूबाट निज प्रतिवादीले अदालतमा गरेको बयान व्यहोरा र निजका साक्षीको बकपत्र विश्वसनीय नदेखिने।

जाहेरवाला प्रतिवेदकहरूले यी प्रतिवादीलाई पक्राउ गर्नुभन्दा अगाडि गाउँलेले सोधखोज गर्दा प्रतिवादी स्वयम्ले अवैध बच्चा जन्माई मारेको कुरा साबित भई प्रहरीमा जिम्मा लगाई दिएको भन्ने व्यहोरा स्वाभाविक नै देखिँदा प्रतिवेदकहरूको बकपत्रलाई अन्यथा मान्नुपर्ने देखिन आउँदैन । प्रतिवादीले मौकामा गरेको बयान सिलसिलेवार र मालाकाररूपमा भएको छ जुन स्वाभाविकरूपको देखिन्छ । मरेको बच्चा जन्मिएको थियो भन्ने वा बच्चा जन्मेपछि मरेको भन्ने कुरा पुष्टि हुने आधार र कारण प्रतिवादीले पेस गर्न सकेको पाइएन। सजायबाट छुट वा कमी पाउनको लागि प्रतिवादीले आफ्नो प्रमाणद्वारा पुष्टि गर्नुपर्दछ भन्ने कुरा प्रमाण ऐन, २०३१ को दफा २७ मा व्यवस्था गरिएको छ। उक्त कानूनी व्यवस्थाबमोजिम प्रतिवादी आफैँले मौकामा गरेको बयान झुठा हो भनी आफ्नो प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था छैन । यसर्थउपरोक्त उल्लिखित परिस्थितिजन्य प्रमाणबाट यी अविवाहित प्रतिवादीले अवैध गर्भ धारण गरी जंगलमा घाँस काट्ने निहुँमा गई पूरा समय पुगेको छोरा जातकको बच्चा जन्माई मारी फालेको कुरा पुष्टि हुन आएको देखिँदा पुनरावेदन अदालत, धनकुटाको फैसला अन्यथा नदेखिई मिलेको नै देखिने।

प्रतिवादी एक अविवाहित १९, २० वर्ष उमेरकी कलिली गाउँले परिवेशकी केटीले पर पुरूषको विश्वासमा परी अवैध यौन सम्बन्ध राखेको कारण निजको पेटमा गर्भ रहन गएको देखिन्छ। प्रतिवादीले जसको विश्वासमा परी गर्भधारण गरेको हो सो व्यक्तिपछि प्रतिवादीले फेला नपारेको अवस्थामा सामाजिक लोक लाजबाट बच्न आफ्नो कोखबाट जन्मेको शिशुलाई मार्नुबाहेक निजले विकल्पको रूपमा केही नदेखेको अवस्थामा ठहर भएबमोजिम सजाय गर्दा चर्को पर्ने देखिने । यस्तो अवस्थामा कसुरको मात्रा, प्रतिवादीहरूको उमेर, पारिवारिक एवम् सामाजिक परिवेशसमेतलाई हेर्दा यी प्रतिवादी निला राईलाई ठहरेबमोजिमको जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने चित्तमा लागेको र प्रतिवादी निला राईलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने गरी व्यक्त भएको सुरू भोजपुर जिल्ला अदालतको रायमा केही कम गरी पाँच वर्ष कैदको सजाय गर्दा ऐनको मकसदसमेत पूरा हुने देखिँदा निजलाई कैद वर्ष पाँच गर्ने गरेको पुनरावेदन अदालत, धनकुटाले व्यक्त गरेको रायसमेत मनासिब देखिँदा मिलेको नै देखिने।

अतः उल्लिखित मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी निला राईलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम

सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू भोजपुर जिल्ला अदालतले मिति २०७१।३।३२ मा गरेको फैसलालाई सदर गरी प्रतिवादी निला राईलाई प्रतिवादीहरूको उमेर र घटनासमेतलाई मध्यनजर गरी अ.बं.१८८ नं. बमोजिम पाँच वर्ष कैद गर्ने ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०७१।१२।१६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः प्रेम खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-१०५०, ज्यान मार्ने उद्योग, राजेश लामा वि. नेपाल सरकार

घटना घटेको समयमा पीडितलाई फलामको जोखिमी हतियारले हान्दाहान्दै मानिसहरू कराउँदै जम्मा हुन थालेकोले प्रतिवादी दीपक लामासमेत सो स्थलबाट भागेका हौं भनी सहप्रतिवादी दीपक लामाले आफ्नो बयानमा लेखाएको पाइन्छ। पीडितलाई मार्न नपाउँदै मानिसहरू घटनास्थलमा जम्मा भएको कारण प्रतिवादीहरू भागी गएको कारणले पीडितको ज्यान बचेको देखिन्छ। यस्तो अवस्थामा यी प्रतिवादी राजेश लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम पाँच वर्ष देखि १५ वर्षसम्मको कैद हुने देखियो। प्रतिवादी राजेश लामा २२ वर्षको कलिलो उमेरको र एक साधारण औषधि उद्योगमा काम गर्ने कर्मचारी रहेको देखिन्छ। प्रस्तुत घटनाका पीडित सोमन अर्याल र घटना भएको प्रत्यक्ष देखी जान्ने साक्षीहरूलाई अदालतमा उपस्थित गराई वादी पक्षले बकपत्र गराउन सकेको अवस्था छैन। यस्तो अवस्थामा यी प्रतिवादी राजेश लामालाई ज्यानसम्बन्धी महलको १ र १५ नं. को कसुरमा ऐ. को १५ नं. बमोजिम ६ वर्षको कैद हुने।

अतः उल्लिखित कानूनी व्यवस्था, घटना विवरण र तथ्यहरूको आधारमा प्रतिवादी राजेश लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ६(छ) वर्ष कैदको सजाय गर्नुपर्नेमा ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम १०(दश) वर्ष कैदको सजाय गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०५५।३।२४ को फैसलालाई सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।१ को फैसला कैदको हकमा केही उल्टी भई प्रतिवादी राजेश लामालाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ६(छ) वर्ष कैद हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल जेठ २५ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-१२६८, लागु औषध (खैरो हिरोइन), नेपाल सरकार वि. नविनकुमार चौलागाईसमेत

प्रतिवादी जगतबहादुर थापाले अदालतसमक्ष बयान गर्दा जितेन्द्र थापाले आफू बिरामी परेकोले रकम पठाइदिन अनुरोध गरेको हुँदा रकम पठाइदिएको भनी बयान गरेको पाइन्छ भने यसरी पठाएको रकम लागु औषध खरिद गर्नकै लागि पठाएको हो भन्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षले गुजार्न सकेको नदेखिएको, यी प्रतिवादीहरूको साथबाट लागु औषध बरामद नभएको, प्रतिवादीहरू अदालतसमक्षको बयानमा कसुरमा इन्कारी रही बयान गरेकोसमेत आधारमा केवल अनुसन्धान अधिकारीसमक्ष अन्य प्रतिवादीहरूले आफ्नो बयानमा यी प्रतिवादीहरूलाई समेत पोल गरेकै आधारमा मात्र निजहरूलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम सजाय गर्न मिल्ने देखिँदैन। तसर्थ अभियोग दाबीबमोजिम सजाय ठहर गरेको सुरूको फैसला उल्टी गरी प्रतिवादीहरू जितेन्द्रकुमार थापा र जगतबहादुर थापाले अभियोग

दाबीबाट सफाइ पाउने ठहरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिबै देखिन आउने।

प्रतिवादीहरू माधव गौतम र भुवन खत्रीले आफूहरू लागु औषध सेवनकर्तासम्म रहेको तर बिक्री वितरण नगरेको भनी अदालतको बयानमा सेवन गरेको कुरालाई स्वीकार गरेको र निजहरूको साथबाट लागु औषधसँग सम्बन्धित कुनै चीजवस्तु फेला परेको भन्ने प्रमाण वादी पक्षले गुजार्न नसकेको समेत आधारमा प्रतिवादीहरू माधव गौतम र भुवन खत्रीलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) र ६(१) बमोजिम सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला केहि उल्टी गरी निजहरूलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम जनही १(एक) वर्ष कैद हुने ठहरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी नविनकुमार चौलागाई पक्राउ पर्दाको अवस्थामा निजको साथबाट नगद रू.३९,५००।– भारू रू.४,१००।– र बा १ प ३९९२ को मोटरसाइकल र हेलमेटसमेत बरामद भएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन्छ। यसरी प्रतिवादीबाट बरामद भएको रकम अत्यधिक धेरै रहेको नदेखिएको र मोटरसाइकल सर्वसाधारणले आफ्नो व्यक्तिगत आवतजावतको लागि प्रयोग गर्ने गरेको परिप्रेक्ष्यमा उक्त मोटरसाइकल निजले लागु औषध खरिद बिक्री गरेकै रकमबाट खरिद गरेको हो भन्ने कुनै वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न नसकेको अवस्थामा बरामदी मोटरसाइकल, हेलमेट र नगदसमेत जफत नगर्ने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा हुने नदेखिने।

तसर्थ उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादीहरू जितेन्द्रकुमार थापा र जगतबहादुर थापालाई ५ (पाँच) वर्ष कैद र रू.१०,०००।- (अक्षरेपी दश हजार) जरिवाना हुने ठहर भएको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी निजहरूले कसुरबाट सफाइ पाउने ठहरेको, अन्य प्रतिवादीहरू माधव गौतम र भुवन खत्रीलाई ५ (पाँच) वर्ष कैद र रू.१०,०००।- (अक्षरेपी दश हजार) जरिवाना हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी निजहरूलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम जनही १ वर्ष कैद सजाय हुने ठहरेको एवम् प्रतिवादी नविनकुमार चौलागाईको साथबाट बरामद भएको नगद रू.३९,५००।– र भारू ४,१००।– र बा १ प ३९९२ को मोटरसाइकल र हेलमेट जफत नगर्ने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७४ साल जेठ २ गते रोज ३ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०१८४, ०६८-CR-१०७६, कर्तव्य ज्यान, जयबहादुर कार्की वि. नेपाल सरकार, नेपाल सरकार वि. पदमकुमारी कार्कीसमेत

लास जाँच मुचुल्काबाट मृतकको शरीरमा विभिन्न घा खतहरू भएको देखिँदा आत्महत्या गरेको भए त्यति घा खत लाग्न नपर्ने र त्यसमा पनि शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्यु Head Injury को कारणबाट भएको देखिन आएकोले निजको मृत्यु आत्महत्याको कारण नभई कर्तव्यबाट भएको कुरा पुष्टि भएको छ। लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनको व्यहोराबाट मृतकको मृत्यु कर्तव्यबाटै भएको तथ्य स्थापित भइरहेको र चोटको प्रकृति हेर्दा झुण्डिएको नभई कुटपिटबाट भएको कुरा समर्थितसमेत भइरहेको पाइयो। अघिल्लो दिनसम्म जीवित रहेकी

मृतकलाई यी प्रतिवादीले जिम्मा बुझिलिएकै रातबाट हराइरहेकी र निजको लास झुण्डिएको अवस्थामा भेटिएको तथा सो लासमा कुटपिटका चिह्नहरूसमेत प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कुटपिट गर्दा मरेकी भन्ने साबिती बयानसँग मिल्न भिड्न आएको र सो साबिती डर त्रास कुटपिटबाट भएको भन्ने जिकिर सुरू अदालतमा प्रतिवादीले लिन नसकेबाट मृतकलाई कुटपिट गरेकै कारणबाटै सरीता कार्कीको मृत्यु भएको तथ्य समर्थित भइरहेको देखिँदा निजले मुलुकी ऐन, २०२० ज्यानसम्बन्धीको महलको १ र १३ नं. को देहाय दफा ३अनुसारको कसुर गरेको ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिने।

प्रतिवादी पदमकुमारी कार्की, मृतक सरीता र प्रतिवादी जयबहादुर कार्की सुतिरहेको घरमा सुते पनि सरीतालाई बोलाई जङ्गलमा लगी बाँसको फट्टाले टाउको समेतका शरीरका विभिन्न अङ्गमा प्रहार गरी मृत्यु भएपश्चात् आफू अपराधबाट बच्ने उन्मुक्ति पाउने उद्देश्यले सालको रूखमा झुण्ड्याई दिएको भनी प्रतिवादी जयबहादुर कार्कीले बयान गरेको छ तर सो कसुरमाथि प्रतिवादी पदमकुमारी कार्कीको संलग्नता रहेको भनी भन्न लेखाउन सकेको देखिएन। निज पदमकुमारी अधिकारप्राप्त अधिकारीसमक्ष समेत कसुरमा इन्कारी भई बयान गरेको ज्यान मार्ने मत सल्लाहमा लागेको र घटनास्थलमा उपस्थित भएको कुरा ठोस प्रमाणबाट पुष्टि नभएको अवस्थामा शङ्का र अनुमानको भरमा निजलाई दोषी ठहऱ्याउन मिल्ने नदेखिने।

प्रतिवादी कृष्णमाया उप्रेती मृतक सुतेको घरमा पनि नगएको घटनास्थलमा उपस्थित पनि भएको नदेखिएको अनुसन्धानको क्रममा बुझिएका र घटना विवरण कागज गर्ने मानिसहरूले सो घटनामा निजको संलग्नता रहेको भन्न लेखाउन नसकेको र निज प्रतिवादी कृष्णमाया उप्रेती अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष कसुरमा पूर्ण इन्कार रही बयान गरेकोले आरोपित कसुर गरेको भन्ने अभियोग दाबीबाहेक अन्य ठोस तथा तथ्ययुक्त सबुद प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत गरिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: निर्णय आधार कारणहरूबाट प्रतिवादी जयबहादुर कार्कीलाई अभियोग माग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने र प्रतिवादी कृष्णमाया उप्रेतीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको फैसला सदर गरी प्रतिवादी पदमकुमारी कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष कैद गर्ने गरी भएको सुरू सर्लाही जिल्ला अदालतको मिति २०६६।१०।३ को फैसला केही उल्टी गरी प्रतिवादी पदमकुमारी कार्कीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मित २०६८।२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी जयबहादुर कार्की र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: यमप्रसाद बासकोटा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल वैशाख २७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०८०४, लागु औषध सेतो हेरोइन, राधिका वि.क. वि. नेपाल सरकार

बरामद लागु औषध प्रतिवादीसँग झगडा भएका व्यक्तिहरूले प्रतिवादीलाई फसाउनका लागि निज घरमा नभएको र आमा घरमा भएको समयमा कोठाको टेबुलमा छाडेका हुन् भन्ने प्रतिवादीको मुख्य पुनरावेदन जिकिर देखिन्छ। तर उक्त जिकिर पुष्टि हुने

कुनै पनि ठोस सबुद प्रमाण प्रतिवादीबाट गुज्रन आएको पाइँदैन । कोठाबाट बरामद भएको लागु औषधको सम्बन्धमा प्रहरीले सोहीबमोजिमको बरामदी मुचुल्का खडा गर्नुपर्नेमा यी प्रतिवादी सार्वजनिक ठाउँमा उभिएको अवस्थामा निजको स्वेटरको खल्तीबाट बरामद भएको भनी बरामदी मुचुल्का खडा गर्नुपर्ने गरी प्रतिवादी राधिकासँग अनुसन्धान अधिकारीसमेतले रिसइवी पूर्वाग्रह राखेकोसमेतको कुनै कुरा मिसिलबाट खुल्न आउँदैन । बरामदी मुचुल्काको व्यहोरा सत्य साँचो रहेको भनी प्रतिवेदक प्र.ना.नि. विनोद सिंह राठौरसमेतले अदालतमा उपस्थित भई बकपत्र गरिदिएको अवस्था छ । आफूले लागु औषध खरिद बिक्री कारोबार गरी आएको र सो सिलसिलामा मिति २०६७।८।१० का दिन मेरो साथबाट बरामद भएको सेतो हेरोइन पनि मैले निज कमाल भन्ने विदेशी नागरिक हप्सीसँग खरिद गरेँ। म आफैँले कालो प्लास्टिकमा राखी स-साना पोका बनाई मैले लगाएको सुइटरको खल्तीमा राखी दीपेन्द्रलाई बिक्री गर्न भनी निज दीपेन्द्रले भनेको काठमाडौं स्वयम्भूस्थित हलचोक अगाडि सडक किनारामा उक्त दिन दिउँसो निज दीपेन्द्रको प्रतीक्षामा उभिइरहेको अवस्थामा निज दीपेन्द्र आई नपुग्दै मिति २०६७।८।१० को दिउँसो र ४ बजेतिर प्रहरीले मलाई नियन्त्रणमा लिई मेरो शरीर तलासी लिँदा बरामदी मुचुल्कामा उल्लेख भएबमोजिम सेतो हेरोइन फेला परी बरामद भएको भनी अभियोग दाबीबमोजिमको कसुर गरेकोमा प्रतिवादी मौकामा साबित रहेको पाइन्छ । उक्त साबिति प्रमाण ऐन, २०३१ को दफा ९ विपरीत डर, धाक, धम्की, प्रलोभन, आश्वासन वा अनुचित प्रभाव आदिबाट हुन आएको हो भन्ने सम्बन्धमा प्रतिवादीले साक्षीलगायतको ठोस प्रमाण गुजार्न नसकी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ को प्रमाणको भारको दायित्वलाई पूरा गर्न सकेको देखिएन । यसर्थ पुनरावेदक प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(च) को कसुरमा ऐ. को दफा १४(१)(छ)(२) बमोजिम १२ वर्ष कैद र रू.२,००,०००।– जरिवाना गरेको मिति २०६९।५।२६ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल चैत २९ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-०४३३, कर्तव्य ज्यान, युद्धबहादुर गौतम वि. नेपाल सरकार

आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको कुराको जिकिर लिनेले सो कुराको वस्तुनिष्ठरूपमा प्रमाणितसमेत गराउनु सक्नुपर्छ । तर प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारिएको, धम्की दिएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई स्वेच्छाको होइन भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने देखिने ।

प्रतिवादी युद्धबहादुर गौतमले ढुङ्गा प्रहार गरी सोही चोटपीरबाट सुशीला गौतमको मृत्यु भएको तथ्य स्थापित भएको हुँदा निज प्रतिवादी युद्धबहादुर गौतमलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. तथा १३(३) नं. को विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी दाङ देउखुरी जिल्ला

अदालतबाट मिति २०७०।११।२६ मा भएको फैसला सदर गर्ने पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रस्तुत घटनालाई केलाई हेर्दा मृतकले अत्यधिक मादक पदार्थ सेवन गरी सधैँभरी दु:ख हैरान दिएको कारण ढुङ्गा टिपी प्रहार गरेको भनी प्रतिवादीले मौकामा बयान गरेको देखिन्छ। मृतकलाई मार्ने पर्ने भन्ने पूर्वरिसइवी वा वैमनस्यताको कारण प्रतिवादीले ढुङ्गा प्रहार गरेको भन्ने मिसिल संलग्न कुनै पनि तथ्य प्रमाणहरूबाट खुल्न आएको देखिँदैन। निज प्रतिवादीले मृतकलाई मार्छु नै भनी ढुङ्गा प्रहार गरेको होइन भनी बयान गरेको देखिएबाट मार्ने योजना, पूर्वरिसइवीको अभाव रहेको अवस्थामा तत्काल उठेको रिसको आवेगमा भएको ढुङ्गा प्रहारको कारण सुशीला गौतमको मृत्यु भएको देखिँदा प्रतिवादी युद्धबहादुर गौतमलाई हदैसम्मको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम प्रतिवादी युद्धबहादुर गौतमलाई १२ (बाह्र) वर्ष कैद हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक ९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-०३३९, कर्तव्य ज्यान, नेपाल सरकार वि. युवराज तामाङ

बरामदी पेचकसका लम्बाई जम्मा ६ इन्च रहेको र जसमा ३ इन्च लामो काठको बिँड रहेको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ । बसभित्र इन्जिनको मर्मत गर्न प्रयोग भएको उक्त साधन धारिलो रहेको पनि देखिँदैन। यसप्रकारको हतियारलाई जोखमी हतियार भन्न मिल्ने नदेखिने।

पूर्व रिसइवी मनसाय र योजनाविनै तत्कालै उठेको रिस थाम्न नसकी साधारण पेचकसले प्रतिवादीले मृतकलाई प्रहार गर्दा मृतकको मृत्यु भएको देखिएको प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिमको वारदात देखिन आउने।

तसर्थ सुरू कास्की जिल्ला अदालतको फैसला उल्टी गरी पुनरावेदक प्रतिवादी युवराज तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम कैद वर्ष १० सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको मिति २०७१।२।१९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज १४ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७३-RC-००२१, कर्तव्य ज्यान / जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. छत्रबहादुर नेपाली

प्रतिवादीले मृतकलाई करणी गर्ने मनसाय राखी हातमा समाती करणी गर्न देउ भनी मृतकको हात समातेको देखिएबाट प्रतिवादीको आपराधिक मनोभावनायुक्त उद्देश्य राखी मृतक बसेको ठाउँमा गएको देखिन्छ । एउटा आपराधिक मनसायले मृतक बसेको ठाउँमा गएका यी प्रतिवादीले सो उद्देश्य पूरा नभएपछि अर्को आपराधिक कार्य अर्थात् कर्तव्य ज्यानसमेतको कसुर गरेको देखिने।

आत्मरक्षाको सुविधा पाउन जोरजुलुम गर्न लागेकोमा गुहार मद्दत माग्न नसकिने वा मागे पनि मद्दत नसक्ने वा त्यस्तो पञ्जाबाट भागी उम्की ज्यान बचाउन फुर्सद नपाउने अवस्थाको विद्यमानता हुनुपर्दछ। प्रस्तुत वारदातमा मृतकले सतीत्व रक्षाको लागि प्रतिवादीलाई खुकुरी देखाउने क्रिया स्वाभाविक

देखिन्छ । मृतकले देखाएको खुकुरी प्रतिवादीले खोसी आफ्नो नियन्त्रणमा लिइसकेपछि सोही खुकुरीले मृतकलाई प्रहार गरी कर्तव्य गरी मृतकलाई मारेको देखिएको प्रस्तुत वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धीको ७ नं. को देहाए दफा १ आकर्षित हुन सक्ने नदेखिने ।

अतः प्रतिवादी छत्रबहादुर नेपालीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाए दफा १ बमोजिम सर्वस्वसहित जन्मकैद र जबरजस्ती करणीको महलको ५ नं. बमोजिम ४ वर्ष कैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७२।९।१९ को फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज १४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-११७४, जग्गा निखनाई पाऊँ, कामेश्वर ठाकुर लोहार वि. महेश महतोसमेत

मोही जोधा ठाकुरको मृत्यु भएपछि निजको छोराले कारवाही चलाई एक कित्ता जग्गाको मोहीहक नामसारी गराइसकेको देखिँदा बाबुको मृत्युपछि बाँकी कामकारवाहीका लागि छोराले निरन्तरता दिन नपाउने भन्न सकिँदैन । कि.नं. ३२४ मा घर भएको जग्गा र कि.नं. ३२८ को जग्गाको मोही यी वादीका पिता जोधा ठाकुर मोही भएकोमा विवाद नभएको साथै जोधा ठाकुरको यी वादीबाहेक अन्य सन्तान नभएकोले अरूमा मोही हक जान सक्ने अवस्था नै नभएकोले मोहीको मृत्युपछि निजका कानूनबमोजिमका हकदारले जहिलेसुकै मोहियानी हक नामसारी गराई लिन पाउने नै हुँदा मोही नामसारीको प्रक्रिया पूरा नहुँदैमा हक निखन्न नै नपाउने भन्न नमिल्ने ।

तसर्थ सुरू मालपोत कार्यालय, सर्लाहीले वादी दाबीबमोजिम निखनाई लिन पाउने ठहऱ्याई गरेको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने गरी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।१०।२० को फैसला उल्टी भई वादी दाबीबमोजिम जग्गा निखनाई लिन पाउने ठहर गरेको सुरू मालपोत कार्यालय, सर्लाहीको फैसला सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-१०३५, ०७१-CR-१२२५, कर्तव्य ज्यान, शोभाराम माउतसमेत वि. नेपाल सरकार, भोला माउतसमेत वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादीहरूले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहेको देखिए तापनि निजहरूको अदालतको इन्कारी बयान मिसिल संलग्न तथ्य प्रमाणले समर्थन गरेको देखिँदैन । निज प्रतिवादीहरूले कसुरमा साबित रही एक अर्कालाई पोलसमेत गरी गरेको अधिकार प्राप्त अधिकारीसमक्षको बयान बरामदी चक्कु, लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदन र प्रत्यक्षदर्शी शिवकुमारको बकपत्रसमेतबाट समर्थित छ । यस अवस्थामा यी पुनरावेदक प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(१) ले प्रमाणमा लिनुपर्ने ।

तसर्थ पुनरावेदक प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा निज प्रतिवादीहरू भोला माउत, शोभाराम माउत, विष्णु माउत, श्यामलाल माउत र विनोद वर्मासमेतलाई सोही महलको १३ नं. को देहाए दफा ३ बमोजिम जन्मकैद हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति

२०७०/१०/५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज १४ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CI-०२२९, उत्प्रेषण, नरेशकुमार अग्रवालसमेत वि. संजयकुमार वर्णवाल

पुनरावेदकहरूको घरदैलोमा तामेल भएको इतलायनामाको सूचनाको बारेमा पुनरावेदकहरूलाई थाहा जानकारी भएन भनी मान्न मिल्दैन । सो म्यादमा उल्लेख भएको वतन पर्सा जिल्ला, वीरगन्ज उपमहानगरपालिका वडा नं. ७ बाटै निजहरूले मृतकसँगको नाता प्रमाणित गरी ल्याएको हुँदा घर दैलोमा टाँस तामेल भएको इतलायनामा म्यादले कानूनी मान्यता प्राप्त गर्ने नै देखिने।

पुनरावेदकहरूले उठाएको कपाली तमसुकको लिखतको बारेमा रिट क्षेत्रबाट प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने प्रमाणको मूल्याङ्कन गर्नु उचित र रिटसम्बन्धी अवधारणाको अनुकूल नदेखिने भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७२।२।२७ मा पुनरावेदकहरूका पिताका नाउँमा उल्लिखित रीतपूर्वक तामेल भएको म्यादलाई गैरकानूनी भन्न नमिली रिट निवेदन खारेज हुने ठहऱ्याएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक ११ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-०११९, कुटपिट अङ्गभङ्ग, नेपाल सरकार वि. महाराज यादवसमेत

कुनै अङ्ग कुटपिटबाट भाँच्चिएको वा फुक्लेकोमा उपचारपश्चात् पनि कुनै सुधार नभई त्यो अङ्ग निष्क्रिय भई कुनै काम गर्न नसक्ने भएमा मात्र बेकम्मा भएको मान्न सकिन्छ । तर उपचारपश्चात् पहिलाको जस्तै त्यो अङ्गले काम गर्न सक्षम हुन्छ र काम गरिरहेको छ भने त्यस्तो अवस्थामा बेकम्माको अर्थ गर्न नमिल्ने।

कुटपिटको वारदातमा जयनारायण राउतको बायाँ हातका औंला भाँच्चिन गएकोमा मुद्दा कारवाहीको क्रममा पीडितको हालको स्वास्थ्य परीक्षणका लागि भएको आदेशानुसार नारायणी उपक्षेत्रीय अस्पताल, वीरगन्जको पत्रमा पीडितको स्वास्थ्य परीक्षण गरी दिएको रायमा पीडितको बायाँ हातका औंला हाल काम लाग्ने अवस्थामा रहेको भन्ने उल्लेख छ । परीक्षण प्रतिवेदनबाट पीडितको हातका औंला हाल काम लाग्ने अवस्थामा रहेको हुँदा काम नलाग्ने गरी बेकम्मा पारी प्रतिवादीहरूबाट अङ्गभङ्ग कुटपिटका कार्य भएको भनी मान्न सक्ने अवस्था नदेखिने।

अतः माथि विवेचित आधार र कारणबाट प्रस्तुत वारदातको प्रकृति र त्यसबाट पीडितलाई पर्न गएको चोटको मात्रा, भाँच्चिएको हातका औंलाहरू हालको अवस्थाको राय प्रतिवेदनसमेतबाट प्रस्तुत वारदात अङ्गभङ्ग कुटपिटको अन्तर्गतको वारदात नदेखिएबाट प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहर गरेको सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६८।२।२३ मा भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।९।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक ११ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-०३९६, लागु औषध खैरो हेरोइन, मनिष अन्सारी वि. नेपाल सरकार

प्रतिवादी मनिष अन्सारीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान बरामदी मुचुल्का र प्रतिवेदकको किटानी बकपत्रसमेतबाट समर्थित भएको छ । यी प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा अनुसन्धान अधिकारीसमक्ष भएसम्मको सत्य व्यहोरा खुलाई बयान गरेको भनी उल्लेख गरेको देखिएको यस अवस्थामा यी पुनरावेदकको अनुसन्धानको क्रममा गरेको बयानसमेत प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिने ।

प्रतिवादीको उमेर अवस्था र ओसारपसारमा अन्य व्यक्तिले प्रयोग गरेको स्थितिसमेतलाई दृष्टिगत गर्दै यी पुनरावेदक प्रतिवादीलाई प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही पुनरावेदक प्रतिवादीलाई न्यूनतम सजाय हुने ठहऱ्याएको सुरु जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला कानून, न्याय र विवेकसम्मत देखिने ।

तसर्थ, प्रतिवादी मनिष अन्सारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(३) अनुसार १५ वर्ष कैद र रू.५,००,०००।– (पाँच लाख) जरिवानासमेत हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१।२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज १४ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-WO-०३८४, उत्प्रेषण, अनन्तराज लुइटेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

निवेदकहरूले निवेदनमा व्यक्त गरेको चिन्ता र खोजिएको उपचारमा विधिको शासन (Rule of law) को कुरामा कालोसूचीमा राख्ने प्रावधान र सोको कार्य प्रक्रिया कानूनमा उल्लिखित रही पारदर्शिरूपमा सुनुवाइको समेत मौका दिई हुने गरेको पाइँदा सोको जिकिर मनासिब पाइएन । मानव अधिकारको उचित सम्मान हुनुपर्छ र प्रत्येक नागरिकले सम्मानजनक जीवन (dignified life) बिताउन पाउनुपर्छ भनी उल्लेख गरेतर्फ हेर्दा रिट निवेदमा उठाइएका विषयहरूमा मानव अधिकारका हकदार देशका आम जनता रहने हुन्छन । ऋण लिने र ऋण दिने दुवैको मानव अधिकार र सम्मानजनक जीवनलाई आ-आफ्नो ठाउँमा सम्मान गर्नु अपरिहार्य र वाञ्छनीय हुन जान्छ । ऋण लिएपछि तोकिएको सर्त र अवधिमा ऋण तिर्ने दायित्व ऋणीको हुन्छ भने आफ्नो सो दायित्व निर्वाह नगरेमा कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी ऋण असुल गर्ने अधिकार ऋणदाताको हो । यसरी ऋणीले आफ्नो दायित्व निर्वाह नगर्दा कानूनबमोजिम चालिएका कदमबाट आत्मसम्मानमा आँच आएको भनी अर्थ गर्न मिल्ने हुँदैन । ऋण लिने तर तिर्नमा धिङ्न्याई गर्ने, ऋणदाताले ऋण तिर्न ल्याउनु भनी सूचना प्रकाशित गर्दा सम्मानजनक जीवनमा आँच आउन सक्ने भनी कानूनअनुरूप भएका कार्य प्रक्रियालाई चुनौती दिने कार्यले स्वस्थ अर्थतन्त्रको प्रतीक भनी मान्न नसकिने ।

ऋणीका बाबु बाजेलाई कालोसूचीमा राख्ने नभई निज ऋणीलाई चिनाउन वा पहिचानको लागि मात्र बाबु बाजेको नाम तीनपुस्तेसमेत खुलाई रेकर्ड राख्ने तथा सूचना प्रकाशित गरिने गरिएको पाइन्छ । उक्त कार्य अन्य क्षेत्र सरकारी तथा गैरसरकारी सबैतिर नै कायम भई मान्य चलन र तरिका रहेको समेत पाइन्छ । ऋणीको तीनपुस्ते खुलाउने कानूनी व्यवस्था बदरतर्फ निवेदक पक्षले दाबी लिन नसकेको

अवस्थामा सोबमोजिम भए गरेका कार्यलाई मात्र बदर गरिपाउँ भनी गरिएको मागदाबी कानूनसम्मत देखिँदैन । ऋणीको तीनपुस्ते खुलाउने व्यवस्था गर्ने कानूनी प्रावधान बदर गर्न स्पष्ट निवेदनदाबी नरहेको, सो कार्य / प्रक्रिया कानूनसम्मतसमेत रहेको पाइँदा बाबु बाजेको नाम खुलाई गरिएको सूचनासमेतका कार्यले निजहरूलाई समेत कालोसूचीमा राखेको भनी मान्न नमिल्ने।

अतः माथि विवेचित आधार, कारण र नजिरसमेतबाट निवेदकहरूको रिट निवेदन तथ्ययुक्त र मनासिब रहेको पाइएन। तसर्थ ऋणीलाई कालोसूचीमा राख्ने तथा निजहरूको फोटो सार्वजनिकरूपमा बेइज्जतीपूर्ण र अन्यायपूर्ण हुने र त्यस्ता सन्तान दरसन्तानले व्यवसायसमेत गर्न नपाउने भएकोले त्यस्तो व्यवस्था खारेज गरी अब आइन्दा ऋणीको सन्ततिहरूलाई बाबु बाजे कालोसूचीमा परेका कारण बैंकिङ सुविधाबाट बञ्चित नगर्नु भनी परमादेशलगायतका आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने।

यद्यपि प्रस्तुत विवादमा उठाइएका विषयवस्तुहरू रिट निवेदन व्यहोरा, लिखित जवाफहरू, औंल्याइएका र आकर्षित कानूनी प्रावधान तथा पेस भएका बहसनोटसमेतको सुक्ष्म अध्ययन विश्लेषणपश्चात भविष्यमा कानूनको रूपमा मुखरित गराई गतिशिलता दिन वाञ्छनिय र न्यायपूर्ण हुने देखिँदा नेपाल राष्ट्र बैंकको नेतृत्वमा बैंक तथा वित्तीय संस्थाहरूको समेत संलग्नता रहेको अध्ययन समूह बनाई भविष्यमा त्यस्ता उल्लिखित विषयसँग सम्बन्धित मान्य अन्तर्राष्ट्रिय संगठनहरूका मापदण्ड तथा खुला अर्थतन्त्र अपनाउने विकसित मुलुकका कानूनी प्रावधानसमेत दृष्टिगत गरी निम्न निर्देशनको परिधिमा रही आवश्यक व्यवस्था गर्नेतर्फ उन्मुख हुनु भनी विपक्षी नेपाल राष्ट्र बैंकको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

(१) कर्जा लिने क्रममा नै ऋणीको सम्पत्तिको सही मूल्याङ्कन हुने वातावरणको सुनिश्चितता गर्ने।
(२) धितो रहेको सम्पत्ति लिलाम गर्दाको बखतको प्रचलित बजार मोलअनुसार लिलाम बिक्री तथा सकार गर्ने गराउने गरी व्यवस्था गर्ने।
(३) प्रत्येक ऋणीले ठगी गर्ने नियतवश नै कर्जा लिएको रकम नबुझाएको हो भन्ने मान्यता कर्जा प्रदायक संस्थाले राख्नु उपयुक्त नहुने हुनाले ऋणी र निजका परिवारप्रति सम्मान र सहानुभूति राखी न्यायोचित तवरले कर्जा असुल गर्ने प्रक्रिया थाल्न उपयुक्त हुने हुँदा सोको सुनिश्चितता हुने गरी व्यवस्था मिलाउने।
(४) कर्जा लिँदाका बखत गरिएको बाचाविपरीत बारम्बार ब्याजदरमा वृद्धि नगर्ने नगराउने।
(५) ऋण असुल प्रक्रिया प्रारम्भ भएपछि ऋणीको परिवारसँग सम्बन्धित अन्य सदस्यहरूको सामाजिक प्रतिष्ठा, इज्जत, सम्मानमा प्रतिकूल प्रभाव नपर्ने गरी आवश्यक व्यवस्था मिलाउने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल कात्तिक ८ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-CR-०९१२, अनियमित वन पैदावार ओसारपसार, नेपाल सरकार वि. महेश मण्डलसमेत

वास्तविक सवारी दर्तावाला अशोका पावर मोबाइल्स रहेको तथ्य मिसिल संलग्न बिलबुकको प्रतिलिपिबाट देखिरहेको पाइँदा सवारीधनी भनी दाबी लिएका प्रतिवादी महेश मण्डललाई कसुरदार ठहर गर्नु कानून र न्यायको रोहमा मिल्ने कुरा भएन । प्रस्तुत मुद्दामा वास्तविक सवारीधनीलाई प्रतिवादी नबनाई

दायर भएको हुँदा यस मुद्दाबाट निजलाई बुझ्दै नबुझी निजको हकहितमा असर पर्ने गरी सवारीसाधन जफत हुने गरी फैसला गर्नु प्राकृतिक न्यायसमेतको विपरीत हुन जाने।

वन ऐन, २०४९ को दफा ५०(४)(घ)(१) मा जनही कैद र जरिवाना हुने भन्ने कानूनी व्यवस्था भएको नभई पाँच हजारभन्दा बढी बिगो भएको वन पैदावार हटाउने कसुर गर्नेलाई बिगोको दोब्बर जरिवाना हुने भन्ने व्यवस्था भएबाट सो कसुर गर्ने एकभन्दा बढी कसुरदार भएको अवस्थामा प्रत्येकलाई सोहीबमोजिम दोब्बर सजाय गरिँदा जरिवाना र कैदको कुल मात्रा कानूनमा तोकिएभन्दा बढी हुन जाने हुन्छ । कसैलाई कानूनले हुने सजायभन्दा बढी सजाय गर्दा कानूनप्रतिकूल हुन्छ र यस्तो सजाय स्वतः बदरयोग्य हुन्छ । प्रस्तुत मुद्दामा एकभन्दा बढी प्रतिवादी रहेको र प्रत्येकले वनबाट अवैधरूपमा ल्याएको काठको मात्रा र परिमाणका लागि छुट्टाछुट्टै अभियोग लगाएको नभई सबैले ल्याएको काठको कुल परिमाण र बिगो जोड्दा पाँच हजारभन्दा बढी भएको र सोही बिगो र मात्राको आधारमा निजहरूउपर सामूहिकरूपमा दफा ५०(१)(घ)(४) बमोजिम सजायको दाबी लिएको पाइन्छ । यस्तो अवस्थामा कसुर ठहरी सजाय गर्दा सोहीबमोजिम उक्त सजाय सामूहिकरूपमा नै गरिनु पर्ने हुन्छ। कुनै कसुर गरेबापत ऐनमा स्पष्टतया जनही सजाय हुने भनी उल्लेख भएको अवस्थामा बाहेक एकभन्दा बढी कसुरदार भएमा सो सजाय सामूहिकरूपमा भएको मान्नुपर्ने र उक्त सजाय दामासाहीले नै असुल गरिनु पर्ने।

अतः उपर्युक्त विवेचित आधार, कारण र नजिरसमेतबाट प्रतिवादी महेश मण्डलले अभियोग दाबीबाट सफाइ पाउने, ट्याक्टर जफत नहुने र अन्य सम्पूर्ण प्रतिवादीहरूलाई दामासाहीले जरिवाना तथा कैद हुने भनी पुनरावेदन अदालत, इलामबाट मिति २०६९।१०।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७०-CR-०५९८, कर्तव्य ज्यान, भोजमान राई वि. नेपाल सरकार

प्रतिवादी भोजमान राईलाई के कस्तो सजाय हुन उपयुक्त हुन्छ भन्ने सन्दर्भमा विचार गर्दा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. एवम् १३ (३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैद गर्ने राय व्यक्त गरी पुनरावेदन अदालत, विराटनगरबाट फैसला भएको देखिन्छ।

प्रस्तुत मुद्दामा प्रतिवादीबाट भएको कसुरको प्रकृतिबाट कानूनले सर्वस्वसहित जन्मकैदको सजाय पनि तोकेको छ । तर कसुरको प्रकृति, वारदात हुँदाको अवस्था र परिस्थिति आदि कुराको आधारमा कसुरदारलाई सजाय निर्धारण गरी कसुर र सजाय बीचमा तादम्यता हुनु र गरिनु पर्ने । प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादी र मृतकका बीचमा श्रीमान श्रीमतीको सम्बन्ध रहेको देखिएको र प्रतिवादीको कुटाई प्रहारको चोट पीडाबाटै मृतकको मृत्यु भएको देखिए तापनि मृतकलाई मार्ने पर्ने सम्मको कुनै पूर्वरिसइवी वा कुनै षड्यन्त्रमा लागेको भन्नेसमेत नदेखिनुका साथै प्रतिवादीले मृतकलाई कुनै जोखिमी हातहतियार प्रयोग गरी वीभत्स ढङ्गबाट प्रस्तुत वारदात भएको पनि देखिँदैन। तसर्थ उपरोक्त अवस्था, परिस्थितिलाई मध्येनजर राख्दा यी प्रतिवादीका

हकमा कानूनबमोजिम हुने सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १०(दश) वर्ष कैद हुने गरी व्यक्त गरेको पुनरावेदन अदालत, विराटनगरको रायसहितको उक्त फैसला मनासिब नै देखिन आउने।

तसर्थ निज प्रतिवादी भोजमान राईलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ठहऱ्याई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १०(दश) वर्ष कैद हुने गरी व्यक्त गरेको रायसहितको पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।१२।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-०६९५, कर्तव्य ज्यान, अस्लम अन्सारी वि. नेपाल सरकार

प्रतिवादीले मौकामा आफ्ना पितालाई गोली लागेको घटनास्थलमा पुग्दा आफूलाई पनि गोली हान्ने चेतावनी दिएकाले खेततिर भागेको भनी उल्लेख गराएकोमा ती चेतावनी दिने व्यक्तिहरूले आफूलाई त्यहाँबाट खेद्दै लखेटेका कारण घटनास्थल छोडी भाग्नु परेको हो भनी भन्न सकेको देखिएन । निज प्रतिवादीको आफ्नो पितासँगको एकैसाथ निम्तो मानी आएको भए बाटोमा आफ्नो पितालाई अन्य व्यक्तिहरूले दिन दहाडै गोली हानेको अवस्थामा आफूलाई पनि गोली हान्लान् भन्ने डरले आफ्नोसमेत प्राण बचाउनका निमित्त खेततिर भागेको भए उक्त भाग्दाको क्रममा आफ्नो तथा बाबुको बचाउको निमित्त गुहार माग्दै भागेको भन्ने पनि देखिएको छैन। खेतमा रहेका स्थानीयहरूको सहयोग लिई बाबुको तत्काल उद्धारको निमित्त घटनास्थलतर्फ फर्की आएको भन्नेसमेत नदेखिएकोले निजको उक्त इन्कारी बयानलाई निजका साक्षीले युक्तियुक्त जवाफ दिई समर्थन गराउन सकेको पनि देखिँदैन । निजका साक्षीले गरेको उक्त बकपत्रमा यी प्रतिवादीले गोली हानि मारेका होइनन् भनी लेखाई दिँदैमा उक्त बकपत्र व्यहोराले निज प्रतिवादीको सो इन्कारी बयानलाई समर्थन गरिदिएको छ भनी मान्न मिल्ने अवस्था नै नदेखिने।

प्रतिवादीउपर निजले आफ्नै बाबु इसराईल अंसारीलाई गोली प्रहार गरी हत्या गरेको भनी किटानी जाहेरी परेको र जाहेरवालाले आफ्ना बाबुलाई गोली हानि हत्या गर्ने यी प्रतिवादी नै हुन् भनी अदालतमा उपस्थित भई बकपत्रसमेत गरिदिएको देखिएकोले उक्त मौकाको जाहेरी व्यहोरा, प्रतिवादीले अनुसन्धानका क्रममा गरेको बयान तथा बरामदी एवम् लास जाँच मुचुल्का र मृतकको शव परीक्षण प्रतिवेदनसमेतको व्यहोरामा तादम्यता रहेको देखिएको छ। यस स्थितिमा निज प्रतिवादी बब्लु भन्ने असलम अन्सारीले आफ्ना बाबु इसराइल अन्सारीलाई गोली हानि मारेको तथ्य पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६८।९।१२ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।११।५ को फैसला मिलेकै देखिने।

प्रतिवादी बब्लु भन्ने असलम अन्सारीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६८।९।१२ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।११।५

को फैसला मनासिब देखिएकोले सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-०४१५, कर्तव्य ज्यान, नेपाल सरकार वि. शेष नुरूल्लाहसमेत

प्रतिवादीहरूले मृतक सदरून नेसालाई मार्नुपर्नेसम्मको कुनै कारण र अवस्था रहे भएको भन्नेसमेत कहीँकतैबाट खुल्न आएको देखिएन । निज मृतक सदरून नेसालाई यी प्रतिवादीहरूसमेत भई कर्तव्य गरी मारेको देखेका हौं भनी मौकामा देख्ने प्रत्यक्षदर्शीसमेत कोही रहेभएको मिसिल संलग्न प्रमाणबाट देखिएको छैन । सदरून नेसालाई कर्तव्य गरी मारेको देख्ने प्रत्यक्षदर्शीलगायतका स्वतन्त्र प्रमाणको अभावमा यी प्रतिवादीहरू उपर अनुमान र शङ्काका भरमा व्यक्त गरिएका कथनलाई विश्वास गरी सोही आधारमा कर्तव्य ज्यान जस्तो जघन्य कसुरमा यी प्रतिवादीहरूलाई कसुरदार ठहर गर्नु न्यायोचितसमेत नहुने हुँदा निज प्रतिवादीहरू शेख औसैद आलम, शेख नुरूल्लाह, नथुनी देवान फकिर, सुफैद अंसारी, इस्लाम अंसारी भन्ने बहुदलिया र शेख जुमनउपर अभियोग दाबी पुष्टि हुने ठोस र वस्तुगत प्रमाण मिसिलमा मौजुदा नरहेको यस अवस्थामा निजहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्न नमिल्ने हुँदा निजहरूको हकमा अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू रौतहट जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०७०।१२।११ को फैसला मिलेकै देखिन आउने ।

प्रतिवादीहरू शेख औसैद आलम, शेख नुरूल्लाह, नथुनी देवान फकिर, सुफैद अंसारी, इस्लाम अंसारी भन्ने बहुदलिया र शेख जुमनका हकमा अभियोग माग दाबीबाट सफाइ दिने गरी सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६८।३।१३ र मिति २०६९।२।३१ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।१२।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७३-RC-००६४, कर्तव्य ज्यान र जबरजस्ती चोरी, नेपाल सरकार वि. मन्जिल मग्राती (सम्धी) समेत

मृतकको निधारदेखि बायाँ कन्चटसम्म सी आकारमा राखी ३४ वटा टाँका लगाएको, सोही घाउ पाकी कुहिएर हड्डीसमेत देखिएको अवस्थामा रहेको भन्ने मृतकको लास जाँच प्रकृति मुचुल्कामा उल्लेख छ । त्यस्तैगरी शरीरका विभिन्न भागमा चोटपटक लागि निधार तथा टाउकोको हड्डीसमेत फुटी टाँका लगाएका, विभिन्न चोटपटक देखिएको व्यहोरा उल्लेख गर्दै Cause of Death मा "Severe Head injury" भन्ने मिति २०७१।२।२३ को शवपरीक्षण प्रतिवेदनमा उल्लेख छ । वारदातस्थलमा रगत जमेको र रगत लागेका लाठीहरू भेटिएका, प्रतिवादी विनोद परियारको घरबाट खुकुरी बरामद भएकोमा उक्त खुकुरी मृतकलाई प्रहार गरेको भनी सनाखतसमेत गरिदिएबाट मृतकको मृत्यु स्वाभाविकरूपमा नभई प्रतिवादीहरूले खुकुरीलगायतका हतियार प्रयोग गरी घाइते बनाएकोले उपचारको क्रममा सोही चोटपटकको कारणले कर्तव्यबाट मृत्यु हुन गएको देखिन आउने ।

प्रतिवादीमध्येका सूर्यबहादुर र विनोद परियारले अदालतमा बयान गर्दासमेत उक्त मौकाको योजना बयान अनुसारकै तथ्यहरू खोली तीनैजना प्रतिवादीहरूले ज्यान मार्ने तथा चोरीको वारदात

घटाएको तथ्यमा योजना भई प्रतिवादीमध्येका मन्जिल मग्रातीलाई समेत पोल गरी बयान गरेको देखिन्छ । यसरी प्रतिवादी मन्जिल मग्रातीसमेत सहप्रतिवादीहरूको मिलोमतोमा उक्त वारदातमा गई कुटपिट गरी बरामद धनमालसमेत बाँडी लिए खाएकोमा साबित भई अदालतमा समेत बयान गरेको देखिँदा निज प्रतिवादीहरू समेतले अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत गरेको योजना बयान प्रमाणमा लिन मिल्ने नै देखिने ।

प्रतिवादीहरूको साबिति बयान, सख्त घाइते भएका सुरेन्द्रराज थपलियाको उपचारको क्रममा भरतपुर पूरानो मेडिकल कलेज, चितवनमा मिति २०७१।२।२२ मा मृत्यु भएको, निधारदेखि बायाँ कन्चटसम्म सी आकारमा राखी ३४ वटा टाँका लगाएको, सोही घाउ पाकी कुहिएर हड्डीसमेत देखिएको अवस्थामा रहेको भन्ने मृतकको लास जाँच प्रकृति मुचुल्का, शरीरका विभिन्न भागमा चोटपटक लागि निधार तथा टाउकोको हड्डीसमेत फुटी टाँका लगाएको, विभिन्न चोटपटक देखिएको व्यहोरा उल्लेख गर्दै Cause of Death मा “Severe Head injury” भन्ने मिति २०७१।२।२३ को शवपरीक्षण प्रतिवेदन, सो वारदातमा सँगसाथ रहेकी मृतककी श्रीमती जाहेरवाली कमला थपलियाको शरीरका हात, पाखुरा र खुट्टामा समेत Blunt weapon ले लागेका घाउ चोटहरू देखिएको भन्ने घाउ जाँच केस फाराम, वारदातस्थलमा रगत जमेको र रगत लागेका लाठीहरू भेटिएको भन्ने घटनास्थल मुचुल्का, प्रतिवादी विनोद परियारको घरबाट खुकुरी बरामद भएको सनाखत कागज, घाइते कमला थपलिया, जाहेरवाला, वारदातस्थलका मानिसहरूले अदालतमा गरिदिएको बकपत्र र मृतक सुरेन्द्रराज थपलियाले राष्ट्रिय वाणिज्य बैंकबाट सुनको गहना धितो राखी रू.१,३२,०००।– कर्जा लिनु भएको भन्नेसमेत व्यहोराको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, गोरखाको पत्रसमेतका मिसिल संलग्न प्रमाण कागजातलगायत अन्य भौतिक प्रमाणहरूले समर्थित भएको देखियो । तसर्थ निज प्रतिवादीहरूको कर्तव्यबाट मृतक सुरेन्द्रराज थपलियाको मृत्यु भएको पुष्टि हुन आउने ।

अतः उल्लिखित विवेचित तथ्य, प्रमाण र कानूनसमेतका आधारहरूबाट प्रतिवादीहरू विनोद परियार, सूर्यबहादुर आचार्य (डल्ले) र मन्जिल मग्राती (सम्धी) समेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिमको कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, पोखराबाट मिति २०७२।१२।२४ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७३-RC-००६७, कर्तव्य ज्यान, नेपाल सरकार वि. दिप्ती गुरूङसमेत

प्रतिवादी दिप्ती गुरूङले आफ्ना पति मृतक धनबहादुर बरामको घरायसी झगडाको कारण घाँटीमा डोरीको पासो लगाई झट्का दिई तानी घिसारी झल्याङ झुङ्लुङ पारेकोले सोही कारणबाट निजको मृत्यु भएको पुष्टि हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी पुनरावेदन अदालत, पोखराले गरेको फैसला मिलेकै देखिने ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष घरायसी झगडाको कारण मृतकले आफूलाई चक्कु लिई प्रहार गर्न लाग्दा मैले छली

निजको घाँटीमा रहेको डोरीको पासो लगाई झट्का दिई तानी घिसारी झल्याङ्ग झुङ्लुङ पारेकोले सोही कारणबाट निजको मृत्यु भएको हो मैले मार्ने उद्देश्यले हिर्काएको होइन भनी मृतक पति आफ्नो कर्तव्यको कारणबाट मरेको भन्ने तथ्यमा साबित रही न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याएको देखिन्छ । साथै प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको कुनै योजना तयारीसमेत रहेभएको मिसिल संलग्न प्रमाणबाट देखिँदैन । कसुरको प्रकृतिबाट कानूनले सर्वस्वसहित जन्मकैदको सजाय पनि तोकेको छ । तर कसुरको प्रकृति, वारदात हुँदाको अवस्था, परिस्थिति आदि कुराको आधारमा कसुरदारलाई सजाय निर्धारण गरी कसुर र सजायबीचमा तादम्यता हुनु र गरिनु पर्दछ । मृतक पतिलाई मार्नुपर्नेसम्मको रिसइवी प्रतिवादीसँग रहेको देखिँदैन । यी प्रतिवादीको उमेर २७ वर्ष रहेको मिसिलबाट देखिन्छ । तसर्थ वारदातको प्रकृति र प्रतिवादीको उमेरसमेतलाई मध्यनजर राखी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नम्बरबमोजिम प्रतिवादीलाई १० वर्ष मात्र कैदको सजाय हुन राय व्यक्त गरेको पुनरावेदन अदालत, पोखराको रायसमेत मनासिब नै देखिन आउने ।

अतः प्रतिवादी दिप्ती गुरूङलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३ (३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिमको कसुर ठहऱ्याई मुलुकी ऐन, अदालती बन्दोवस्तको १८८ नं. बमोजिम १० (दश) वर्ष कैद गर्न व्यक्त गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७३।०१।१६ को रायसहितको फैसला मिलेकै देखिँदा रायसहितको साधक सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-००६७, जबरजस्ती करणी, नेपाल सरकार वि. तुलबहादुर गुरूङ

जाहेरवालाले अदालतमा बकपत्र गर्दा प्रतिवादीले मेरो नाडीमा समाई लडाई मेरो शरीरमा लगाई राखेको हाफपेन्ट जबरजस्ती च्यातच्युत पारी लडाई थिची काका किन यसो गर्नुभयो भन्दा भोटेनीको मिठो राम्रो हुन्छ भनी भनेपछि मलाई रिस थाम्न नसकी यी प्रतिवादीलाई एक बक्सिङ हिर्काई लडाइदिएकी हुँ र ज्यान र जबरजस्ती करणीबाट बच्न उम्कन सफल भई भागेको हुँ भन्दै तर निजले मलाई करणी गरेको हो । उक्त करणी गरेको वारदातस्थल नजिकै सम्धी नुर्वु शेर्पाको घर थियो । उक्त वारदातमा मैले कराएको भए सुन्नु हुन्थ्योहोला । तर मैले कराइन भनी लेखाई दिएको देखिन्छ । त्यसैगरी जाहेरवालाले आफ्नो जाहेरीमा प्रतिवादीले मेरो पेटिकोट उँभो सारी भित्र सुरूवालसमेत च्याती खोली जबरजस्ती तवरले मैले प्रतिकार गर्दा गर्दै जबरजस्ती करणी गरेको" भनी लेखाएको देखिन्छ । यसरी जाहेरवालाको अदालतको बकपत्रमै कहीँ "प्रतिवादीलाई एक बक्सिङ हिर्काई लडाई दिएकी हुँ र ज्यान र जबरजस्ती करणीबाट बच्न उम्कन सफल भई भागेको हुँ" भनी र कहीँ "तर निजले मलाई करणी गरेको हो ।" भनी विरोधाभाषपूर्ण कुरा लेखाई दिएको देखिन्छ । त्यसैगरी जाहेरवालीले जाहेरीमा लेखाएको व्यहोरा र बकपत्रमा खुलाएको कुरा पनि एक आपसमा मिल्न भिड्न नआई विरोधाभाषपूर्ण देखिने ।

जाहेरवालीले बकपत्रमा उल्लेख गरेको वारदातस्थलको नजिकै घर भएका भनिएका जाहेरवालाका सम्धी नुर्वु शेर्पा, जो वादी पक्षको

गवाहको रूपमा अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । निजले वारदातको समयमा जाहेरवाली मेरो घरको गेटबाट गएको हो । घटनाबारे केही सुनाएन । घटनाबारे केही बताएको भए त्यतिबेला प्रतिवादीलाई कारवाही गराउने थिएँ। जाहेरवालीलाई कसैले उक्साएर जाहेरी दिएका हुन् भनी बकपत्र गरेको देखिन्छ। जाहेरी हेर्दा वारदात भएको भनिएको दिनको ५ दिनपछाडि मात्र परेको देखिन्छ। त्यसैगरी वादी पक्ष कै साक्षी जयबहादुर गुरूङसमेतले पनि यी प्रतिवादीले जबरजस्ती करणी गरेको कुरामा विश्वास लाग्दैन भनी बकपत्र गरिदिएको देखिन्छ । जाहेरवालीले करणी भयो भनेको समयमा प्रतिवादीसँग म स्वयम् भएकाले जबरजस्ती करणी भएको होइन भनी वादी पक्षका साक्षी मौकामा कागज गर्ने दीपक गुरूङले बकपत्र गरेको देखिन्छ। प्रतिवादीका साक्षीहरूले निजको जिकिर पुष्टि हुने गरी बकपत्र गरी दिएको पाइने ।

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष जाहेरवालीलाई जबरजस्ती करणी गरेको भनी बयान गरे तापनि निजले अदालतमा बयान गर्दा प्रहरीले मैले नभने नगरेको व्यहोरा लेखी सहिछाप गराएका हुन । म यस्ता मुद्दा मामिलामा कहिल्यै नपरेको र पढी बाची सहिछाप गर्नुपर्छ भन्ने कुरा थाहा नभएकोले सहिछाप गरी दिएको हुँ भनी आरोपित कसुरमा इन्कार रहेको देखिन्छ। प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको बयान घटनास्थल मुचुल्का, शारीरिक परीक्षण प्रतिवेदन र स्वयम् वादी पक्षका गवाहको बकपत्रबाट पनि समर्थित छैन । जाहेरवालाको बकपत्र विरोधाभाषपूर्ण छ । वारदात भएको भनिएको स्थान, जाहेरवाला र प्रतिवादीको उमेर र निजको शरीरमा कुनै संघर्षात्मक चिह्न नदेखिएको अवस्था परिस्थितिले जबरजस्ती करणीको वारदात भएको भन्न सकिने अवस्था छैन। यस अवस्थामा प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई आधार मानी प्रतिवादीलाई कसुरदार ठहर गर्न कानूनसम्मत र न्यायोचित हुने नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादी जिरे भन्ने तुलबहादुर गुरूङले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७०।८।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत ९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CR-०१०६, अनियमित तरिकाले वन पैदावर ओसारपसार गरेको, नेपाल सरकार वि. मणी राईसमेत

वन ऐन, २०४९ को दफा ४९ को खण्ड 'क' देखि 'ण' सम्म राष्ट्रिय वनमा मनाही गरिएका कार्यहरू भएमा कसुर मानिने र उक्त दफा ४९(ण) अनुसारको कसुर गरेमा ऐनको दफा ५०(१)(ञ) अनुसार कसुर गर्नेलाई बिगो भए बिगो असुल गरी एकहजार रूपैयाँसम्म जरिवाना हुने भन्ने रहेको पाइन्छ । वन ऐन, २०४९ को दफा ६५(१) को कानूनी व्यवस्था अवलोकन गर्दा दशहजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा जिल्ला वन अधिकृतले कारवाही र किनारा गर्ने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा अभियोग पत्र मागबमोजिम वन ऐन, २०२९ को दफा ४९(ण) को कसुरमा ऐ. ऐनको दफा ५०(१)(ञ) अनुसार एक हजार रूपैयाँसम्म जरिवाना हुने अवस्था देखिँदा जिल्ला वन अधिकृतको अधिकारक्षेत्र पर्ने देखियो । अतः जिल्ला अदालतले अधिकारक्षेत्र ग्रहण गरी गरेको फैसला क्षेत्राधिकारको त्रुटि भई उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६८।२।२ को फैसला मिलेकै

देखिँदा सदर हुने।

इजलास अधिकृतः तेजबहादुर खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ ६ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CI-०६९८, लिखत दर्ता बदर दर्ता, रूजानती देवी यादव वि. श्रीनिवास प्रसाद यादवसमेत

प्रतिवादी श्रीनिवासप्रसाद यादव घरको घर व्यवहार चलाउने मुख्य मानिस भएको देखिएको र मुलुकी ऐन, अंशबन्डाको महलको १९ देहाय १ नं. मा भएको कानूनी व्यवस्थाअनुसार अचल सम्पत्तिको आधासम्म निजले व्यवहार चलाउनलाई एकाघरका कसैको मन्जुरी नलिएर पनि आफूखुसी गर्न वा बिक्री व्यवहार गर्न पाउने नै देखिन्छ । यस्तो अचलमा आधीसम्म बिक्री व्यवहार तथा आफूखुसी गर्न कुनै अंशियारलाई साक्षी राख्नुपर्ने पनि देखिन आउँदैन । विवादित कि.नं.२३३ को ज.वि.०-४-१० लाई यी प्रत्यर्थी प्रतिवादी सुरेन्द्रप्रसाद यादवलाई राजीनामा बिक्री गर्दा निज श्रीनिवासप्रसाद यादवका नाममा सगोलको अर्थात् निजको श्रीमती र छोरा छोरीको समेत अंश हक लाग्ने सम्पत्ति उक्त जग्गासहित ज.वि.१-७-५$^{३}/_{४}$ रहे भएको देखिएकोले निजले आफूसँग जम्मा भएको सम्पत्तिको आधाभन्दा कम नै बिक्री गरिदिएको कानूनतः मिल्ने नै देखिन आयो। यसमा निजले अरू अंशियारलाई साक्षी नराखी गरेको बिक्री व्यवहार पनि सदर नै हुने।

पुनरावेदकले उक्त कि.नं.का जग्गामा पनि अंश लाग्ने भएकोले सो जग्गाको पनि आधाभन्दा बढी बिक्री गरेको सदर नहुने भनी जिकिर लिए पनि उपर्युक्त कानूनी व्यवस्थाको त्यसरी प्रत्येक कित्तापिच्छे आधाभन्दा बढी भनी अर्थ गर्न मिल्ने देखिँदैन। उक्त कानूनी व्यवस्थामा "चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधासम्म" भन्ने वाक्यांश रहेको छ। यहाँ गैह्रको अर्थ सबै वा सम्पूर्ण भन्ने हुन्छ। यसबाट चल अचल सम्पूर्ण सम्पत्तिको हकमा नै चलमा सबै र अचलमा आधीसम्म घर व्यवहार चलाउन अरू अंशियारको सहमति नलिएर पनि आफूखुसी गर्न पाउने नै हुन्छ । सो जग्गाको मूल्याङ्कनको आधारमा बढी मूल्यवान् भई सम्पूर्ण सम्पत्तिको आधाभन्दा बढी यस जग्गाको मूल्य रहे भएको भनेर पनि पुनरावेदकले भन्नसकेको छैन । तसर्थ पुनरावेदकको उपर्युक्त जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक वादीका पिता तथा पतिले उक्त विवादित कि.नं.२३३ को ज.वि.०-४-१० को जग्गा बिक्री गरी मिति २०६७/०६/०७ मा राजीनामा पारित गरेपछि मात्र मिति २०६७/०६/२० मा आफ्नो नाममा भएको बाँकी सबै जग्गा आफ्नो आमा सुमित्रादेवीको नाममा हालैदेखिको बकसपत्र गरिदिएको देखिन्छ । यसरी पछि सम्पूर्ण जग्गा अंशियारको मन्जुरी नलिई हक छाडी आफूखुसी गरिदिएका आधारमा सोभन्दा अगाडि प्रचलित कानूनी व्यवस्थाको परिधिभित्र नै रही अर्थात् तत्काल कायम सम्पत्तिको आधाभन्दा कम बिक्री व्यवहार गरिदिएको बदर हुन्छ भन्न मिल्दैन । पछि कानूनको परिधिभन्दा बाहिर गई बिक्री व्यवहार गरेको भन्ने आधारमा अगाडिको कानूनअनुरूप नै गरेको बिक्री व्यवहार पनि बदर गर्दा व्यक्ति आफूलाई कानूनले दिएको सुविधा वा उन्मुक्तिबाट समेत वञ्चित हुन पुग्दछ । पछि गरिदिएको हालैको बकसपत्रको लिखत जालसाजी घोषित गरिपाउँ भनी यी वादीले छुट्टै फिराद दिई सोमा वादी दाबी पुग्ने ठहरी सुरूबाट फैसला भई अन्तिम भइरहेको पनि देखिन आएको छ। त्यसैले प्रत्यर्थी प्रतिवादीमध्येका निज श्रीनिवासप्रसाद यादवले अर्का प्रत्यर्थी प्रतिवादी सुरेन्द्रप्रसाद यादवलाई मिति २०६७।०६।०७ मा उक्त कि.नं.२३३ को ज.वि. ०-४-१० जग्गा र.नं.१०२७/२ को राजीनामा पारित गरिदिएको लिखत सदर नै हुने हुँदा पुनरावेदन

अदालतको फैसला मिलेकै देखिन आउने।

अतः माथि विवेचित आधार प्रमाणबाट विवादित बारा जिल्ला, विश्रामपुर गा.वि.स.वडा नं.६ स्थित कि.नं.२३३ को ज.वि.०-४-१० जग्गा घर व्यवहार चलाउन प्रत्यर्थी प्रतिवादीमध्येका श्रीनिवासप्रसाद यादवले अर्का प्रत्यर्थी प्रतिवादी सुरेन्द्रप्रसाद यादवलाई मिति २०६७।०६।०७ मा र.नं.१०२७/२ बाट राजीनामा पारित गरिदिएको लिखत बदर हुने ठहर्‍याई सुरू बारा जिल्ला अदालतबाट मिति २०६९।०३।३१ मा भएको फैसला उल्टी हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०/०६/१३ मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल पुस ३ गते रोज १ मा शुभम्।

- यसै लगाउको ०७०-CR-०९७७, जालसाजी, रूजानती देवी यादव वि. श्रीनिवास प्रसाद यादवसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१०४५ र ०७०-RC-००९४, कर्तव्य ज्यान, विष्णु मल्ल वि. नेपाल सरकार, नेपाल सरकार वि. विष्णु मल्ल

पुनरावेदक प्रतिवादीउपर किटानी जाहेरी परी निजले सुतिरहेका बालकलाई उठाई मुसा मार्ने विषादी दुईवटा औंलाले निरज मल्ललाई खुवाएँ, बच्चा रोएपछि बाँकी रहेको १ बट्टा सोही स्थानमा ढाकेर लुकाई राखिदिएँ। बच्चा रोएपछि बच्चा हेर्ने कल्पना मल्ललाई बच्चा बोकाइदिएँ। विषादीको गन्ध आइरहेको थियो, मैले खुवाएको सोही विषको कारण बच्चाको मृत्यु भएको हो भनी मौकामा बयान गरेको पाइन्छ। अधिकारप्राप्त अधिकारीसमक्षको उक्त बयान स्वेच्छाको होइन भनी अदालतमा बयान गर्दा जिकिर लिए पनि सो कुरा पुष्टि हुने कुनै ठोस सबुद प्रमाण प्रतिवादीले गुजार्न सकेको देखिँदैन। मौकामा भएको साबिती बयानलाई अन्य परिस्थितिजन्य प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा सो साबिती र त्यसबाट स्वाभाविकरूपले देखिएका कुराहरू प्रमाणमा लिन हुने।

रिसइबीका कारण यी प्रतिवादी विष्णु मल्लले नाबालकलाई विष सेवन गराई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भनी मौकामा बुझिएका मानिसहरू ओले मल्लसमेतले घटना विवरण कागज गरी सो कागजलाई समर्थित हुने गरी अदालतमा उपस्थित भई बकपत्रसमेत गरिदिएको देखिन्छ। यी पुनरावेदक / प्रतिवादीले इन्कारी बयान गरे तापनि बालक सुताएको गोठमा गएको कुरालाई स्वीकार गरेको अवस्था छ। यसरी यी प्रतिवादीले नाबालक निरज मल्ललाई आफ्नै हातले विष खुवाएको हो भनी प्रत्यक्षदर्शी बालक हेरालु कल्पना मल्लले मौकामा गरेको कागजलाई समर्थित हुने गरी अदालतसमक्ष उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ। शव परीक्षण प्रतिवेदन तथा भिसेरा रिपोर्टबाट मृत्युको कारण खुल्न नसकेको भन्ने कुरा छ। ती रिपोर्टहरूमा मृतक बालकको मृत्यु विष सेवनबाट होइन भन्ने कुरा उल्लेख भएको देखिन आएको छैन। तसर्थ, किटानी जाहेरी व्यहोरा, बरामदी मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रत्यक्षदर्शी कल्पना मल्लको बकपत्रसमेतले प्रतिवादी विष्णु मल्लको मौकामा गरेको बयानले सिलसिलेवाररूपमा पुष्टि गरेको देखिन आएको छ। यी पुनरावेदक / प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानबाहेक सजायबाट फुर्सद पाउने कुनै मनासिब आधार र प्रमाण गुजार्न सकेको पाइँदैन। आरोपित कसुरबाट सफाइ पाउँ भन्ने यी प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादीले मौकाको बयान मेरो स्वेच्छाको होइन भनी अदालतमा आरोपित

कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको देखिन्छ । पूर्वनियोजित मार्ने मनसाय नभएको, यी प्रतिवादी महिला भएको देखिएको, नजिक एउटै घरपरिवार नाताभित्र घटना घटेको अवस्था देखिन्छ । पुनरावेदन अदालत, तुलसीपुर दाङबाट भिसेरा रिपोर्टसम्बन्धमा विशेषज्ञ डाक्टरको बन्दसवाल जारी हुँदा विशेषज्ञ डाक्टर सुरज धौभडेलले मिति २०६९।०५।०५ को भिसेरा प्रतिवेदन र प्युठान जिल्ला अस्पतालबाट मिति २०६८।०४।१० मा भएको शव परीक्षण प्रतिवेदनबाट मृतक बालक निरज मल्लको मृत्युको कारण खुल्न सक्दैन । विषादी सेवन गरी मृत्यु भएको अवस्थामा विषादीअनुसार फरकफरक लक्षणहरू हुन सक्छन् । सामान्य लक्षणहरूमा नाक मुखबाट फिँज आउने, बान्ता गर्ने, अनुहार निलो हुने जस्ता लक्षणहरू देखिन्छन् । त्यस्ता लक्षणहरू शव परीक्षण प्रतिवेदन र भिसेरा रिपोर्टमा देखिएको छैन भनी अदालतमा उपस्थित भई बन्दसवालमा लेखाइदिएको देखिएबाट यी प्रतिवादी विष्णु मल्ललाई ठहर भएअनुसार सजाय गर्दा चर्को पर्न जाने हुँदा निजलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम ५(पाँच) वर्ष मात्र कैद सजाय हुन न्यायोचित हुने ।

अतः विवेचित आधार, प्रमाण र कारणबाट प्रतिवादीले आरोपित कसुर गरेको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू प्युठान जिल्ला अदालतबाट मिति २०६८/१०/२५ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, तुलसीपुर दाङबाट मिति २०७०/०३/०५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । सो ठहरे पनि पुनरावेदक प्रतिवादी विष्णु मल्ललाई ऐनअनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम निज प्रतिवादीलाई ५(पाँच) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल कात्तिक १८ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WO-०४१९, उत्प्रेषण / परमादेश, हरिप्रसाद भुसालसमेत वि. लोक सेवा आयोग, के.का. अनामनगर काठमाडौंसमेत

राज्यले कुनै खास वर्गको खास आवश्यकता पूर्ति गर्नको निमित्त कानून बनाई मनासिब वर्गीकरण गर्न सक्छ । निजामती सेवाको कुनै पदमा पदपूर्ति गर्न वा बढुवा गर्नको लागि सम्बन्धित पदको प्रकृति, सम्पादन गर्नुपर्ने कार्य एवम् अन्य खास सान्दर्भिक विषय वा पक्षहरूलाई आधार बनाई खास व्यवस्था गर्नसक्ने नै हुन्छ । निजामती सेवा नियमावली, २०५० को नियम ८८ को कानूनी व्यवस्थालाई हेर्दा प्रशासन सेवाको टाइपिष्ट पद एवम् नेपाल विविध सेवाको कम्प्युटर अपरेटर तथा सहायक कम्प्युटर अपरेटर पदमा बढुवा गर्नको निमित्त आकर्षित हुने नै देखिन्छ । निजामती सेवा नियमावली, २०५० को नियम ८८ को कानूनी व्यवस्थालाई चुनौती दिई विपक्षीबाट त्यसको बदर गर्नुपर्ने भनी मागदाबी लिइएको नभई त्यो व्यवस्था केवल टाइपिष्टहरूको हकमा मात्र हो भनी जिकिर लिएको देखिन्छ । निजामती सेवा नियमावली, २०५० को नियम ८८ मा भएको व्यवस्था खारेज वा परिवर्तन नभएसम्म सो व्यवस्था लागू गर्न मिल्दैन भनी अर्थ गर्न मिल्ने नदेखिने ।

निजामती सेवा नियमावली, २०५० को नियम ८८(६) को अपवादात्मक अवस्थामा यो वा त्यो पद समावेश गर्न पर्नाको कारण सम्बन्धित सेवा

सञ्चालन गर्ने निकायले विचार गर्ने कुरा हो। निजामती सेवा ऐन, २०४९ को दफा २१ मा बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम् सेवा अवधि र शैक्षिक योग्यताको शीर्षकअन्तर्गत उपदफा (१) मा "बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदको लागि तोकिएबमोजिमको शैक्षिक योग्यता र देहायबमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनुपर्नेछ" भन्ने उल्लेख गरे पनि कम्प्युटर अपरेटर विविध सेवा समूहमा रही सो सेवा समूहमा माथिल्लो पदमा बढुवा हुनसक्ने अवस्था नरहेको र टाइपिष्टहरू प्रशासन सेवा सामान्य प्रशासन समूहमा विगतदेखि नै बढुवा भइरहेको अवस्था हुँदा विविध सेवाका कम्प्युटर अपरेटरहरूको वृत्ति विकाससमेतलाई ध्यानमा राखी निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (३) मा उपनियम (२) बमोजिमको सम्भाव्य उम्मेदवार हुन सम्बन्धित निजामती कर्मचारीले नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायबाट सञ्चालित सेवासँग सम्बन्धित कम्तीमा एक महिनाको तालिम लिएको र बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ भनी विशेष व्यवस्था गरी वृत्ति विकासको अवसर प्रदान गरेको देखिँदा मौजुदा अवस्थामा निवेदनहरूलाई बाहेक गरी मिति २०७२।८।२३ मा प्रकाशित सूचना नं. ५१४/०७२-७३, बढुवा सूचना नं. २३९/०७२-७३ प्रशासन सेवा सामान्य प्रशासन समूहको रा.प.तृ. श्रेणीको पद संख्या १२० मा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवामा सम्भाव्य उम्मेदवार हुन नपाउने गरी बढुवामा अस्वीकार गर्न सकिने अवस्था नदेखिने।

अतः उल्लिखित आधार कारणसमेतबाट निवेदकहरू मिति २०७२।८।२३ मा प्रकाशित सूचना नं. ५१४/०७२-७३, बढुवा सूचना नं. २३९/०७२-७३ प्रशासन सेवा सामान्य प्रशासन समूहको रा.प.तृ. श्रेणीको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवामा सम्भाव्य उम्मेदवार हुन पाउने नै देखिँदा निवेदकहरूलाई बढुवाको दरखास्त फाराम भर्न नपाउने गरी लोक सेवा आयोगबाट मिति २०७२।८।२९ मा (कम्प्युटर अपरेटरसँग सम्बन्धित) भएको निर्णय र काठमाडौं उपत्यका दरखास्त सङ्कलन केन्द्रको मिति २०७२।९।१ को पत्र उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । अब निवेदकहरूको बढुवा दरखास्त फाराम बुझी निजहरूलाई बढुवा प्रक्रियामा सामेल गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा निवेदन मागबमोजिम परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७२-WO-०४८०, उत्प्रेषण / परमादेश, कमल पनेरूसमेत वि. लोक सेवा आयोग, के.का. अनामनगर काठमाडौंसमेत
- ०७२-WO-०४६२, उत्प्रेषण / परमादेश, सरस्वती अधिकारी (खनाल) वि. लोक सेवा आयोग, के.का. अनामनगर काठमाडौंसमेत
- ०७२-WO-०४४९, उत्प्रेषण, शुक्रदर्शन ढुङ्गानासमेत वि. लोक सेवा आयोग, के.का. अनामनगर काठमाडौंसमेत
- ०७२-WO-०५६६, उत्प्रेषण, हरिप्रसाद भुसालसमेत वि. लोक सेवा आयोग, के.का. अनामनगर काठमाडौंसमेत

## इजलास नं. ८

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६७-WO-११८६, परमादेश, विशाल पण्डित वि. स्वास्थ्य तथा जनसंख्या

मन्त्रालयसमेत

निवेदकले प्रस्तुत गरेको बोलपत्र अस्वीकृत वा खरिद कारवाही रद्द भएको सूचना प्रत्यर्थीहरूबाट निवेदकले प्राप्त गरेको नदेखिएको र प्रत्यर्थी अस्पतालको समेत बोलपत्र रद्द भएको भन्ने कुनै भनाई नरहेको हुँदा कानूनबमोजिम योग्यता पुगेका बोलपत्रमध्ये निवेदकको बोलपत्र मिति २०६७।३।२३ मा स्वीकृत भएको देखिने।

बोलपत्र स्वीकृत भइसकेपछि खरिद सम्झौता गर्न बोलाउनुपर्नेमा मन्त्रालयबाट बजेट अभाव भएको भनी खरिद सम्झौतालाई स्थगन गरिएको प्रत्यर्थी अस्पतालको कार्य कानूनबमोजिम भएको देखिएन । कानूनबमोजिम अस्पताललाई आवश्यक पर्ने उपकरण खरिद गर्न बोलपत्र आह्वान गरी कानूनी प्रक्रिया पूरा गरी बोलपत्र छनौट भइसकेपछि बजेट प्राप्त नभएको कारणले सो बोलपत्र प्रक्रियालाई स्थगन गर्दा कानूनबमोजिमकै आधार र कारण दिनु पर्दछ । तत्काल मन्त्रालयबाट बजेट प्राप्त नभएको भन्ने आधार तर्कसङ्गत देखिँदैन । कुनै पनि equipment खरिद गर्न आफूसँग बजेटको अभाव छ भने त्यस्तो प्रक्रिया नै सुरू गर्नु हुँदैन । कानूनी प्रक्रिया सुरू गरिसकेपछि सो प्रक्रिया कानूनबमोजिम नै अन्त्य हुने गर्दछ । प्रत्यर्थी अस्पतालले मिति २०६७।२।१२ मा विभिन्न १२ वटा प्याकेजका सामान खरिद गर्न बोलपत्र प्रकाशित भएकोमा अन्य ११ वटा प्याकेजको लागि बजेट आई खरिद सम्झौता गर्न बोलाइएको भन्ने देखिएको तर निवेदक कम्पनीको लागि खरिद सम्झौता गर्नका लागि मात्र बजेट नआउनु पर्ने र आर्थिक वर्ष व्यतीत गरी कानूनबमोजिम निवेदकको हक स्थापित भइसकेको अवस्थामा त्यसलाई निष्क्रिय गराउनेतर्फ प्रेरित हुनु कानूनसम्मत कार्य देखिन आएन । तसर्थ अब निवेदकसँग सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(३) बमोजिम खरिद सम्झौताको प्रक्रिया अगाडि बढाउन जे जसो गर्नुपर्ने हो कानूनबमोजिम गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०७१-WO-०२४०, उत्प्रेषण, जवाहरी लाल श्रेष्ठ वि. पुनरावेदन अदालत, पाटनसमेत

लक्ष्मीमैया श्रेष्ठले ऋण लिँदा निज लक्ष्मीमैया, दामोदर, महेन्द्रमान र राजेन्द्रमानसमेत सगोलमा रहेको देखिन्छ। सो ऋण लिई किष्ट बैंकमा जग्गा धितो राखेको देखिन्छ। सोही ऋण तिर्नका लागि निवेदिकाबाट रकम लिई रकम भुक्तानी गरी जग्गा फुकुवा गराई सोही जग्गा लक्ष्मीमैया श्रेष्ठले यी निवेदिकालाई राजीनामा गरिदिएको देखिन्छ । ऋण लिँदा घरको मूल व्यक्ति लक्ष्मीमैया श्रेष्ठ भई निजले लिएको ऋण अन्य अंशियार छोराहरूले तिर्नु नपर्ने भन्न नमिल्ने।

घरको मूख्य व्यक्तिले लिएको सगोलमै रहँदाको ऋण सबै अंशियारलाई भाग लाग्ने नलाग्ने भन्ने भई मुद्दामा देखिएको अवस्था र सोको प्रकृतिलाई गहिरो र सूक्ष्म ढङ्गबाट विश्लेषण नै नगरी सो ७८ क को अवस्था नै आकृष्ट नहुनेमा सो नं. बमोजिम दुषित भनी भएको व्याख्या उक्त नं. कै त्रुटिपूर्ण व्याख्या भएको छ । दामोदर श्रेष्ठले अंश मुद्दा दायरदेखि नै रोक्का भएकोमा दामोदर श्रेष्ठ मुद्दा दिने अन्य विपक्षीहरूले प्रतिउत्तर नलगाउने, तायदातीमा ऋण नदेखाउने र हाल आएर कुनै अवस्थामा पनि विवाद नदेखाएको ऋणको सम्बन्धमा विवाद देखाई सो ऋणलाई पन्छाई अंश मुद्दाबाट अंश पाएको भनी सोको कार्यान्वयन गर्न खोज्दा अंशियारबीचको मिलेमतोबाट यस्तो विवादको सिर्जना भएको मान्नुपर्ने।

तसर्थ, विपक्षीहरू एकासगोलका अशिंयार होइनन् भन्ने तथ्यमा कुनै विवाद नरहेको, लक्ष्मीमैया श्रेष्ठ घरको मुख्य व्यक्ति भएको, अंश मुद्दाका वादी

दामोदर श्रेष्ठले पेस गरेको तायदाती फाँटवारीमा उक्त ऋण रकमको व्यहोरा उल्लेख नगरेको साथै प्रतिवादीहरूले प्रतिउत्तर नफिराई सुरू म्याद गुजारी बसेकोसमेतका आधारहरूको सुक्ष्म ढङ्गबाट विचार नगरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७०।१२।७ मा भएको आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।३।१९ को आदेशलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी विपक्षीहरूलाई दिएको दा.खा. दर्ता गरिदिने भन्ने जनाउ पुर्जीसमेत कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरू पुनरावेदन अदालत, पाटन, काठमाडौं जिल्ला अदालत, काठमाडौं, काठमाडौं जिल्ला अदालत, तहसिल शाखा बबरमहल, मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंसमेतका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-WO-०११८, उत्प्रेषण, उमाकुमारी ढकाल ज्ञवाली वि. पुनरावेदन अदालत, पाटनसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०७०-WO-०८१८, उत्प्रेषण, चान्दनी देवी झा वि. सप्तरी जिल्ला अदालत, राजविराजसमेत

तायदाती फाँटवारी माग गर्ने आदेश कानूनद्वारा निर्धारण गरिएको प्रक्रियात्मक आदेश हो। जुन मुद्दाको फैसला हुनु अगावै अंश पाउनसक्ने देखिएको अवस्थामा अवलम्बन गरिन्छ। सो आदेश अन्तिम निर्णय होइन र हुनसक्ने अवस्था पनि हुँदैन। अन्तिम निर्णय गर्दा प्रमाणको मूल्याङ्कनको आधारमा अंश नपाउने गरी फैसला हुन पनि सक्छ। जिल्ला अदालतबाट तायदाती फाँटवारी माग गर्ने आदेश बदर गरिदिँदा पछि निर्णय गर्दा स्वतन्त्रपूर्वक निर्णय गर्ने जिल्ला अदालतको अधिकारक्षेत्रको संकुचन हुन जाने।

जिल्ला अदालतले अंश पाउने नपाउने स्वतन्त्रपूर्वक निर्णय गर्ने र सो निर्णयमा चित्त नबुझ्ने पक्षले पुनरावेदन तहमा पुनरावेदन गर्नसक्ने र पुनरावेदन तहको अदालतले प्रमाणको मूल्याङ्कनको आधारमा पछि निर्णय गर्नसक्ने नै हुन्छ। यस्तो अवस्थामा पुनरावेदन तहको अदालतले तलको अदालतउपर मुद्दाको कानूनबमोजिमको प्रक्रियामा हस्तक्षेप गरेको मानिने हुँदा जिल्ला अदालतको तायदाती फाँटवारी माग गर्ने आदेशलाई बदर गर्ने पुनरावेदन अदालतको आदेश प्रत्यक्षरूपमा त्रुटिपूर्ण भई बदरयोग्य देखिने।

जिल्ला अदालतमा विचाराधीन मुद्दाको कारवाहीमा नै असर पार्ने गरी मिति २०७१।१।२५ मा पुनरावेदन अदालत, राजविराजबाट भएको आदेश मिलेको देखिएन। तसर्थ पुनरावेदन अदालत, राजविराजबाट भएको उक्त गैरकानूनी र त्रुटिपूर्ण आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। मिति २०७०।१०।२१ को सप्तरी जिल्ला अदालतको तायदाती आदेशानुसारका अन्य कामकारवाही अगाडि बढाउनु, बढाउन दिनु भनी विपक्षी पुनरावेदन अदालत, राजविराजका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-०७१०, निर्णय दर्ता बदर, सुनिलरत्न धाख्वा वि. ऋद्धिवज्र बज्राचार्यसमेत

२०१५।९।२१ र २०१६।३।२१ को दुवै

लिखतमा जग्गाको एउटै विवरण उल्लेख भएको देखिन्छ । घरसारमा भएको राजीनामा लिखतको ठिक ६ महिनामा उक्त घरसारको लिखतमा लेखिएको जग्गाको विवरण उल्लेख गरी २०१६।३।२१ मा फार्छे राजीनामा भएको देखिन्छ । वादीले १ रोपनी जग्गामध्येबाट २ पटक गरी १२ आना जग्गा लिएको भन्ने दाबी गरेको देखिन्छ । यसरी एउटै खलाको जग्गा एक पटक खरिद गरी पुनः सोही खलाको जग्गामध्ये केही जग्गा थप लिँदाखेरी अघि लिएको जग्गाको साँध सीमाना मिल्ने गरी लिने कुरा स्वाभाविक हुन्छ । पछि पारित गराई लिएको जग्गाको विवरण उल्लेख गर्दा अघि लिएको जग्गाका बारेमा बोली सो जग्गादेखि कुनतर्फ पछिल्लो लिखतको जग्गा पारित गराई लिएको हो सो उल्लेख हुनु आवश्यक हुन्छ । वादी दाबीको उल्लिखित २०१६।३।२१ मा पारित गरिलिएको लिखतमा अघिल्लो २०१५।९।२१ को लिखतको जग्गाको कुनतर्फबाट थप जग्गा पारित गराई लिएको हो सो खुलाएको देखिँदैन । २०१६ सालमा पारित गरिलिएको लिखतको जग्गा २०१५ सालको घरसारको लिखतको जग्गाबाहेकको भए घरसारको लिखतको जग्गामा हक नपुग्दै पुनः त्यही खलाको थप अर्को जग्गा पारित गरिलिने दिने अवस्था रहने देखिँदैन । तसर्थ उल्लिखित दुवै लिखतको जग्गा अलगअलग हो भन्ने पुनरावेदक वादी पक्षको दाबी एवम् बहसतर्क युक्तिसङ्गत देखिन नआउने ।

दाबीका लिखतहरू नयाँ मुलुकी ऐन, २०२० लागू हुनुपूर्वका रहेको, यो ऐन लागू हुनुपूर्व पनि अचल सम्पत्तिको लिखत रजिष्ट्रेशन गर्नुपर्ने कानूनी व्यवस्था रहिरहेको देखिन्छ । दाता महावज्र बज्राचार्यले यिनै प्रतिवादीहरूउपर यही विवादित कि.नं. ७९ को जग्गाबाट आफ्नो हक छुट्टाई दर्ता गरिपाउँ भनी ०४५।०४६ को दे.नं. ६।१५१ को निर्णय दर्ता बदरसमेतको फिराद दिएकोमा वादी महावज्रको फिराद दाबी नै नपुग्ने ठहरी सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०४५।५।१ मा फैसला भएकोमा सोउपर तहतह पुनरावेदन पर्दा पुनरावेदन अदालत, पाटनबाट मिति २०५२।३।२ मा सुरू फैसला सदर हुने ठहरी भएको उक्त फैसला अन्तिम भएको देखिन्छ । अतः दाताले नै सो कि.नं. ७९ को जग्गामा हक रहेको भनी आफ्नो हक कायम गराउन सकेको अवस्था छैन । प्रस्तुत मुद्दामा उठाइएको विवाद एकहदसम्म उक्त मुद्दाको फैसलामा नै विवादको निरूपण भइसकेको देखिन्छ । यस्तो अवस्थामा यी वादीले हाल आएर मिति २०३७।१०।२४ को दर्ता निर्णय कित्ताकाट बदर गराइपाउँ भनी सोही विषयमा पुनः लिएको जिकिर कानून र न्यायको रोहमा जायज देखिन नआउने ।

अतएवः विवेचित आधार कारणसमेतबाट विवादित दाबीको कि.नं. ७९ को जग्गामा हक रहेको भनी मिति २०३७।१०।२४ को दर्ता निर्णय कित्ताकाट बदर गरी सो जग्गामध्येबाट ०-४-१ क्षेत्रफल कटाई आफ्नो कि.नं. ८० को जग्गामा सो क्षेत्रफल समावेश गरी क्षेत्रफल बढाई हक कायम गरी दर्ता गराइपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहर भएको सुरू ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने पुनरावेदन अदालत, पाटनको मिति २०६७।५।७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । मु.स. गर्ने वादी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । साथै यस अदालतबाट मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदनमा भएको निस्सा प्रदान गर्ने आदेशसित समेत सहमत हुन नसकिने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७१-CI-०७११, फैसला बदर, सुनिलरत्न धाख्वा वि. ऋद्धिवज्र बज्राचार्यसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-०३९५, अंश चलन, रैमन शेखिनसमेत वि. शेख असेसर

प्रस्तुत मुद्दामा कि.नं. २९७ र २९८ को जग्गा यी प्रतिवादी रैमन शेषिनका पति शेष हफिजको नाममा भएको भन्ने देखिन्छ । निज शेष हफिजको मृत्युपछि उक्त जग्गा आफ्नो हाँगाभन्दा बाहिरका व्यक्ति फतमा खातुन र शेष अनजारूलले मिति २०५७।५।८ मा दे.नं. १०६२ को अंश मुद्दामा मिलापत्र गरी आफ्नो नाममा पारेको र सोउपर यी वादी प्रतिवादीहरूले मिति २०५७।७।२ मा उक्त मिलापत्र बदर गरिपाउँ भनी दे.नं. १२५९ को मिलापत्र बदर मुद्दा दायर गरी सो मुद्दामा मिति २०५८।१।३० मा मिलापत्र गरी उक्त दाबीका २ कित्ता जग्गा सो मुद्दाका वादीहरूको अंश भागको हुँदा रैमन खातुनका नाममा दर्ता हुने गरी मिलापत्र भएको देखिन्छ । यसरी उक्त जग्गा यी वादी प्रतिवादीहरू सगोलमै रहँदाको अवस्थामा प्रस्तुत मुद्दाका वादी शेष असेसरसमेत वादी भई मिलापत्र बदर मुद्दा दायर गरी मिलापत्र हुँदा प्रस्तुत मुद्दाकी प्रतिवादी रैमन खातुनका नाउँमा दर्ता गर्न सहमति भई मिलापत्र भएकोमा सो जग्गा प्रस्तुत मुद्दाका वादीसमेत अन्य अंशियारहरूको हक नलाग्ने भन्ने मिलापत्रमा उल्लेख नभएकोले कुनै एक अंशियारको नाउँमा दर्ता भएको नाताले अन्य अंशियारको अंश हक नलाग्ने भन्न मिल्ने देखिँदैन । एकासगोलका दाजु शेष हफिजका नाउँमा भएको जग्गा छुट्टी भिन्न नहुँदासम्म यी वादी अशेसरसमेतको अंश लाग्ने सगोलको सम्पत्ति हुन्छ । एकासगोलमा रहँदा आर्जेको सबै सम्पत्ति सबै अंशियारहरूको बराबरी हक लाग्छ । पुनरावेदक प्रतिवादीहरूले उक्त कि.नं. २९७ र २९८ को सम्पत्ति रैमन शेषिनको निजी आर्जनको हो भन्ने कुरा पनि दाबी लिएको पाइँदैन । शेख हफिजका नाममा भएको सम्पत्ति वादीले अंश दाबी गर्न पाउने होइन भन्ने प्रतिउत्तर जिकिरसमेत नभएको अवस्थामा शेष हफिजका नाउँको उक्त दुई कित्ता जग्गा केही समय उनाउ व्यक्तिहरूका नाममा गई फेरी अंशियारमध्येका एकजनाका नाउँमा जग्गा फिर्ता आएको अवस्थामा ती जग्गाहरू रैमन शेखिनको अपुताली वा एक लौटी हकलाग्ने वा आफूखुस गर्न पाउने र अन्य अंशियारको हक नलाग्ने भन्ने हुँदैन । सगोलका सबै अंशियारमा बराबर हक लाग्ने नै देखिन आउने ।

तसर्थ वादी शेष असेसरसमेत सगोलको अंशियार रहेको र उल्लिखित कि.नं. २९७ र २९८ का जग्गाहरू साविकमा यी वादी शेख अशेसरका दाजु स्वर्गीय शेष हफिजका नाम दर्ताको जग्गा रहेको देखिएकोले ती २ कित्ता जग्गा पनि ३ भाग लगाई ३ भागको १ भाग वादीले अंश पाउने ठहर्छ भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।१।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरू रैमन शेषिनसमेतको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १० गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-WO-१०८४, प्रतिषेध, महेशकुमार जाजु वि. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर

पुनरावेदन अदालत, पाटनमा यी निवेदकले विपक्षीउपर दायर गरेको ०६८-WO-०७०४ को निषेधाज्ञाको निवेदनमा सो अदालतबाट मिति २०६९।१।२७ मा अन्तरिम आदेश जारी नहुने भनी भएको आदेशउपर नै प्रस्तुत रिट निवेदन पर्न आएको देखिन्छ । उक्त निषेधाज्ञा मुद्दामा पुनरावेदन अदालत, पाटनबाट फैसला भई पुनः करसम्बन्धी विषयमा राजस्व न्यायाधिकरणमा पुनरावेदनसमेत परेको हुँदा

यस निवेदनको औचित्य छैन भनी निवेदककै तर्फका उपस्थित विद्वान् अधिवक्ताहरूले छलफलका क्रममा व्यक्त गर्नु भएकोले प्रतिषेधसमेतका आदेश जारी गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदनउपर निर्णयको लागि थप विवेचना गरी रहन परेन, तसर्थ प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : इन्द्रकुमार खड्का

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-०७६३, अंश, राधेश रेग्मी खत्रीसमेत वि. पुतली देवी खत्री

यी वादीहरू अंशियार रहेकोमा विवाद देखिँदैन । प्रतिवादीहरूले हामी २०३७ र कोहि २०४० सालमा छुट्टी भिन्न भएका हौं, यी वादी पुतलीदेवीलाई २०५० सालमा पिता कुलबहादुरले विवाह गरी ल्याएको हो, अंशियार भए पनि हामी छुट्टी भिन्न भएका अंशियारबाट नभई पिता कुलबहादुरको अंश भागबाट अंश पाउने हुन् भनी प्रतिउत्तर फिराएको देखिन्छ । प्रतिवादीहरूले २०३७ र २०४० सालमा छुट्टी भिन्न भएको भने तापनि अंशबन्डा भएको रीतपूर्वकको कागज पेस गर्न सकेको देखिँदैन। सम्पूर्ण सम्पत्ति बाबु कुलबहादुरकै नाउँमा रहेको भन्ने तायदाती फाँटवारीबाट देखिन्छ । अंशबन्डाको लिखत पारित नभएसम्म कानूनबमोजिम अंशबन्डा भएको मान्न कानूनतः मिल्दैन । अंशबन्डाको महलको ३० नं. मा भएको संशोधन मिति २०३७।९।२७ पूर्व घरसारमा नरमगरम मिलाई चल अचल अंशबन्डा गरी छुट्टिई आफ्नो भागको दा.खा. गरी भोग बिक्री व्यवहार गरेको कुरा व्यवहार प्रमाणबाट प्रमाणित भएमा अंशबन्डाको लिखत नभए पनि बन्डा भएको मान्न मिल्नेमा यी पुनरावेदक प्रतिवादीहरूले सुरू जिल्ला अदालतमा प्रत्तिउत्तर फिराउँदा २०३७ साल र २०४० सालमा घरसारमा बन्डा गरी छुट्टिएको भनी जिकिर लिएको र यस अदालतमा पुनरावेदन गर्दा २०३० सालमा घरसारमा बन्डा गरी छुट्टिएको भन्ने जिकिर लिएको देखिए तापनि उल्लिखित अंशबन्डाको ३० नं. बमोजिम नरमगरम मिलाई अचल अंशबन्डा गरी छुट्टिई आ-आफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखिल खारेजसमेत गराइसकेको वा बन्डाबमोजिम आफ्नो आफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेको अवस्था नदेखिएको त्यस्तो जिकिरलाई मान्यता दिन मिल्ने देखिएन । वादी प्रतिवादीका बीच लुटपिट कुटपिट मुद्दाहरू चलेको भन्ने आधारमा कानूनबमोजिम अंशबन्डाको लिखत पारित नभएको र व्यवहार प्रमाणबाट अंशबन्डा भएको भन्ने नदेखिएको अवस्थामा बन्डा भएको भन्न मिल्ने नदेखिने।

यसरी वादी प्रतिवादीहरू अंशियार नाताका देखिएको, अंशबन्डा गर्नुपर्ने सबै सम्पत्ति बाबु कुल बहादुरको नाममा दर्ता रहेको र निजहरूका बीच रितपूर्वक अंशबन्डा भएको नदेखिएकोले सुरूको तायदाती फाँटवारीमा र छुट हुन गएको थप फाँटवारीमा उल्लेख भएको सम्पूर्ण सम्पत्तिबाट ९ भागको ४ भाग वादीहरूले अंश पाउने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुर दाङको मिति २०७०।३।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १० गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-०३९५, अंश चलन, मन्जु उप्रेती वि. रामबाबु भण्डारी

उपर्युक्तानुसारको तथ्य र बहस बुँदा रहेको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा पुनरावेदन

अदालत, पाटनले म्यादभित्र पुनरावेदन नपरेको भनी प्रतिवादी मन्जु उप्रेतीले दायर गरेको प्रस्तुत मुद्दाको पुनरावेदन खारेज गरेकोमा यस अदालतको संयुक्त इजलासबाट दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा पुनरावेदक मन्जु उप्रेतीको नाममा दर्ता रहेको कि.नं. १२९९ र १३०१ को जग्गा निजले आमाबाट हालैदेखिको बकसपत्र पाएको जग्गा बन्डा गर्ने गरेको पुनरावेदन अदालतको फैसलामा अंशबन्डाको १८ नं. स्त्री अंशधनको ५ नं.समेतको व्याख्यात्मक त्रुटि देखिएको भन्ने उल्लेख भएको देखिन्छ । पुनरावेदन अदालत, पाटनले जुन आधारमा पुनरावेदन म्यादभित्र दायर नभएको भनी खारेज गरेको हो त्यसतर्फ विवेचना नै नभई आमाबाट हालैको बकसपत्रबाट पाएको जग्गा बन्डा लाग्ने ठहर गरेको भनी पुनरावेदन अदालतले विवेचना नै नगरेको विषय उल्लेख गरी मुद्दा दोहोर्‍याई हेर्न प्रदान भएको निस्साको आधार नै सान्दर्भिक रहेको देखिन नआउने ।

साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भएको देखिन्छ । सोही ऐनको दफा १३ मा दफा १२ बमोजिम मुद्दा दोहोर्‍याई हेर्दा जुन आधारमा मुद्दा दोहोर्‍याई हेर्ने आदेश गरेको हो सोही आधार र सम्बद्ध विषयमा मात्र सीमित रही मुद्दा किनारा गर्नुपर्छ भन्ने व्यवस्था रहेकोले उपर्युक्तानुसार पुनरावेदन खारेज गर्ने गरेको पुनरावेदन अदालतको फैसलाको विवेचना नै नगरी पुनरावेदन अदालतको फैसलामा उल्लेखै नभएको विषय उल्लेख गरी मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भएको आदेशका सन्दर्भमा हेर्दा कि.नं. १२१९ को जग्गा प्रतिवादी मन्जु उप्रेतीले आमाबाट हालै देखिएको बकसपत्रबाट स्वामित्व प्राप्त गरेको देखिए पनि सो जग्गा खरिद गर्दा घर नरहेकोमा पछि घर बनाएको देखिएको र वादीको बसोबास सो घरबाहेक अन्यत्र रहेको भन्ने प्रतिवादीको भनाई रहेको देखिँदैन । यी वादी प्रतिवादीहरू सगोलमा रहेकै अवस्थामा वादीको नाममा रहेको खोपासीका जग्गाहरू बिक्री भएको देखिएको र त्यसरी बिक्री भएको जग्गाको रकमसमेत सगोल घर व्यवहारमा प्रयोग भएको भन्ने देखिन्छ । कि.नं. १३०१ को जग्गा प्रतिवादीले बकसपत्रबाट प्राप्त गरेको भन्ने नदेखिएको समेतबाट उल्लिखित घर जग्गा सगोलको ठहर्‍याई सोबाट वादीले अंश पाउने ठहर गरेको सुरूको फैसला कानूनसम्मत देखिन आउने ।

यी पुनरावेदकले प्रस्तुत मुद्दा काठमाडौं जिल्ला अदालतबाट २०६६।१०।२१ मा फैसला भएको कुरा मिति ०६७।२।१४ मा आफूले गरिदिएको अधिकृत वारेसनामामा स्पष्टरूपमा उल्लेख गरेको देखिन्छ । काठमाडौं जिल्ला अदालतबाट प्रस्तुत मुद्दा फैसला भएपछि प्रत्यर्थी वादीले बन्डा छुट्याई पाउँ भनी दिएको बन्डाको दरखास्तको कारवाहीको क्रममा यी पुनरावेदिका मन्जु उप्रेतीको नाउँमा जारी भएको (सूचनाको) म्यादसमेत २०६७।४।१० मा निजको घरदैलामा टाँस भई तामेल भएको देखिन्छ । उक्त म्यादका विषयमा निजले विवाद गरेको अवस्था देखिँदैन । यसरी २०६७।२।१४ मा आफूले गरिदिएको अधिकृत वारेसनामामा ०६६।१०।२१ मा काठमाडौं जिल्ला अदालतबाट मुद्दा फैसला भएको उल्लेख गरेको र सो फैसलाअनुसार वादीले बन्डा छुट्याई पाउँ भनी दिएको दरखास्तको सूचनासमेत प्रतिवादीको घरदैलोमा ०६७।४।१० मा रीतपूर्वक टाँस भई तामेल भएकोमा प्रतिवादीले पुनरावेदन अदालत, पाटनमा मिति २०६७।७।१२ मा मात्र पुनरावेदन दर्ता गरेको देखिएकाले पुनरावेदक / प्रतिवादीको पुनरावेदन म्यादभित्र दर्ता भएको देखिन नआउने ।

तसर्थ, उल्लिखित आधार प्रमाणहरूबाट पुनरावेदक / प्रतिवादीको नामदर्ताको घरजग्गामा वादीले अंश पाउने ठहर गरेको फैसला र सो

फैसलाउपर पुनरावेदक / प्रतिवादी मन्जु उप्रेतीले दायर गरेको पुनरावेदन म्यादभित्र दायर भएको नदेखिई सो पुनरावेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।६।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्न भएको आदेशसँग सहमत हुन नसकिने ।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १० गते रोज ६ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-०१५७, मोही हकको प्रमाण पत्र पाऊँ, सुवालाल महतो वि. दानालाल महतो

विवादित कि.नं. १७३९ र १६७८ को जग्गा मैले निरन्तर मोहीको हैसियतले खनजोत गर्दै आएको छु भन्ने वादीको दाबी भए पनि मोहीको हैसियतले पाउने मोही प्रमाणपत्र र ४ नं. अनुसूचीबमोजिमको मोहीको अस्थायी निस्सासमेत निजले पाएको देखिएको छैन । विवादित जग्गा आफूले खनजोत गरेको भनी वादीले गरेको दाबीसमेत उपरोक्त सरजमिन मुचुल्काबाट खण्डित भएको देखिन्छ । उक्त जग्गामा प्रतिवादीको घरबास देखिएकोले वादीले खनजोत गरेको भन्ने देखिँदैन । केवल १६ धुर जग्गादेखिएको र सोमा प्रतिवादी दानालाल महतोले घर बनाई बसेको अवस्थामा यी वादीले जग्गा खनजोत गरी बाली लगाएको भन्नु युक्तिसङ्गत र विश्वसनीय देखिँदैन । जग्गा कमाउने मोहीको हैसियतले बुझाउनु पर्ने कुत बुझाएको प्रमाणलगायत कुनै प्रमाण वादीले पेस गर्न सकेको नदेखिने ।

जग्गाको साबिक स्रोत भिड्न नसकेको, मोहीको अस्थायी निस्सासम्म प्राप्त नगरेको, जग्गाधनी प्रमाण पुर्जामा मोही नजनिएको, मोही दाबी गर्ने यी वादीले जग्गा भोग गरेको समेत नदेखिएको अवस्थामा अहिले आएर वादीले मोही हक पाउने अर्थात् कुनै तरहबाट मोही हक स्थापित हुने अवस्था रहँदैन । मोही स्वयम्ले भरेको १ नं. लगतमा जनिएको व्यहोरासम्मकै आधारमा मोही हक कायम हुन सक्दैन । अन्य प्रमाणबाट पनि मोही हो भन्ने देखिनु पर्दछ र विधिसम्मत तवरबाट सो कुरा स्थापित हुनु पर्दछ । त्यसप्रकारको अवस्था यस विवादमा देखिन आएन । यस स्थितिमा पुनरावेदन अदालतको फैसलामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(५)(क) को त्रुटि भएकोले उल्टी गरी सुरूको फैसला सदर हुनपर्छ भन्ने वादीको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

अत: उल्लिखित आधार कारण तथा प्रमाणबाट विवादको जग्गामा वादीले मोहीको हकको प्रमाणपत्र पाउने गरी भएको सुरूको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०/१०/२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

अधिकृतः भोजराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ ५ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-०४३६, मोही नामसारी, अहमद मिया वि. महमद जहिर अन्सारी

निर्णयका लागि विवाद प्रस्तुत हुन आएपछि निर्णय गर्नुपर्ने (पक्षहरूबीच विवाद रहेको) सबै प्रश्नको निरूपण गरी निर्णय गरिनु पर्ने हुन्छ । कुनै प्रश्न बाँकी राखी आंशिक वा खण्डे तवरबाट फैसला गर्न हुँदैन । यस दृष्टिले हेर्दा सुरू भूमिसुधार कार्यालयको निर्णय

कानून अनुकूल नदेखिएको हँदा पुन: निर्णय गर्न सुरूमा पठाउने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मनासिब नै देखिने।

तसर्थ, दाबीको कि.नं. १८ को जग्गाको मोही नामसारी हुने र कि.नं. १६ को जग्गाको हकमा मोही नामसारी हुने, नहुने सम्बन्धमा केही नबोली सुरू भूमिसुधार कार्यालय, पर्साबाट भएको खण्डे निर्णय अ.बं.१९२ नं प्रतिकूल देखिँदा सो निर्णय बदर गरी अब दुवै कित्ता जग्गाको सम्बन्धमा जे जो बुझ्नुपर्ने हो बुझी दुवै कित्ताका जग्गाको मोही नामसारी हुने नहुने सम्बन्धमा एकैपटक निर्णय गर्नु भनी मिसिल सुरू भूमिसुधार कार्यालयमा पठाइदिने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१/१/२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख २२ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-०१६०, मोही हकको प्रमाण पत्र पाऊँ, सुवालाल महतो वि. खुसीलाल महतो

विवादित कि.नं. १७३८ र १६७७ को जग्गा मैले निरन्तर मोहीको हैसियतले खनजोत गर्दै आएको छु भन्ने वादीको दाबी भए पनि मोहीको हैसियतले पाउने मोही प्रमाणपत्र र ४ नं. अनुसूची बमोजिमको मोहीको अस्थायी निस्साससमेत निजले पाएको देखिएको छैन। विवादित जग्गा आफूले खनजोत गरेको भनी वादीले गरेको दाबीसमेत सरजमिन मुचुल्काबाट खण्डित भएको देखिन्छ। उक्त जग्गामा प्रतिवादीको घरबास देखिएकोले वादीले खनजोत गरेको भन्ने देखिँदैन। केवल १६ धुर जग्गादेखिएको र सोमा प्रतिवादी खुसिलाल महतोले घर बनाई बसेको अवस्थामा यी वादीले जग्गा खनजोत गरी बाली लगाएको भन्नु युक्तिसङ्गत र विश्वसनीय देखिँदैन। जग्गा कमाउने मोहीको हैसियतले बुझाउनु पर्ने कुत बुझाएको प्रमाणलगायत कुनै प्रमाण वादीले पेस गर्न सकेको नदेखिने।

जग्गाको साबिक स्रोत भिड्न नसकेको, मोहीको अस्थायी निस्सासम्म प्राप्त नगरेको, जग्गाधनी प्रमाणपूर्जामा मोही नजनिएको, मोही दाबी गर्ने यी वादीले जग्गा भोग गरेकोसमेत नदेखिएको अवस्थामा अहिले आएर वादीले मोही हक पाउने अर्थात् कुनै तरहबाट मोही हक स्थापित हुने अवस्था रहँदैन। मोही स्वयम्ले भरेको १ नं. लगतमा जनिएको व्यहोरासम्मकै आधारमा मोही हक कायम हुन सक्दैन। अन्य प्रमाणबाट पनि मोही हो भन्ने देखिनु पर्दछ र विधिसम्मत तवरबाट सो कुरा स्थापित हुनुपर्दछ। त्यस प्रकारको अवस्था यस विवादमा देखिन आएन। यस स्थितिमा पुनरावेदन अदालतको फैसलामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(५)(क) को त्रुटि भएकोले उल्टी गरी सुरूको फैसला सदर हुनपर्छ भन्ने वादीको पुनरावेदन जिकिर मनासिब नदेखिने।

अत: उल्लिखित आधार कारण तथा प्रमाणबाट विवादको जग्गामा वादीले मोहीको हकको प्रमाण पत्र पाउने गरी भएको सुरूको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०/१०/२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ ५ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-CR-०७१७, साल काठ अनियमित बिक्री वितरण, नेपाल सरकार वि. भिष्मप्रसाद बन्जाडे

गोलिया काठलाई चिरानमा परिवर्तन गर्दा

लगाएको टाँचा सबै चिरानमा देखिन सम्भव हुने देखिँदैन । बरामद भएको काठ प्रतिबन्धित काठ हो भन्ने जिकिर भए पनि कुन ठाउँ बुट्यानको प्रतिबन्धित काठ हो भन्ने अभियोजन पक्षले खुलाउन सकेको देखिँदैन । बरू प्रतिवादीले बञ्चरे सामुदायिक वनबाट लिलाम सकार गरी काठ ल्याएको भन्ने देखिन्छ । साथै बञ्चरे सामुदायिक वनलाई वन कार्यालयले निकासी अनुमतिपत्र दिएको र मिति २०६७।१०।२३ मा फर्निचर उद्योगलाई चिरान आदेशसमेत दिएको देखिएकोले आदेश दिएको काठ बरामद भएको होइन भन्ने पुनरावेदन जिकिर पत्यारलायक नदेखिने ।

वन ऐन, २०४९ को दफा ४९ मा कसैले पनि यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनमा देहायका काम कारवाही गर्न गराउन वा सो गर्ने गराउने उद्योगसमेत गर्न हुँदैन । त्यस्तो काम कारवाही गरेमा कसुर गरेको भनिनेछ भन्दै उपदफा (घ) मा वन क्षेत्रबाट वन पैदावर हटाउन ओसारपसार गर्न वा बिक्री वितरण गर्न भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत मुद्दाका प्रतिवादीले बञ्चरे सामुदायिक वनबाट लिलाम सकार गरी ल्याएको काठ बरामद भएको देखिएको अवस्थामा वन ऐनको उक्त दफाबमोजिमको कसुर गरेको पुष्टि हुन नआउने ।

तसर्थ, सुरू कपिलवस्तु जिल्ला अदालतबाट प्रतिवादी भिष्मप्रसाद वन्जाडेलाई वन ऐन, २०४९ दफा ५० को उपदफा (१) खण्ड (घ) को उपखण्ड (४) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबीबमोजिम दिन ७ कैद र रू.२५,४३५।– जरिवाना हुने र उक्त बरामद भई आएको काठ वन ऐन, २०४९ बमोजिम जफत हुने ठहर्छ भनी गरेको सुरूको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ २ गते रोज ३ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-RB-०१४६, बैंकिङ कसुर, शेरबहादुर थापा वि. नेपाल सरकार

प्रतिवादी शेरबहादुर थापाको हकमा माथि विवेचित आधार प्रमाणबाट खातावाला देवबहादुर थापा र पदमाया थापाको हिमालयन बैंक नारायणगढ शाखामा रहेको खाताबाट क्रमशः रू.१,५०,०००।– र रू. ३,५०,०००।– गरी जम्मा रू.५,००,०००।– (पाँच लाख रूपैयाँ) अनधिकृतरूपमा निकाली हिनामिना गरेको कुरामा विवाद देखिँदैन । अर्काको खातामा रहेको रकम खातावालको मन्जुरीबेगर बैंककै कर्मचारीबाट अनधिकृतरूपमा हिनामिना गर्नु हुँदैन भन्ने सामान्य प्रकृतिको जानकारी यी पुनरावेदकलाई थिएन होला भन्न मिल्दैन । यसरी वचतकर्ताहरूको खातामा रहेको रकम अनधिकृतरूपमा झिकी हिनामिना गर्नमा प्रत्यक्ष भूमिका निर्वाह गरेका यी पुनरावेदक शेरबहादुर थापाले आफ्नो पुनरावेदन जिकिरमा आफूले कसुरमा साबित रही अनुसन्धानमा सहयोग गरेकोले सजाय कम हुनुपर्ने जिकिर लिएको पाइयो । सो सम्बन्धमा हेर्दा वचतकर्ताहरू विदेशमा भएको थाहा जानकारी पाई क्यासिएर पदमा कार्यरत सोही बैंङ्कका कर्मचारीले अनधिकृतरूपमा रकम हिनामिना गरेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा कम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने कानूनसम्मत र विवेकसम्मत आधार नदेखिने ।

अतः प्रतिवादी देवबहादुर थापालाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ को उपदफा (२) को खण्ड (क) बमोजिम कैद ६ (६) महिना र बिगोबमोजिम रू.५,००,०००।– (पाँच लाख रूपैयाँ) जरिवाना तथा प्रतिवादीबाट रू.५,००,०००।– (पाँच

लाख रूपैयाँ) हिमालयन बैंक लिमिटेड भरतपुर शाखालाई भराई दिने ठहरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।६।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: देवीमाया खतिवडा (देवीना)

इति संवत् २०७३ साल माघ ५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CR-०८८०, जालसाजी, चन्द्रिका साह वि. शेष जरनैल

राजीनामा लिखत पारित हुँदाको बखत यी वादीहरू गौरी साहसँग सगोलकै अंशियार बाबु छोरा नाताका रहेको अवस्थामा अंशबन्डाको १९(१) नं. बमोजिम व्यवहार चलाउनका लागि बेचबिखन गर्दा २१ वर्ष उमेर पुगेका अंशियार छोराको समेत मञ्जुरी वा लिखतमा साक्षी राखी लिखत पारित गरी दिनुपर्नेमा वादीहरूका आमा मोती देवीसम्मलाई लिखतमा साक्षी राखी तत्काल २१ वर्ष उमेर पुगेका छोरा राजकुमारको मञ्जुरी नलिएको र लिखत साक्षी पनि राखेको नहुँदा निज वादीमध्येका राजकुमार साहको हकमासम्म अंशबन्डाको १९(१) नं. विपरीत हुन गएको देखिन्छ। वस्तुत वादी राजकुमार साहको अंशहकमा प्रत्यक्ष असर पर्ने गरी निजलाई थाहा जानकारी मन्जुरी नलिई निजको हकमा आघात पुग्ने गरी भएको लिखत निजको हकमा सम्म जालसाजीपूर्ण नै देखिने।

राजीनामा लिखत व्यहोरा, सगोलकी पत्नी मोती देवीलाई साक्षी राखेको स्थिति, लिखत पारित भएपश्चात् २ वर्ष पुग्न दुई दिन बाँकी रहँदा प्रस्तुत मुद्दाको फिराद परेको अवस्थासमेतको समष्टिगत अध्ययनबाट व्यवहार चलाउनकै लागि घरका मूली गौरी साहले उल्लिखित जग्गा बिक्री गर्नुभएको देखिँदा यस्तो स्थितिमा माथि नै उल्लेख गरिएअनुसार अंशबन्डाको १९(१) नं. बमोजिम २१ वर्ष उमेर पुगेका अंश नलिएका छोराहरू वादीमध्येका राजकुमार साहसम्मको मञ्जुरी लिनुपर्ने र वादीमध्येका चन्द्रिका तथा रामबाबु सगोलकै अंशियार भए पनि तत्काल निजहरूको उमेर क्रमशः १९ र १६ वर्ष अर्थात् २१ वर्षभन्दा कम उमेरका हुँदा अंशबन्डाको १९(१) नं. ले मञ्जुरी लिई रहनु पर्ने नदेखिने।

अतः ५ भागको १ भाग लिखतसम्म जालसाज ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: देवीमाया खतिवडा (देवीना)

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-०९३२, लिखत दर्ता बदर दर्ता, राजकुमार साह वि. शेष जरनैलसमेत
- ०६८-CI-०९३३, लिखत दर्ता बदर दर्ता, राजकुमार साह वि. शेष जरनैलसमेत

## इजलास नं.१२

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WH-००७८, बन्दीप्रत्यक्षीकरण, NANKUBHAI HAMIRBHAI BASHIA वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत

कानूनमा दुई अलग अलग प्रयोजनका लागि अलगअलग कानूनी व्यवस्था भएकोमा कानूनले जुन प्रयोजनका लागि जे व्यवस्था गरेको छ, त्यसैको प्रयोग गर्नुपर्दछ। जरिवाना मात्र भएको व्यक्तिलाई जरिवाना र कैद दुवै सजाय हुने कानूनी व्यवस्थाअनुसार कैद ठेग्ने गरी भएको कार्य गैरकानूनी भई सोअनुसार रहेको

थुना पनि गैरकानूनी हुन जान्छ। यसरी यी निवेदकलाई फैसलाबमोजिमको जरिवाना नतिरे बापत मुलुकी ऐन, दण्ड सजायका महलको ३८(२) बमोजिम कैद ठेक्नुपर्नेमा सोबमोजिम कैद नठेकी ऐ.३८(१) बमोजिम कैद ठेक्ने गरेको कार्य कानूनसङ्गत भएको भनी मान्न मिल्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणबाट यी निवेदक Nankubhai Hamirbhai Bashiya लाई अभियोग लगाइएको मुद्दामा सुन चोरी पैठारी मुद्दामा तत्कालीन समयमा भन्सार ऐन, २०६४ को दफा ५७(१)(घ) बमोजिम अधिकतम दुई वर्षसम्म मात्र कैद सजाय हुनसक्ने कानूनी व्यवस्था रहेको र यी निवेदकलाई अभियोग लगाइएको सो मुद्दामा भएको फैसलाबमोजिमको जरिवाना नतिरेबापत निजलाई कैद ठेक्दा मुलुकी ऐन, दण्ड सजायका महलको ३८(१) बमोजिम कैद ठेक्न नमिल्ने भई ऐ. महलको ३८(२) बमोजिम कैद ठेक्नुपर्ने र त्यसरी कैद ठेक्दा निजलाई लगाइएको अभियोग दाबीको अपराधमा हुनसक्ने कैदको उपल्लो हद दुई वर्षको आधा एक वर्षभन्दा बढी कैद ठेक्न सक्ने अवस्था नदेखिएको हुँदा निज प्रतिवादी Nankubhai Hamirbhai Bashiya मिति २०७१।३।११ देखि पक्राउ परी पुर्पक्षको लागि थुनामा रहेको देखिएकोले निजलाई ठहरेको जरिवानाबापत कैद ठेक्दा हुने कैद अवधि एक वर्ष भुक्तान भइसकेको देखिँदा निवेदकलाई काठमाडौं जिल्ला अदालतको लगत नं. १९७२६ कैदी ढड्डा नं. २९३ च.नं. २१७१ मिति २०७३।८।१२ को पत्रबाट चार वर्ष थुनामा राख्ने गरी दिएको कैदी पुर्जी कानूनसम्मत नभई गैरकानूनी भई सो कैदी पुर्जीअनुसार बसेको बढी कैद अवधिको थुना गैरकानूनी देखिएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : शिवलाल पाण्डेय

इति संवत् २०७४ साल साउन १२ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CI-०२५७, ०४९०, छुट जग्गा दर्ता कायमसमेत, गोपीराम पुन वि. भद्रकुमारी रोका, भद्रकुमारी रोका वि. गोपीराम पुन

झिगौरा मौजा र लुहासुर मौजाअन्तर्गत के कुन कि.नं. का जग्गा पर्छन् भनी यकिन गर्ने, विवादित जग्गा झिगौरा वा लोहासुर कुन मौजाअन्तर्गतको जग्गा हो, सो स्पष्ट बुझिने गरी उक्त दुवै मौजा छुट्याउने भनिएको तेल्ले कुलोसमेतको यकिन गरी गराई मुलुकी ऐन, अ.बं.१७१ नं. बमोजिम विवादित जग्गाको नाप नक्सा गर्ने र जे जो बुझ्नुपर्ने वादी प्रतिवादीका प्रमाण बुझी प्रमाण कागजातको व्याख्या विश्लेषण गरी फैसला गर्न उच्च अदालत, तुलसीपुर दाङले सक्ने अवस्था विद्यमान हुँदाहुँदै एक पटक पुनः जो जे प्रमाण बुझ्नुपर्छ बुझी फैसला गर्नु भनी सुरू जिल्ला अदालतमा पठाउँदासमेत आवश्यक प्रमाण नबुझी फैसला गरेको अवस्थामा पुनः सोही कुरा उल्लेख गरी सुरू जिल्ला अदालतमा मिसिल पठाउँदा मुद्दाका पक्षहरूले अनावश्यक रूपमा दुःख, हैरानी व्यहोर्नु र मुद्दा किनारा हुने समय पनि लम्बिने गई न्यायमा पक्षको सहज पहुँच पुऱ्याउने न्यायपालिकाको रणनीतिक उद्देश्यसमेतको विपरीत हुन जाने देखिएको हुँदा एक पटक जो जे प्रमाण बुझी फैसला गर्न भनी सुरू अदालतमा मिसिल पठाइसकेकोमा पुनः सोही कुरा उल्लेख गरी सुरू अदालतमा मिसिल फिर्ता पठाउने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६९।३।२९ मा भएको फैसला न्याय र कानून सङ्गत नदेखिने।

तसर्थ माथि विवेचित आधार प्रमाणका आधारमा जो जे प्रमाण बुझी फैसला गर्न भनी सुरू अदालतमा मिसिल फिर्ता पठाउने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६९।३।२९ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरी दिएको छ।

अब जे जो बुझ्नु पर्छ बुझी न्याय प्रशासन ऐन, २०७३ को दफा १४ मा रहेको व्यवस्थालाई समेत मध्यनजर राखी कानूनबमोजिम मुद्दा किनारा गर्नु भनी उच्च अदालत, तुलसीपुरमा मिसिलसहित हाजिर रहेका पक्षलाई तारिख तोकी पठाइदिने।

इजलास अधिकृत : शिवलाल पाण्डेय

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम्।

- ०६९-CI-०२५८, ०४९१, छुट जग्गा दर्ता कायमसमेत, गोपीराम पुन वि. भद्रकुमारी रोका, भद्रकुमारी रोक्का वि. गोपीराम पुन
- ०६९-CI-०३३८, ०८७८, छुट जग्गा दर्ता कायमसमेत, भद्रकुमारी रोक्का वि. गोपीराम पुन, मनराखु चौधरीसमेत वि. भद्रकुमारी रोक्का

## इजलास नं. १३

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-१४६७, अंश चलन, कमलप्रसाद अधिकारीसमेत वि. लिलादेवी अधिकारी

प्रस्तुत मुद्दा अंशजस्तो नैसर्गिक अधिकारको विषयवस्तुसँग जोडिएको छ । तसर्थ अंशियारबीच अंशबन्डा भइसकेको भनी पुनरावेदकले उठाएका प्रश्नउपर जिल्ला अदालतले जो जे बुझ्नुपर्ने प्रमाणहरू बुझी तथ्यगत आधार केलाई वादीले अंश पाउने हो होइन ? अंश पाउने भए के कुन सम्पत्तिबाट पाउने हो ? मानो छुट्टिएको मिति कुन कायम हुने हो ? भन्ने जस्ता न्यायिक निरूपण गर्नुपर्ने प्रश्नमा विवेचना गरी न्यायिक निष्कर्षमा पुग्ने अवस्थाको विद्यमानता रहेकै देखिँदा पुनरावेदन अदालत, विराटनगरले पुनः इन्साफको लागि जिल्ला अदालतमा पठाउने गरी मिति २०७१।९।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल वैशाख २९ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CI-०४०२, अंश चलन, टिकामाया खत्री कार्की वि. खुशबहादुर खत्री

अदालतले मिसिलमा रहेको सबुद प्रमाणबाट वर्तमान अवस्थामा देखिएका तथ्यहरू कै सन्दर्भमा व्याख्या र विवेचना गर्नुपर्ने हुन्छ । भविष्यमा यस्तो पनि हुन सक्ने अवस्था रहन सक्छ भनी विवाद नरहेको विषय वस्तुलाई अनुमान र शङ्का गरी कसैको हक सिर्जना गर्न हुँदैन । प्रतिवादी खुशबहादुर खत्रीले वादी दाबी स्वीकार गरी प्रतिउत्तर नै दिएको छैन । वादीको दाबी र तथ्य कहिँकतैबाट विवादित छैन । अदालतले विवाद भएको विषयवस्तुमा निरूपण गर्ने हो । अदालत, आफैँ वादी भई कसैको हक सिर्जना गर्ने हाम्रो न्यायिक अभ्यास र परम्परा छैन। कसैको हक अधिकारलाई आघात पार्ने नियतबाट मुद्दा गरी फैसला भए पनि हकवालाले सो फैसलाउपर कानूनी चुनौती दिने कानूनी व्यवस्था पाइने।

प्रतिवादी खुशबहादुर खत्री २०६३ सालमा नै अंश बुझी लिई पारित लिखतबाट छुट्टी भिन्न भइसकेको प्रमाणित भएको छ। छुट्टी भिन्न भइसकेको व्यक्तिको नाउँमा दर्ता रहेको घर जग्गा अन्यथा प्रमाणित नभएसम्म निज खुशबहादुर खत्रीकै हकमा रहन गएको हुन्छ। निज प्रतिवादीबाहेक अरू मूल अंशियारहरूमा समेत उक्त काठमाडौं जिल्लामा रहेको सम्पत्ति बन्डा लाग्ने भनी मिसिल संलग्न तथ्य प्रमाणबाट खुल्न आएको छैन। छुट्टी भिन्न रहेको व्यक्तिको नाउँमा दर्ता रहेको सम्पत्ति निजले सगोलमा रहँदाको अवस्थामा प्राप्त गरेको भन्ने तर्क गरी विवाद नै नभएको

विषयवस्तुमा प्रवेस गर्न मिल्ने हुँदैन । मूल अंशियारहरू ६ जनाको समेत अंश हक रहने वा नरहने भन्ने प्रस्तुत विवाद नै होइन । मूल अंशियारहरूले विवाद नगरेसम्म र सो प्रश्नमा अदालतमा विवाद नआएसम्म छुट्टी भिन्न बसेका प्रतिवादी खुशबहादुर खत्रीको नाउँमा काठमाडौं जिल्लामा रहेको घर जग्गा मूल अंशियारहरूको समेत अंश हक रहेको भन्ने तर्क मनासिब मान्न नसकिने ।

अतः कि.नं. १४६ र २३१ को घर जग्गाबाट अंश छुट्टिई भिन्न भइसकेका खुशबहादुरका मूल अंशियारहरूको बीच पनि बन्डा लाग्ने भनी गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।११।१७ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई उक्त कि.नं. १४६ र २३१ को घर जग्गाबाट वादीहरूले ३ भागको २ भाग अंश पाउने ठहर्ने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल पुस २० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-RC-०१३४ र ०७१-RC-१४६३, कर्तव्य ज्यान, उद्धवराम ओड वि. नेपाल सरकार र उद्धवराम ओड वि. नेपाल सरकार

निज मृतकलाई प्रतिवादीले ढुङ्गाले प्रहार गरी सोही चोटबाट निजको मृत्यु भएको भन्ने घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, पोष्टमार्टम रिपोर्ट र प्रतिवादीको साबिति बयानबाट पुष्टि हुन आउने ।

मृतकले प्रतिवादीको ज्यान लिनासम्मको जोरजुलुम गर्न लागेको अथवा प्रतिवादीलाई गम्भीर रूपमा कुटपिट प्रहार जोरजुलुम गरेको भन्ने कतैबाट प्रमाणित हुनसकेको पाइँदैन । प्रतिवादी र मृतक खुलास्थान बाटोमा घर जाँदै गर्दा वारदात घटना भएको छ । मृतकको पञ्जाबाट भागी उम्कन नसक्ने, ज्यान बचाउन फुर्सद नपाउने अवस्था यो यस्तो कारणबाट हुन गएको थियो भनी प्रतिवादीले प्रमाणित गर्न सकेको छैन । मृतक र प्रतिवादी दुवै जना मादक पदार्थ सेवन गरी घरतर्फ साथै जाँदै गर्दा वादविवाद झैझगडा भई सोही स्थानमा रहेको ढुङ्गाले मृतकलाई प्रहार गरेको हुँदा उक्त ज्यानसम्बन्धी महलको ७ नं. मा उल्लिखित अवस्था र परिस्थिति प्रस्तुत वारदातमा रहेको भन्ने देखिन नआउने ।

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा वादविवाद हुँदा मृतकले गाली गरेका कारण मैले ढुङ्गा टिपी मृतकको टाउकोमा प्रहार गरेको हुँ भनी उल्लेख गरेको देखिएको छ । अदालतमा समेत मृतकले मलाई आमाचाकरी गाली गरेकाले हात हालाहाल भएको र मैले ढुङ्गा टिपी निजको टाउकोमा हानेको हुँ भनी साबिती रही बयान गरेको देखिन्छ । उक्त बयानलाई जाहेरी दरखास्त, लास जाँच मुचुल्का, मौकामा कागज गर्नेहरूको बयान व्यहोरा, सहप्रतिवादी मोहितराम दमाईको अदालतको बयान र शव परीक्षण प्रतिवेदनसमेतले पुष्टि गरेको अवस्था छ । यस अवस्थामा प्रतिवादीले भवितव्यमा परी मृतकलाई मारेको वा आफ्नो ज्यान जाने अवस्थामा प्रतिरक्षा गर्दा मृतकको ज्यान गएको अवस्था नदेखिँदा पुनरावेदन जिकिरबमोजिम निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. र ७ नं. बमोजिम सजाय कम गर्न मिल्ने देखिन आएन । प्रतिवादीले मृतकको टाउकोमा ढुङ्गाले प्रहार गरी मारेको पुष्टि हुन आएकोले निज पुनरावेदक प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।११।०५ को फैसला अन्यथा देखिन नआउने ।

प्रतिवादीले मृतकलाई मार्ने नियतले पूर्वयोजना बनाई वारदात घटाएको अवस्थासमेत देखिँदैन । मृतक र प्रतिवादी साथै घर फर्कन लागेको अवस्थामा घटना भएको छ । सामान्य विवादको परिणाममा कर्तव्य गरी मृत्यु भएको स्थिति मिसिल

संलग्न प्रमाणहरूबाट खुल्न आएको छ । साथै प्रतिवादीले घटना दबाउने वा प्रमाण लोप गर्नेजस्तो काममा नलागी स्पष्ट र साँचो कुरा भनेर अनुसन्धानमा र न्यायिक प्रक्रियामा सहयोगसमेत पुऱ्याएको अवस्था छ। अत: यी प्रतिवादीले ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर गरेको ठहरे तापनि निजको उमेर, घटनाको प्रकृति, वारदात हुँदाको परिस्थितिसमेत हेर्दा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोले पुनरावेदक प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्न राय व्यक्त गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको राय मनासिब देखिँदा सदर हुने।

उपर्युक्त आधार र कारणबाट पुनरावेदक प्रतिवादी उद्धवराम ओडलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई अ.बं.१८८ नं. अनुसार कैद वर्ष १० सजाय हुन राय व्यक्त गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०/१२/०५ गतेको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. र ७ नं. बमोजिम सजाय हुनुपर्दछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-१११४, अंश, बसन्ता थापा वि. शिवराम अधिकारीसमेत

पुनरावेदक वादीको पुनरावेदन पत्रको प्रकरण ४ मा उल्लेख भएअनुसार निज वादी बसन्ता थापाले हाल प्रतिवादी शिवराम अधिकारीबाहेकका अन्य व्यक्तिसँग विवाह गरी सकेको अवस्था देखिन्छ। निज वादी बसन्ता थापाले भारतमा रहँदाको अवस्थामा प्रतिवादीमध्येका शिवराम अधिकारीसँग यौन सम्पर्क रही सोबाट छोरा सुमित अधिकारीको जन्म भएको भन्ने दाबी लिएको र सो सन्दर्भमा प्रतिवादीहरू नातामा नै इन्कार रही बयान गरेको कारण वैज्ञानिक प्रमाणको रूपमा वादी प्रतिवादीको DNA परीक्षण गराउने गरी सुरू अदालतबाट आदेश भएको र सोबमोजिम परीक्षण भई प्राप्त प्रतिवेदन हेर्दा, बसन्ता अधिकारीबाट जन्मेको बच्चा सुमित अधिकारीको जैविक बाबु शिवराम अधिकारी होइन भन्ने पाइयो, भनी प्रतिवेदन प्राप्त भएको देखिन्छ । वैज्ञानिक परीक्षणबाट स्पष्टरूपमा प्राप्त भएको प्रतिवेदन पश्चात पनि त्यसरी परीक्षण गर्ने विशेषज्ञहरूले अदालतमा आई बकपत्रसमेत गरिदिई बच्चा सुमित अधिकारीको DNA प्रतिवादी शिवराम अधिकारीसँग नमिलेको भनी पुष्टि गरिदिएको समेत देखिएको अवस्था पाइने।

वैज्ञानिक परीक्षण प्रतिवेदन र सो परीक्षण गर्ने विशेषज्ञको बकपत्रसमेतबाट स्थापित भएको तथ्यलाई अन्यथा भन्नका लागि सोको खण्डन गर्ने ठोस प्रमाण प्रस्तुत भएको हुनुपर्छ । त्यस्तो स्पष्ट परीक्षण प्रतिवेदनको विरूद्धमा पुनरावेदक वादी पक्षले कुनै ठोस र वस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न सकेको पनि देखिँदैन। भारत पञ्जाबमा एउटै ठाउँमा काम गरेको भन्ने र प्रतिवादीको घर जान खोज्दा कुटपिट गरेको भन्ने जस्तो सामान्य भनाईको मात्र आधारमा DNA जस्तो ठोस प्रमाणलाई अन्यथा भन्न सकिने अवस्था नदेखिने।

हाल वसन्ता थापाले अन्य व्यक्तिसँग विवाह गरिसकेको देखिएको, निज र प्रतिवादी शिवराम अधिकारीबीच विवाह भएको वा लोग्ने स्वास्नीको सम्बन्ध कायम रहेको पुष्टि हुने अवस्थासमेत मिसिल

संलग्न प्रमाणहरूबाट नदेखिएको तथा हाल यस अदालतमा दायर गरेको पुनरावेदन पत्रबाट छोराको मात्र नाता कायम गरी, निजको १ भाग अंश माग गरेको देखिएको र DNA परीक्षण प्रतिवेदनसमेतबाट नाबालक सुमितको बाबु प्रतिवादी शिवराम अधिकारी नभएको भन्ने पुष्टि भइरहेको अवस्थामा दाबीबमोजिम नाताकायम हुने अवस्था नरहेको र नाता कायम नभएको कारण अंश पाउने अवस्थासमेत देखिन नआउने।

तसर्थ उल्लिखित तथ्य प्रमाणहरूका आधारमा दाबीबमोजिम नाता कायम नहुने र अंशसमेत नपाउने ठहऱ्याई पुनरावेदन अदालत, तुलसीपुरबाट भएको मिति २०७०।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल पुस २० गते रोज ४ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-WO-०२४०, उत्प्रेषण, नारायणप्रसाद रेग्मी वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत

निवेदकले निवेदनमा जिल्ला विकास समिति मुस्ताङबाहेक अन्य जिल्लाका कुनै कार्यालय, उल्लेख गरी सरूवाका लागि माग गरी निवेदन दिएको देखिँदैन। यसप्रकार 'क' वर्गको भौगोलिक क्षेत्रमा लामो अवधि कार्य गरेका कर्मचारीलाई नियमानुसार सुगम स्थानमा सरूवा गरिनु पर्ने थियो । तथापि निवेदक स्वयम्ले नै मुस्ताङ जिल्लाकै अर्को कार्यालयमा सरूवाका लागि माग गरी मिति २०७२।५।५ मा निवेदन गरेको देखियो । एउटा कार्यालयमा भए त्यही भौगोलिक क्षेत्रमा बस्नु मन्जुर हुने, अर्कोमा भए नहुने भनी कार्यालय नै छनौट गर्न पाउने हक हुँदैन । कसलाई कुन कार्यालयमा सरूवा गर्ने हो भन्ने कुरा सरूवा गर्ने अधिकारीको तजबिजको कुरा हो । यस्तो कुरालाई अधिकारको रूपमा दाबी गर्न मिल्दैन । यसका अतिरिक्त सरूवा गर्ने अधिकारीको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सामान्य प्रशासन मन्त्रालयमा उजुरी निवेदन गरी उपचार प्राप्त गर्नसक्ने व्यवस्था पनि रहेको देखिन्छ । निवेदकले सोबमोजिमको वैकल्पिक उपचारको मार्ग अवलम्बन गरेको पनि देखिएन । तसर्थ मागबमोजिम रिट आदेश जारी गरिरहनु पर्ने अवस्था नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल चैत १ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.आनन्दमोहन भट्टराई,** ०७२-WO-०३६८, उत्प्रेषण, अरबिन्दकुमार मिश्र वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत

निवेदकले २०५९ सालमा अस्थायी अध्यापन अनुमति पत्र लिएको देखिन्छ । त्यसपछि २०६७ सालमा सञ्चालन भएको अध्यापन अनुमति पत्रको परीक्षामा सम्मिलित भई प्रमाण पत्र लिएको भन्ने देखिँदैन । २०६७ पूर्ववितरित अस्थायी अध्यापन अनुमति पत्रको म्याद समाप्त भएका शिक्षकहरूलाई सेवामा नराख्ने भनी शिक्षा विभागबाट मिति २०७०।८।२० मा निर्णय भई पत्राचार भएको

देखिन्छ। निवेदकले २०५९ सालमा लिएको अध्यापन अनुमति पत्रको म्याद २०६७ सालसम्म कायम रहेको देखियो । निज २०६७ सालपछि निजले अध्यापन अनुमति पत्र प्राप्त गरेको देखिँदैन । यस अवस्थामा शिक्षक सेवा आयोग नियमावली, २०५७ मा मिति २०७१।१०।२६ मा भएको नवौं संसोधनले प्रदान गरेको सुविधा यी निवेदकले प्राप्त गर्नसक्ने देखिन नआउने।

तसर्थ, २०६७ पूर्व-वितरित अस्थायी अध्यापन अनुमति पत्रको म्याद समाप्त भएका शिक्षकलाई शिक्षक सेवामा नराख्ने व्यवस्था मिलाउनु भनी शिक्षा विभागबाट जारी गरिएको परिपत्र कानूनबमोजिम नै जारी भएको देखियो । कानूनद्वारा तोकिएबमोजिम अनुमति पत्र प्राप्त नगरेका अस्थायी शिक्षकलाई अवकाश दिने सम्बन्धमा नियममा भएको व्यवस्थाअनुसार अवकाश दिएको देखिँदा यसलाई कानूनप्रतिकूल मान्न मिलेन । तसर्थ निवेदन मागबमोजिम रिट आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फागुन ३० गते रोज २ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०३०६, उत्प्रेषण, संगीतादेवी हरिजन वि. अफती हरिजनसमेत

अ.बं.१७ नं. निवेदनको रोहमा हुने आदेशबाट कुनै पक्षको हक स्थापित हुने नभई तल्लो अदालतमा मुद्दाको कारबाही हुँदा म्याद नाघेको वा रीत बेरीतसम्म हेरिने हो । यस प्रकृतिको सीमित अधिकार हुनाले तल्लो अदालतमा विचाराधीन रहेको मुद्दामा अदालतसँग भएको न्यायिक अधिकारमा हस्तक्षेप गर्न मिल्ने उक्त कानूनी व्यवस्थाको अवधारणा होइन । तल्लो अदालतमा मिलापत्र बदर मुद्दा चल्दा चल्दैको अवस्था छ । अंश मुद्दा तथा मिलापत्र बदर मुद्दाहरू एक अर्कासँग अन्योन्याश्रितरूपमा आबद्ध रहेका छन् । वादी दाबीबमोजिम मिलापत्र बदर भएमा वादी प्रतिवादीहरूको अंश भागहरूमा फरक पर्नसक्ने अवस्था सिर्जना हुन जाने ।

पुनरावेदन अदालतको आदेशमा उल्लेख भएजस्तो मिलापत्रहरू अन्तिम भई बसेको नभई निवेदिकाहरूले ती मिलापत्रहरू आफ्नो हक मार्न भनी गरिएको भन्दै अदालतमा चुनौती दिएको हुँदा पछिका दिनमा मुद्दा माथि मुद्दा थपिने अवस्था सिर्जना गरिने कार्य अदालतबाट गरिनु न्यायको रोहमा उचित हुँदैन । अदालतले व्यक्तिको हक प्रचलन गराउन सरल र सुलभ मार्ग प्रत्याभूत गर्नुपर्ने ।

प्रतिवादीमध्येको दिनेश हरिजनले नाथु हरिजनउपर दिएको अंश मुद्दा तीन दिनमा मिलापत्र भएको देखिन्छ । सो मिलापत्रमा एउटा कित्ता मात्र जग्गा देखाई त्यसबाट ०-१-१५ मात्र जग्गा लिई मिलापत्र गरियो भन्ने निवेदिकाको भनाई छ । पहिला नाथुकै छोरा राजेशसँग विवाह भई निजको मृत्यु भएपछि देवर दिनेशसँग विवाह गरेको निजहरूको वैवाहिक सम्बन्धबाट दुई छोरीहरूको जायजन्म भएको भन्ने यी निवेदिकाको भनाई छ । यसबाट यी निवेदिकाको पारिवारिक सम्बन्ध जटिल र संवेदनशील रहेछ भन्ने सहजै अनुमान गर्न सकिन्छ । यस अवस्थामा प्रतिवादीमध्येका दिनेशबाट मात्र तायदाती

माग्ने आदेश हुँदा समग्र अंशियारको स्थिति र जग्गा जमीनको स्थिति हेरी न्याय गर्ने जिल्ला अदालतको अधिकारमा अनुचित हस्तक्षेप हुन जाने अवस्थाको सिर्जना हुन जाने।

तल्लो अदालतमा चलिरहेको मिलापत्र बदर मुद्दामा समेत असर पर्ने गरी र सुरू अदालतको अंश मुद्दामा प्रतिवादीहरूबाट तायदाती माग हुँदैमा अंश मुद्दामा असर पर्ने अवस्था हुन्छ नै भन्ने पनि हुँदैन। सुरू जिल्ला अदालतले तायदाती फाँटवारी माग गरेको आदेश हठात बदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत, बुटबलबाट मिति २०७३।३।१६ मा भएको आदेश अ.बं. १७ नं. को उद्देश्य, मर्म एवम् प्रतिपादित सिद्धान्तसमेतको विपरीत देखिएकाले कायम रहन सक्ने नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट तत्कालीन पुनरावेदन अदालत, बुटवलबाट मिति २०७३।३।१६ मा भएको आदेश उत्प्रेषणको आदेशबाट बदर गरी दिएको छ। अब मुद्दाको नियमित प्रक्रिया अगाडि बढाई अविलम्ब मुद्दा टुङ्गो लगाउनु भनी नवलपरासी जिल्ला अदालत परासीको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत : शिवलाल पाण्डेय

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम्।

२

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७१-WO-०७२०, परमादेश, सुनिल रंजन सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

नेपालको संविधानले किसानको हक हित संरक्षण र संवर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउने, कृषिको व्यवसायीकरण औद्योगिककरण, विविधीकरण र आधुनिकरण गर्ने नीतिका अतिरिक्त कृषकको लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने भन्ने कृषिसम्बन्धी स्पष्ट नीतिको परिकल्पना गरेको देखिन्छ। कृषिसम्बन्धी विषय राज्यले अवलम्बन गर्ने नीतिहरू भित्र परे पनि सोको कार्यान्वयन सरकार संसद्सँग जोडिएको देखिन्छ। संविधानले परिकल्पना गरेका नीतिहरू संविधानको मर्मअनुरूप कार्यान्वयन गर्ने दायित्व विशेष गरेर सरकार र संसद्को देखिएकाले सो नीतिहरूको प्रभावकारी कार्यान्वयन सरकार र संसद्ले आफ्नो स्रोत, साधन, क्षमता, उपयोगिता, आवश्यकताका आधारमा विभिन्न माध्यमबाट गर्न सक्दछ, गर्नुपर्दछ। राज्यका नीतिहरू कार्यान्वयन गर्नका लागि कृषि आयोगको गठन नै समस्याको एक मात्र समाधान र उपचार पनि होइन, निवेदकले मधेसी आयोगसम्बन्धी कानून निर्माण र आयोग गठन गर्ने सम्बन्धमा ०६७-WO-०९२६ को रिट निवेदनमा परमादेश जारी भएको दृष्टान्त रिटमा उल्लेख गर्नु भए पनि सोको प्रसङ्ग प्रस्तुत रिट निवेदनमा मिल्न आउने देखिँदैन। मधेसी आयोगको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५४ मा र नेपालको संविधानको धारा २६२ मा मधेसी आयोग गठन गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको देखिन्छ। तर कृषि आयोग गठन गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको नदेखिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट नेपालको संविधानले उक्त विषयमा सम्बोधन गर्न सक्ने अवस्था रहेको देखिँदा प्रस्तुत रिट निवेदन जारी गरिरहन पर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

## इजलास नं. १६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०८२६, भ्रष्टाचार, नेपाल सरकार वि. भोगेन्द्रकुमारसमेत

भ्रष्टाचारजन्य कसुर स्थापित हुनका लागि प्रतिवादीले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याएको भन्ने कुरा प्रत्यक्ष, सार्थक र निश्चयात्मक प्रमाणबाट शङ्कारहित तवरले पुष्टि भएको हुनुपर्छ । प्रमाण ऐन, २०३१को दफा २५ को कानूनी व्यवस्थाअनुसार फौजदारी कसुर सम्बन्धमा अभियोजन पक्षले प्रतिवादीउपर लगाएको आरोपलाई शङ्कारहित तवरले पुष्टि गर्नुपर्छ । अभियोजन पक्षले लगाएको आरोप पुष्टि गर्ने क्रममा शङ्काको कुनै गुन्जायस रहनु हुँदैन। शङ्काको गुन्जायस उत्पन्न भएमा त्यसको फाइदा अभियुक्तले पाउँछ । उपरोक्तबमोजिम विद्यालयको अस्तित्व नरहेको वा कहिल्यै सञ्चालनमा नरहेको र काल्पनिक नामबाट कारवाही चलाएको भन्ने अवस्था देखिँदैन। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले दुरूपयोग गरिएको भनी आरोप लगाइएको रकम बेरूजु ठहर भई सरकारी खातामा जम्मा भएको अवस्था छ। यो अवस्थामा प्रतिवादीहरूले भ्रष्टाचारजन्य तवरबाट सरकारी रकम दुरूपयोग गरे भनी निश्चयात्मकरूपमा भन्न सकिने अवस्था देखिन नआउने।

अनुदानको रकम विभिन्न कार्यक्रममा खर्च गर्दा तोकिएको मापदण्ड वा नियमानुसार खर्च गरे नगरेको र नीतिगत कार्यमा उपयोग भए नभएको सम्बन्धमा छानबिन गरी नियमबमोजिम खर्च नभएको भनी बेरूजु कायम गरी जिल्ला शिक्षा कार्यालयलाई असुलउपर गर्न लगाउन पत्राचार गरेको देखिन्छ । सोअनुरूप जिल्ला शिक्षा कार्यालयले विवादित विद्यालयको रकम बेरूजु खातामा जम्मा गर्न गरेको ताकेताबमोजिम प्रतिवादीहरूले शिक्षा कार्यालयको नाउँमा रहेको बेरूजु खातामा जम्मा गरेको देखिन्छ । खर्च गर्न अख्तियार दिने निकायले खर्चसम्बन्धी मापदण्ड निर्माण गर्ने र सोबमोजिम खर्च गर्न अख्तियारी दिई मापदण्डअनुसार खर्च भए नभएको अनुगमन गरी मापदण्डअनुसार खर्च नभएको भए उक्त बेरूजु देखिएको रकम तालुकदार शिक्षा मन्त्रालयले असुलउपर गर्न गराउन पाउँदैन भन्नु न्यायोचित नदेखिने।

जिल्ला शिक्षा कार्यालयले अनुदान स्वरूप विद्यालयमा पठाएको रकम शिक्षा मन्त्रालयसमेतको निर्देशन र छानबिन समितिको निर्णयबमोजिम बैठकबाट असुलउपर गर्ने र झोले वा अनियमित विद्यालय बन्द गर्ने निर्णय भएबमोजिम जिल्ला शिक्षा कार्यालयले पटक पटक ताकेता गरी बेरूजु खातामा जम्मा गर्न भनेको र प्रतिवादीहरूले दुरूपयोग गरेको भनिएको सबै रकम बेरूजु खातामा जम्मा गरिसकेको देखिन्छ । त्यस्तै जिल्ला शिक्षा कार्यालय, धनुषाको मिति २०७१।०३।२६ को विद्यालय बन्द गर्ने विषयको पत्रबाट सो विद्यालय बन्द भएकोसमेत देखिन्छ। उपरोक्त अवस्थामा प्रतिवादीहरूले सरकारी रकम भ्रष्टाचारजन्य प्रकृतिबाट दुरूपयोग गरेको वा सरकारी रकम तिर्न बुझाउन बाँकी रहेको नदेखिएबाट प्रतिवादीहरूले भ्रष्टाचारजन्य कसुर गरे भनी भन्न मिल्ने नदेखिँदा प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी विशेष अदालतबाट मिति २०७२।०३।१४ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ २२ गते रोज २ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार

फैसला भएका छन्:

- ०७२-CR-०७०२, भ्रष्टाचार, नेपाल सरकार वि. राजेश्वर यादवसमेत
- ०७२-CR-०५७७, भ्रष्टाचार, नेपाल सरकार वि. हेमन्तकुमार सिंहसमेत

## इजलास नं. १७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-WO-०४४०, उत्प्रेषण, मनोजकुमार मण्डल वि. नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयस्थित पुनरावलोकन समितिसमेत

विद्युत् उपभोग गरेबापत महसुल असुल गर्न मिटर रिडिङसमेतको काम गर्ने मुख्य जिम्मेवारी भएका निवेदकले संस्थाको जिम्मेवार भई सुम्पिएको दायित्व निर्वाह गर्नुपर्नेमा उल्टै अनधिकृत तवरले रकम असुली गरी विद्युत् प्राधिकरणलाई नोक्सान र आफूलाई अवैध मुनाफा आर्जन गर्ने अनुचित कार्य गरेको पाइयो। यसका अतिरिक्त निवेदकलाई सेवाबाट हटाउने निर्णय मिति २०६९।८।१७ मा पुनरावलोकन समितिबाट सदर भएकोमा मिति २०७०।९।१२ मा अर्थात् करिब १ वर्ष पछि मात्र रिट निवेदक यस अदालतमा प्रवेश गरेको देखियो। विलम्ब गरी रिट निवेदन दायर गर्नुको उचित कारणसमेत निवेदकले खुलाउन सकेको नदेखिने।

निवेदकले आफ्नो कसुर स्वीकार गरी छानबिन समितिसमक्ष बयानसमेत गरेको परिप्रेक्ष्यमा निवेदकलाई सेवाबाट हटाउने गरी भएको निर्णयलाई अन्यथा भन्न मिलेन र निवेदक विलम्ब गरी अदालत, प्रवेश गरेको समेतका माथि विवेचित आधार कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल मङ्सिर २६ गते रोज १ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति